
ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३० औं वर्षमा

९८

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना–दोस्रो

**बुद्धनगर काठमाडौँ**

तपाईंसँग जाँगर छ, सीप सिक्ने चाहना छ भने यस परियोजनाबाट सञ्चालन हुने छोटो अवधिको निःशुल्क, सीपमूलक तालिममा सहभागी बनौँ, प्राविधिक सीप सिकौँ, रोजगार बनौँ, आम्दानी बढाऔँ, गरिबी हटाऔँ, देशलाई समृद्ध बनाऔँ ।

**जानकारीको लागि**

**फोन नं.** ०१–४७८६३११

**पैसा तिर्न नपर्ने टेलिफोन नं** १६६००१६७७७७

**वेबसाइट** : www.event.gov.np

# नवप्रज्ञापन

साहित्यिक पत्रिका

पूर्णाङ्क : ९८, कार्तिक–पौष २०७९

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल

**व्यवस्थापक**
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
डा. दामोदर पुडासैनी 'किशोर'
डा. विश्वम्बरकुमार शर्मा
डा. शालिकराम पौडेल
गोपाल अश्क
वसन्त रिजाल
विवेक वाइबा
भवानी तावा
माधव पोखरेल 'गोज्याङ्ग्रे'
टीकाराम उदासी
लक्ष्मीनारायण श्रेष्ठ
विनयराज गौतम
रामनिवास गुप्ता
रमेश कडेल
राम खनाल
ईश्वरराज ढुंगेल
रामबहादुर पहाडी
शीतल गिरी
एमडीआई हुसेन
जीवनाथ ढकाल

मूल्य : १००/-

कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
फोन नं.: ९८५५०२४९५५, काठमाडौं सम्पर्क : ९८६१८५०३९६
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. बलराम ढुंगाना, धादिङ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७ प्रतीक्षा रिजाल, बारा ।

# यहाँ धेरैथोक छ

नेपाली युवाहरूमा विदेशमोह बढी छ । यहाँ केही पनि छैन, जे छ उतै छ, तसर्थ उतै जानुपर्छ, भन्नेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । ती त्यहाँ सबै कुरा सहजरूपमा प्राप्त हुन्छ भन्ने सोच राख्छन् । तर यो विचारमा सत्यता छैन । त्यहाँ पनि अनगिन्ती दुख,अप्ठेरा र असजिलाहरू छन् । यो कुरा न उनीहरूले मनन गर्न सकिरहेका छन् न त हामीहरूले बुझाउन सकिरहेका छौँ । चुरो कुरो यही हो ।

उता जानखोज्ने र प्रेरित गर्नेहरूका मन–मस्तिष्कमा यो कुरा देखिँदैन । ती त्यता उज्यालो नै उज्यालो र यता अँध्यारो नै अँध्यारो छ भन्ने प्रचारप्रसार गरिरेका छन् । पेशा–व्यवसाय बनाएकाहरूले त आँखा चिम्लँदै पक्षमा वकालत गर्ने नै भए । विधिको विडम्बना वा भनौँ समयको खेल के हो कुन्नी, आजसम्म हामीरू के किन र कसरी ? भन्नेतिर पटक्कै जान सकिरहेका छैनौँ ।

हुन त यहाँ केही छैन, जे छ सबै उतै छ भन्ने अभिमत आज हैन हिजो–अस्ती देखिकै हो । अर्थात् हजुर बा र बाहरू कै पालोदेखिको हो । हाम्रा मस्तिष्कमा ती कसरी बसे र कसले बसायो यो बताउन कठीन छ । स्वार्थका लागि खास शक्तिले त्यसो भनेको हुनुपर्छ । हामी सोझा छौँ, यसैले कसैले स्वार्थले भनेका कुरा खुरूखुरू पत्यायौँ । कुनै रहस्य छ कि ? अहँ, कहिल्यै जाँचबुझ गरेनौँ ।

यो हाम्रो मूल कमजोरी हो । यसैमाथि टेकेर खेल्नेहरू उहिल्यैदेखि खेलिरहेका छन् । अत्तपत्तो नपाएका हामी चुपचाप मार खेपीरहेछौँ । जाँचबुझ र सोधखोजतिर गइरहेका छैनौँ । जसले जे भन्यो चुपचाप पत्याई रहेछौँ । दायाँबायाँ केही हेरिरहेका छैनौँ । यसैले पछि परेका हौँ र कारण सोझोपना हो ।

हामीसँग केही छैन भन्ने कुरामा न हिजो सत्यता थियो न त आज नै छ । सत्य कुरा के भने हामीले वरिपरिको परिवेश हेरिरहेका छैनौँ । छामीरहेका र बुझिरहेका छैनौँ । संसार हामीसँग धेरैथोक भएको भनिरहेको छ । तर हामी हामीसँग केही छैन भन्दै धमाधम देश छाडी रहेछौँ । केही गर्न नसके पनि यो मनस्थितिले देशलाई माया गर्नेहरूलाई अत्यन्तै दुःखी बनाइरहेको छ ।

अँ त, विदेश जाँदै नजाने भन्न खोजेको हैन, जान सकिन्छ । उहाँ पुगेर राम्रा–राम्रा काम गर्न सकिन्छ । सीप र क्षमता प्रदर्शन गरेर धन आर्जन गर्न सकिन्छ । यसले स्वदेशको सान र मान पनि बढ्छ । त्यहाँको सीप र प्रविधि यहाँ ल्याएर प्रयोग गर्न सकिन्छ । तर हाम्रो सोच यो दिशातिर अघि बढीरहे जस्तो देखिँदैन । हामी

देशमा केही छैनको रटान मात्र लगाइरहेका छौं । यसो भन्नु आफ्नो खुट्टामा आफै बञ्चरो हान्नु सरह हो ।

यहाँ सबैथोक नहोला, यो मान्न सकिन्छ । यो पनि सत्य हो कि संसारका कुनै पनि मुलुकमा सबथोक हुँदैन । सबै कुरा एउटै देशमा नहुन सक्छ यो अनौठो कुरा होइन । नभएका कुरा अन्यत्रबाट लिने र बढी भएका दिने प्रचलन संसार भर छ । यहाँ केही छैन भनिरहनुको सट्टा मैले के गरेँ राम्रो हुन्छ र गर्न सक्छु भन्नेतिर ध्यानु आवश्यक छ । के हामीले हाम्रा मनमा यस्तो सोचहरू उमारेका छौं त ?

निर्धक्क बनेर यसोचाहिँ भन्न सकिन्छ यहाँ केही पनि नगर्ने वा नकारात्मक सोच बोक्नेहरूका लागि यो देशमा केही छैन । सकारात्मक सोच राखेर आफू जन्मेको माटोको लागि केही गरौं र गर्नु मेरो पनि दायित्व हो भन्नेहरूका लागि धेरथोक छ । दुःखको कुरा, त्यसो भन्न हामी हिचकिचाई रहेका छौं । र भन्नेहरूलाई पनि निरूत्साहित बनाइरहेका छौं । कौवाले कान लग्यो भन्ने सुने पछि कान छाम्नुको सट्टा आकाशतिर हेर्दै दुगुरी रहेकाछौं ।

हिजो ५६ लाख जनसङ्ख्या हुँदा पनि यहाँ काम पाइदैन भनेर विदेशीनेहरूको सङ्ख्या सानो थिएन । ऐले त्यो सङ्ख्या तीन करोडको हाराहारी पुग्दा पनि उही बोली बिकिरहेछ । गन्तब्य फरक भएका छन् तर लोलीबोली उही उही छन् । हिजोको सोच र चिन्तनमा अलिकति पनि फेरबदल हुन सकिरहेको छैन ।

खै किन हो, यही देशमा बस्नुपर्छ, यही माटोको खनजोत र गोडमेल गर्नुपर्छ, यसलाई सुन्दर बनाए हामी खुसी र सुखी हुन सक्छौँ भन्ने पाठ पढाउन चासो दिइएको देखिँदैन । हाम्रा आँखामा अग्रजको नाममा दर्जहरूको मुखबाट यी वाणी विरलै सुन्न पाइन्छन् । सुनिए पनि तिनीहरू भित्री र बाहिरी कुराहरू गर्छन् । देखाउने र गर्ने व्यवहार अलग अलग हुन्छन् । सन्तान बाहिर पठाउने अभिभावकको शान–मान बेग्लै पाइन्छ । किँञ्चित भाव देख्न सकिँदैन । प्रफुल्ल र उत्साहित भावले प्रस्तुत हुन्छन् ।

माथिका यी सन्दर्भहरूबाट के पुष्टि हुन्छ भने हामी आवश्यक मात्रामा गम्भीर छैनौं । अल्ली बढी हल्लाको पछि पछि कुद्छौं । सत्य के हो त ? खोजी गर्नेतिर कमै लाग्छौं । यहाँ केही छैन भन्नुको अर्थ आफैँलाई विश्वास गरिरहेका छैनौं भन्नु हो । यो सोच किमार्थ उपयुक्त हैन । अगाडिको बाटो पनि देखाउँदैन । यसले त परायको पछि लाग्न सिकाउँछ । यस्तो सोच र चिन्तन कुनै हालतमा सकारात्मक वा अग्रगामी हुन सक्दैन ।

हामीसँग सबैथोक छ, नभएको त यही माटोमा केही गरौं र गर्न सकिन्छ भन्ने सोच मात्र हो । हामीले सबैभन्दा पहिले हेर्ने आफैँलाई हो । आफूसँग के छ त्यसैको बढी उपयोग गर्नुपर्छ । आफ्नै तागतले हिँड्नुपर्छ । यो समय आइसकेको छ । ढिला गरिरहनु हुँदैन । बुझ्दै नबुझी केही छैन भनेर राख्ने गरिएको भाव त्याग्नुपर्छ । हिजो जे भयो छाडौं, अब यही देशमा बसेर केही न केही गरौं यसैमा तपाई हाम्रो कल्याण र भविष्य छ ।

# पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरूषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्याग्दीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नः लि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौँ कन्हय, नवमाधुरी र सचेतना आदि ।

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३० वर्ष लाग्यो । देश विदेश जहाँ रहनु भएको भए पनि के तपाई नप्रज्ञापन पढ्न चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने तपाईहरूको सेवामा हाजिर छ ।**

## वेबसाइट

# www.nabapragyapan.com.np

**पुराना अंकहरू पनि FDF मा उपलब्ध छ ।**

# रचनाक्रम


- **संस्मरण/नियात्रा**
  - वासुदेव गुरागाईं/७
  - पवन आलोक/१७
- **लेख/निबन्ध**
  - माधव काफ्ले/२०
  - शीतल गिरी/२५
  - गोपाल फ्युबा तामाङ/३०
- **लघुकथा**
  - विजयकिशोर पाण्डे/३७
- **कविता/गजल/मुक्तक/गीत/हाइकु**
  - डा. श्याम भट्टराई/२४
  - गोविन्द प्रसाद घिमिरे 'वेदमणि'/३८
  - वेदप्रसाद रिजाल/३९
  - डा.कृष्ण सुवेदी (भारद्वाजमित्र)/४०
  - रविमान लमजेल/४१
  - मधुर भट्टराई/४२
  - शैलेन्दुप्रकाश नेपाल/४३
  - विनोद नेपाल/४४
  - लीलाराज दाहाल/४४
  - डा गोविन्द आचार्य/४५
  - गोपाल अश्क/४६
  - डा. दामोदर पुडासैनी 'किशोर'/४७
  - विजयराज न्यौपाने/४८
  - खोलाघरे साहिंलो/४९
  - केदारप्रसाद रेग्मी/५०
  - खिमानन्द पोखरेल/५१
- **समीक्षा/कृतिपरिक्रमा**
  - विजय हितान/५२
  - बोमबहादुर खड्का/६३
  - प्रतीक्षा रिजाल/७३
  - प्रदीप सापकोटा/७५
  - बाबुराम पोखरेल/७७

# गढीयात्रामा मकवानपुरगढी



• वासुदेव गुरागाईं

**प्रसङ्गको सुरुआत**

अचम्मको छ हाम्रो नेपाल । कतै डाँडाहरू एक आपसमा हेराहेर गरेर हाँसिरहेका हुन्छन् त कतै हिमालहरू त्यसरी नै आपसी मिलन र कानेखुसीमा नारिएर गफिइरहेका हुन्छन् । पहाड र हिमाल मात्र नभएर कतिपय ठाउँमा तराईका समथर फाँटहरू पनि आपसमा अनेकौं तर्कबितर्क गरिरहेका हुन्छन् । भूगोलअनुसार अनौठो छ यिनको प्राकृतिक लीला । अनौठो छ आपसी व्यवहार र मित्रता । अनि, त्यत्तिकै अनौठो छ यिनको गायकी र नायकी पनि ।

चार दशकभन्दा बढी भइसकेछ मकवानपुरसँग भावनात्मक र शारीरिक सम्बन्ध गाँसिएको मेरो । उसो त दश कक्षा पढ्दै गर्दा पनि इतिहासका पानामा निकै पढिएको थियो यसलाई । यहाँको रोचक र महत्वपूर्ण इतिहास पुस्तकका पानामा पढ्दा त्यतिखेरै पनि विषयमा निकै चासो जागेको थियो । त्यसमाथि पनि निकै सुनिएको मकवानपुरगढीका विषयमा जान्न र हेर्न मेरो मन जतिखेर पनि तुलबुलिन्थ्यो । तैपनि मकवानपुरगढी टेक्ने मौका मिलाउन सकिरहेको थिइन । लेखेको पाइन्छ, देखेको पाइन्न भन्थे बूढापाकाहरू । मेरा हकमा पनि लागू भइरहेको थियो । यही सम्झेर पटकपटक चित्त बुझाउन बाध्य हुन्थैं र बुझाइरहेथैं पनि ।

**आपसी सरसल्लाह**

वि. सं. २०७९ वैशाख ३ गते एकाएक हाम्रो कार्यक्रम बन्यो मकवानपुरगढी घुम्न जाने । यो बाग्मती प्रदेशको मात्र नभएर नेपालकै एउटा ठूलो गढी हो । साह्रै टाढाको भूगोल पनि हैन, न त दुर्गम भूगोलमा पर्दछ । तैपनि मेरा लागि युरोप अमेरिकाभन्दा पनि टाढा भइरहेथ्यो । हामी सात दाजुभाइका एघार छोराहरूमध्ये एघार नम्बरकै छोरो (भतिज) प्रभात गुरागाईंको वैवाहिक कार्यक्रममा सहभागी हुन पुगेका थियौं हेटौंडा । वैशाख २ गते साँझ दुलही भित्र्याएपछि भोलिपल्ट दिनभरको समय उपयोगको बाटो पर्खेर हामीलाई नियालिरहेथ्यो यो स्थान । नातिनातिनीहरू प्रबोध, आर्या, प्रदीप्ति र आरम्भ घुमफिर गर्नमा निकै उत्सुक र आतुर भए पनि हामीले जसो भन्यो त्यसै मान्न बाध्य हुन्थे । किनकि, घुमफिर गर्न पाउने उनीहरूको मौलिक हक र स्वतन्त्रता हाम्रा हातमा सीमित थियो । हामी सल्लाहमा जुट्यौं जाने र नजानेमा । गए कतिखेर जाने र कहाँ

कहाँ जाने । छोरी ज्वाइँहरू ध्रुवप्रसाद अधिकारी र वसन्त ढकाल तथा छोरीहरू प्रभा, प्रतिभा र म समेत पाँच जनाका बिचमा मतैक्यताको खोजी छलफलको विषय बन्यो । बिहान साढे छ बजेतिरबाट सुरू भएको वार्ता भन्डै आधाघण्टाको छलफलपछि बिहानै जानेमा टुङ्गियो । हाम्रा निर्णयले भुराभुरी नाच्न थाले घुम्न जान पाइयो भनेर । म रमाउन थालेँ । समग्रमा ज्वाइँ छोरीलगायत सबै रमायौँ नौलो ठाउँको यात्रा प्रसङ्गले ।

**यात्राको सुरुआत**

वसन्त ऋृतुको बिहानको पारिलो घाम । भित्री मधेशको सुन्दर सहर हेटौँडा । यो मुलुक सङ्घियतामा गएपछि बनेको बाग्मती प्रदेशको प्रदेश राजधानी हो । बिहानको चियापानीको मेसो भाइ मधुसूदनको घरमा सकेर निस्कने तरखरमा लाग्यौँ । एउटा गाडी र मोटरसाइकल हामी बोक्न तयार भएर बसिरहेका थिए । हामी ती सवारी साधनको इच्छा पूरा गर्न बिनाहिच्किचाहट चढ्यौँ तिनैमाथि । घुइँकिए तिनीहरू हामीलाई बोकेर । हेटौँडा बजारबाट पूर्वतर्फ सोह्र किलोमिटर यात्रा तय गर्नु थियो मकवानपुरगढीसम्म पुग्न । रात्रीकालीन बासस्थान भैरवरोडबाट उत्तरतर्फ हानिएर मूल सडक भेटिनासाथ गढीलाई गन्तव्य बनाएर सोझै पूर्वतर्फ मोडियौँ । सानुपोखरा, कमलडाँडा, पिप्ले, माछापोखरी, चिसापानी, चौघडा हुँदै खुवाको राजधानी चुच्चेखोला पुगेर बायाँ मोडियौँ । चुच्चेखोलासम्म तेर्सिएको सडक बायाँ मोडिएपछि केही उकालिन थाल्यो । बिस्तारबिस्तार उकालिन थाल्यौँ भिरको परवाह नगरी पहाडका शिरतिर । अलिकति माथि उक्लेपछि त्यहाँको प्रसिद्ध राजदेवी मन्दिरतिर जाने दायाँतर्फको सडकलाई दायाँतर्फ नै छोडेर बायाँतर्फ अझै उकालियौँ ।

सडक कतै पिच कतै ढुङ्ग्यान । कतै सलल त कतै उबडखाबड । हेटौँडाबाट निकै छोटो दूरीमा काठमाडौँ छिचोल्ने भनिएको कान्तिराजपथ हो यो । चार पाँच वर्ष अगाडि नै अब खुल्योखुल्यो भनेको सडक अझै चारपाँच वर्षपछि मात्र पूर्णरूपमा आवागमन सुचारू हुने तरखरमा छ । कारण सडकले कतै पिच पाएका छैनन्, कतै खोलाले पुल । भनाइ र गराइमा तालमेल पाउन निकै कठिन छ । कारण कसैलाई थाहा छैन । तर, काम गराइको तौरतरिका र संस्कृति यस्तै छ । यो सडकले मात्र यस्तो दुर्दशा बेहोरेको हैन, यस्तो दुर्दशा बेहोर्ने थुप्रै आयोजना छन् हामी कहाँ ।

गढी पुग्नै लाग्दा मसिना भुराहरूले गाडीबाट ओर्लेर छेउछाउका हरिया जङ्गल नियाल्ने इच्छा राखे । रोकियौँ । दश पन्ध्र मिनेट अलमलिए उनीहरू । पुस्तकका पानामा पढेका सालका रूखहरू हरिया पातको शृङ्गारमा सजिएर आफ्नो काँचुली फेर्दै थिए । निकै मनोरम देखिन्थ्यो यो दृश्य । काठमाडौँबाट गएका बच्चाहरूका लागि त साह्रै नै अनुपम थियो यहाँको सडक, भिरपाखा र लहलहाउँदा हरियाली र वृक्षको परिवेश ।

**पर्खाइको गढी मकवानपुरगढी**

हाम्रो सवारी साधनले गढीको फेदी चुम्यो । चहकिलो र त्यत्तिकै पारिलो घाम । सिरसिर बतास । वसन्त ऋतुको सुन्दर बिहानी । चारैतिर पटकपटक नियालिरहुँभैँ लाग्ने मनोरम दृश्य । चुनावी भेलाजस्तो पहाडहरूको बाक्लो जमघट । जता नियाले पनि

पहाडै पहाड तर सुन्दर । समाजको यथार्थजस्तो कोही टाक्सिएका कोही उक्सिएका । हैसियत समान भएर पनि प्रकृतिले केही पक्षपात गरेजस्तो ।

झन्डै दुइ सय हाराहारी, नातिनी आर्या भन्दै थिइन् उनको गनाइमा एक सय अठहत्तर खुट्किला छ यहाँको, उकाले खुट्किला पार गर्छु भन्दै नाति प्रबोध दायाँ बायाँ नहेरी मस्तले दौडियो । दौडियो मात्र हैन, खुट्किला पार गरिसकेपछि तेर्सोमा पुगेर पछारियो पनि । सल्लोका पातहरू झरेका ठाउँमा चिप्लिइन्छ भन्ने उसलाई के थाहा । अब ऊ कहिल्यै दौडिने छैन यसरी असरल्ल सल्लोका पात बर्सेका ठाउँमा । एउटा ज्ञान प्राप्त गऱ्यो गोडामा अलिकति पीडा समेत दिलाएर । जिन्दगी यस्तै अनुभूतिहरूको सँगालो न हो सबैको ।

सहर बन्ने धुन चढिसकेको रहेछ मकवानपुरगढीलाई । मेरो पहिलो अनुभूति । कारण यत्रतत्र सर्वत्र प्लास्टिक तथा अन्य फोहरका दृश्य बिस्तारबिस्तार घिनलाग्दो गरी पसारिने अनुमति दिइसकेको रहेछ उसले । स्थानीय व्यक्तिहरू मात्र नभएर सरकार पनि त्यसैमा रमाइरहेको रहेछ । 'माल पाएर के गर्नू चाल पाउनुपर्छ' भन्ने नेपाली आहान खुसुक्क मेरो संस्मरणमा आयो । पहिलो हेराइमै स्थानीय सरकार वा अरू जो कोही स्थानीयबाट गर्न सकिने कुरा पनि नगरिएर बेवारिस हुँदै गइरहेजस्तो लाग्यो मकवानपुरगढी । तात्पर्य पाउनुपर्ने जति प्राथमिकता नपाएझैँ लाग्यो । गढीभित्र राम्रा अक्षरमा लेखिएको एउटा बोर्ड यी सबै अवस्थालाई गिज्याएझैँ गरी भनिरहेथ्यो 'हाम्रो गढी राम्रो गढी, सफा राखौँ सधैँभरि ।'

**दृश्य परिवेश**

साह्रै सुन्दर परिवेश । मन हाँस्यो । आँखा रमायो । कताकता उडूँउडूँ जस्तो असम्भव अनुभूति पनि मनमा पलायो । पुलकित भएँ । मन चञ्चलियो । म मात्र हैन, टोलीमा संलग्न सबै आह्लादित भए यहाँको दृश्यले । नहोस् पनि किन



**मकवानपुर गढी र त्यसको टुप्पामा बाख्रा चरिरहेका दृश्य**

! सबै किसिमका रूख बिरूवाले पालुवा हाल्ने, फूलले फक्रने, सालदेखि सल्लोसम्मका सबै वृक्षले हरियो पोशाक पहिरिने समय । यो समय नै त्यस्तै थियो । हामी सरासर गढी प्रवेशका लागि मूलद्वारतिर हानियौँ । खुलै थियो आकर्षक द्वार । गढीभित्रको चउरलाई पुग्ने किसिमले छरिएका बाख्राका बड्कौँला । जतिखेर हामी त्यहाँ पुग्यौँ, त्यतिखेर थुप्रै बाख्रा चरिरहेथे त्यहाँ ।

कुनै बेला विश्व प्रसिद्ध नेपाली वीर योद्धाहरू नाच्ने गढीमा यतिखेर बाख्रा नाचिरहेछन् । तोप, बम, बारूद र सामरिक महत्वका अन्य वस्तु थुपारिने ठाउँमा अहिले बड्कौँलाको बिगबिगी छ । अन्यथा लिइन मैले यो कुरालाई । सबै कुरो समयको खेल न हो ।

कुरो बुझ्दै जाँदा वि. सं. २०५८ सालसम्म नेपाली सेनाको सानो टुकडी बस्थ्यो । सुपारेटार ब्यारेकको आलोपालो खटनबाट सुरक्षा व्यवस्था चलेको थियो । साङ्केतिक रूपमा तोपलगायतका वस्तु यहाँ देखिन्थे । वि. सं. २०५८ पछि जब सेना यहाँबाट हट्यो तब यी कुरा इतिहासका पानामा सीमित भए । खाली चउरमा स्वाभाविक रूपमा निर्धक्कसँग बाख्राले प्रवेश पाए । गढीभित्रको गढी दरबार निन्याउरो मुख लगाएर घोत्लिरहेछ, पुनर्निर्माणको पर्खाइमा । माटोमा मिलेको सुर्खेतस्थित काँक्रेबिहार अहिले कति लोभलाग्दो गरेर पुनर्निर्माण भएको छ । आकर्षणको केन्द्र बनेको छ । निराशा निम्त्याउनु हुन्न, यस्तो दिन यस गढीको पनि पक्कै आउने छ ।

**वंशगोपाल मन्दिर र पुजारीसँग कुराकानी**

फलामे साङ्लाले बाँधिएको कृष्णजीको मूर्तिका विषयमा मैले पहिला नै सुनेको थिएँ । आज प्रत्यक्ष नियाल्ने अवसर पाएको छु । फाट्टफुट्ट घुम्न आएका अरू दर्शनार्थी पनि देखिए । जातिगत हिसाबले मगरजस्ता देखिने एक व्यक्तिलाई मैले पुजारी हुन् कि भन्ने अनुमान लगाएँ र सोधेँ 'तपाईं यहाँको पुजारी हो ?' उनले सकारात्मक टाउको हल्लाए । मैले थप जिज्ञासा राखेँ यहाँको पुजारी मगरहरू हो ?' यस पटक भने उनले नकारात्मक टाउको हल्लाए र भने – 'हैन । यहाँको पुजारी तामाङ हो ।' मैले उनको नाम जान्न चाहेँ र सोधेँ – 'तपाईंको नाम ?' 'मेरो नाम पाल्देन दोर्जे हो ?' उनले जवाफमा भने । मैले थप जान्न चाहेँ र सोधेँ – 'तपाईं के थरको तामाङ ?' उनले भने – 'लो ।' मैले यतिविधि किन खोतलेँ भने म पनि तामाङहरू समेतको साझा बस्तीमा जन्मेको मान्छे थिएँ । तामाङका थरहरूमध्ये आठ दश थर म अहिले पनि सरररर् भन्न सक्छु । त्यसैले मैले यो जिज्ञासा राखेको थिएँ, अरू कुनै कारणले हैन । बरू, अर्को छुट्टै प्रसङ्गवश मैले सोद्धा उनले भनेका थिए – 'यहाँ तामाङहरूकै बस्ती बढी छ ।'

कुराकानीका क्रममा पुरातत्व विभागको हवाला दिँदै भने – नेपालमा झन्डै दुइ सयको हाराहारीमा गढीहरू छन् । त्यसमध्ये सबैभन्दा ठुलो गढी यही मकवानपुरगढी हो । अहिले यस्तो अवस्थामा भए पनि मैले सुनेसम्म सामरिक महत्वका हिसाबले महत्वपूर्ण ठाउँ थियो यो उहिले ।

गढीभित्रको गहना हो वंशगोपाल मन्दिर । द्वापरका धर्म नायक अद्भूत लीलामयी श्री कृष्णजीको मन्दिर हो यो । यहाँ पाँच फिट अग्लो कृष्णको उभिएको मूर्ति छ । कृष्णजीको उभिएको



**वंशगोपाल मन्दिर जहाँ वंशगोपाल (कृष्णजी) लाई साङ्‌गलोले बाँधिएको छ**

मूर्तिमा यो नै सबैभन्दा अग्लो मूर्ति हो ।

वि. सं. २०६३ मा यस मूर्तिको घाँटीभन्दा माथिको भाग चोरी भयो । पछि वि. सं. २०६४ मा मूर्तिमा पुनः टाउकोको भाग जोडियो । पछिल्लो चौध वर्षदेखि यहाँ रहँदै र यसको रेखदेख गर्दै आएको छु ।

उनको यो बकाइपछि जिज्ञासा राखेँ 'तपाईंलाई यो काम गरे वापतको पारिश्रमिक कसले दिन्छ ? गाउँपालिका वा अन्य कुनै गैरसरकारी संघसंस्था वा पुरातत्व विभागले ?' 'त्यस्तो केही पनि छैन । गाउँपालिका र अरू सबैले पछि राम्रो हुन्छ 'बस्' भने । बसेँ । अहिलेसम्म केही भएको छैन तर पनि बसिरहेछु । पछि केही हुन्छ कि !' उनले भने ।

उनको यस कुरा चित्त बुझेन र फेरि खोत्र्याएँ । 'अनि तपाईंको गुजारा कसरी चल्छ त !? घर परिवार पनि होलान् ।'

'दान बाकस बाहेक यो मन्दिरमा चढाएको भेटी मेरो हुन्छ । महिनाको आठ दश हजार भेटी चढ्छ । आमा, म र श्रीमती मात्र हौँ घरमा । नजिकै छ । जसोतसो चलेकै छ ।'

**जानकारीमूलक ब्रोसर आदिको खोजी**

वंशगोपाल मन्दिरमा पुजारी पाल्देनसँग मैले यो क्षेत्रलाई चिनाउने केही ब्रोसर वा अन्य केही सामग्री गाउँपालिका वा अरू कसैले छापेका छैनन् ? कुराकानीका क्रममा सोधेँ । उनले त्यस्तो काम नभएको जानकारी दिए । भएको भए यस विषयमा गाउँपालिकाले अवश्य नै जानकारी दिन्थ्यो होला ।

मकवानपुर गढीका विषयमा 'ऐतिहासिक मकवानपुरगढीको संक्षिप्त परिचय' भनेर लेखिएको एउटा स्टान्ड बोर्ड उभिइरहेको थियो त्यहाँ । पुरातत्व विभागले राखेको त्यस बोर्डमा लेखिएको थियो –

*'मकवानपुर राज्य :*

१. मकवानपुरगढी दरबार हेटौँडादेखि १६ कि. मि. पूर्व कान्तिराजपथ सडकसँगै समुद्री सतहदेखि १०१७ मि. उचाइको पहाडी थुम्कोमा अवस्थित छ । सेन वंशका राजाहरूले १३ औँ

शताब्दीको सुरूतिर यहाँ शासन गरेको इतिहास पाइन्छ । सेन वंशका प्रतापी राजा मुकुन्दसेन कै नामबाट मुकुन्दपुर, माकन्दपुर, मुकुनपुरको अपभ्रंश हुँदै मकवानपुर नामकरण भएको हो भन्ने जनविश्वास रहेको छ । सेन वंशका लोहाङ्गसेनदेखि अन्तिम राजा दिग्बन्धन सेनसम्मका राजाहरूले करिब ३०० वर्षसम्म मकवानपुरगढीलाई राजधानी बनाई राज्य गरेका थिए ।

२. मकवानपुरगढी राजा तुलासेनको राज्यकालमा निर्माण गरिएको विश्वास गरिन्छ । गढीको तीनवटा भाग रहेका छन्; ठूलोगढी, सानोगढी र ढुङ्गेगढी । ठूलोगढीमा दुई/दुईवटा दरबार, मन्दिर तथा पानी ट्याङ्कीहरू रहेका छन् भने ठूलोगढीको दक्षिण/पश्चिममा करिब ३०० मिटरको दूरीमा सानोगढी र २ कि. मि. उत्तरपूर्वमा ढुङ्गेगढी रहेका छन् ।

*मकवानपुर राज्यको एकीकरण :*

३. पृथ्वीनारायण शाहले एकीकरणको दौरान उपत्यका विजय प्राप्त गर्न मकवानपुर राज्यको एकीकरण अत्यावश्यक ठानी वि. सं. १८१९ भदौ ... गते (ई. सं. १७६२ अगष्ट २१) को बिहानैबाट हमला गरी करिब आठ घण्टाको लडाईं पश्चात मकवानपुरगढीमा विजय प्राप्त गरेका थिए । तत्पश्चात मकवानपुरगढीबाट पूर्वमा रहेको हरिहरपुरगढीमा गोर्खाली फौजले ४ अक्टोबर १७६२ का दिन कब्जा गरे पश्चात मकवानपुर राज्यको अन्त भएको थियो ।

*गोर्खाली फौज र वंगालका नबाब मिर कासिमका फौजबीच भएको युद्ध :*

४. मकवानपुर राज्यको पराजयपछि राजा दिग्बन्धन सेनको सहयोगार्थ गुरगिन खाँको नेतृत्वमा आएका करिब २५०० (पच्चिस सय) मुगल सेनाका फौजलाई गोर्खाली सेनाले वि. सं. १८१९ माघ १० गते परास्त गरेका थिए । उक्त लडाइँमा मुगलका करिब १७०० (सत्र सय) फौज र गोर्खाली फौजतर्फ करिब ३० (तिस) जना मृत्यु भएको र करिब ५०० बन्दुक र दुई थान तोप हात पारेका थिए । उक्त लडाइँको सम्झनामा मकवानपुरगढी दरबारमा हरेक वर्ष माघ १० गते विजय उत्सव मनाउने गरिएको छ ।

*नेपाल अंग्रेज युद्ध (वि.सं. १८७१-१८७३) :*

५. ई. सं. १८१४ देखि १८१६ सम्म भएको नेपाल अंग्रेज युद्धको समयमा अंग्रेज फौजले मकवानपुरगढीमा हमला गरेका थिए । सुगौली सन्धीको हस्ताक्षर गर्न नेपाल पक्षबाट भएको ढिलाइको कारण पुनः अंग्रेजहरू असन्तुष्ट भई जनरल अक्टरलोनीको नेतृत्वमा दोस्रो पटक तराई हुँदै मकवानपुरगढीमा हमला गरेका थिए तथापि गढीलाई भने कब्जा गर्न सकेका थिएनन् ।

६. मकवानपुरगढीले एकीकरण अभियानलाई साकार पार्न तथा विदेशी सेनाहरूलाई धपाई देशलाई जोगाउन तथा नेपाललाई स्वाधीन राष्ट्रको रूपमा विश्व सामु उभ्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।

**छिमेकी गढी – सानो गढी र ढुङ्गे गढी**

गढीका रखवारीकर्ता पाल्देन दोर्जे भन्दै थिए यसभन्दा उत्तर/पश्चिमतर्फ करिब पाँच/सात मिनेट जतिको पैदल हिँडाइमा सानो गढी नामको अर्को गढी छ । जहाँ पहिला पहिला सेनाको अनेकौं परेड र तालिम हुन्थ्यो । यस्तो प्रकृतिको कार्यक्रम यहाँ अहिले पनि यदाकदा हुन्छ ।

भातको भकुन्डो खाली भइसकेका कारण हामीले सानो गढी नजाने निधो गर्‍यौँ । यो भकुन्डो भर्ने सिलसिलामा अघि बढ्यौँ गढीको पूर्वतर्फ रहेको दरबार होटलतिर । आग्रह गरेपछि मात्र खाना बन्ने । त्यसै गर्‍यौँ । पर्खियौँ केही समय । भुराहरू सबैले खाली समयको भरपुर आनन्द लिए । रमाए । नाचे । प्रफुल्लित भए । कहाँको काठमाडौँभित्रको सधैँको तुवाँलोयुक्त दिक्क लाग्दो वातावरण, कहाँको यो मनोरम खुला हरियाली परिवेश ! मैले यतिखेर काठमाडौँमा कोठा कुरेर बसेकी प्रेयसी सीता र हातमुख जोड्न ट्रेकिङ व्यवसायमा दौडिरहेको छोरो प्रदीपलाई एकसाथ सम्झेँ । उनीहरू यतिखेर हाम्रो साथमा भइदिएका भए यो हाम्रो पूरै पारिवारिक भ्रमण हुन्थ्यो । सम्झनाबाहेक भौतिक उपस्थितिमा सम्भव भएन त्यो यतिखेर ।

भातको भकुन्डो भाडाको भातले भरेपछि हामी हानियौँ त्यहाँबाट पनि अझै पूर्वतर्फ रहेको तेस्रो गढी ढुङ्गेगढीतिर । जहाँ काली मन्दिर पनि छ भन्ने कुरा हामीलाई कसैले बताएका थिए जानुअघि । ठुलोगढीबाट दुइ किलो मिटर भनिए पनि घुम्ती सडक लामै जस्तो लागिरहेथ्यो । मूल सडकको साथ छोडेर अझै केही किलो मिटर कच्ची बाटो उकालिनु पर्ने । मोटर बाइक बाहेकको सवारी साधन मूल सडकमै विश्राममा राखेर हामी अघि बढ्यौँ ढुङ्गेगढीतिर । नातिनीहरू आर्या र प्रदीप्ति तथा नाति आरम्भलाई ज्वाइँ वसन्तले बाइकमा झुन्ड्याएर लग्नुभयो । हिँड्नेमा पर्‍यौँ ज्वाइँ ध्रुव, छोरीहरू प्रभा र प्रतिभा, नाति प्रबोध र म । चौध वर्षदेखि चौसट्ठी वर्ष उमेरसम्मका सडक यात्री ।

सडकमा हिँडेका मान्छेको समेत वास्ता नगरी निकै चर्केको थियो घाम । प्रचण्ड गर्मी । पिउने पानीको अभाव । उकालो आधाआधी नहुँदै छोरी प्रतिभा म त हिँड्न सक्तिन भनेर आत्मसमर्पण गर्दै थिइन् । हामीले अब त्यहीँ त हो नि, त्यहीँ त हो नि, आउनै लाग्यो भन्दै अलिक माथिसम्म लग्यौँ । हिँड्ने मान्छेलाई अघि लागेर खेद्नुपर्छ भन्ने सुनेका थियौँ । त्यसैले आपसी सल्लाहमा अगाडियौँ ज्वाइँ ध्रुव, नाति प्रबोध र म । हाम्रो सूत्रले खासै काम गरेन । अलिकति माथि समथरमा गएर एकछिन के रोकिएका मात्र थियौँ छोरी प्रभाले बोलाएर बहिनी त आउन सकिन । सडकमै आत्म समर्पण गरेर बसी भनेर जानकारी दिइन् । हामी अलमलियौँ । अब हिँड्नुपर्ने सडक करिबकरिब दश मिनेट जति तेर्सो मात्र थियो तैपनि परिस्थिति अनुकूल भएन । ज्वाइँ वसन्तलाई फोन गर्‍यौँ । फोन लागेन । टेलिफोनको टावर टिपेन त्यहाँ । जति प्रयास गरे पनि भएन । अलिक तल ओर्ल्यौँ र सम्पर्कको प्रयास गर्न थाल्यौँ । यसअघि नै छोरी प्रतिभाले फोन गरेर फर्किन अनुरोध गरिसकेकी रहिछन् । अब हामीले थप प्रयास गर्नु परेन ।

हामी ओरालो लाग्यौँ । केही बेरमै पछिल्लो टोलीले भेट्टायो हामीलाई । मूल सडकमा ओर्लेपछि यदाकदा ऐँसेलुका बोट देखिए । भुराहरूलाई ती बोटको चिनारी गरायौँ र केही दाना ऐँसेलु टिपेर चखायौँ पनि । ऐँसेलुका बोट र फल देखेर दङ्ग परे उनीहरू । उनीहरूको दङ्गले हामी पनि गद्गद भयौँ । अन्ततः ढुङ्गेगढी पुग्ने अभीष्ट सडकमै तुहाएर हामी फर्कियौँ ठुलोगढी मकवानपुरगढीतर्फकै सडकलाई गन्तव्य बनाएर ।

**फेसबुकमा चढेको फोटोको प्रभाव र प्रतिक्रिया**

काठमाडौँ रहँदा बस्दा म कहिलेकाहीँ जानीनजानी आधुनिक प्रविधिमा आधारित सामाजिक सञ्जाल पनि चलाउने गर्छु । यसै क्रममा काठमाडौँ फर्केपछि मैले वंशगोपाल मन्दिरका पुजारी पाल्देन दोर्जेसँग कुराकानी हुँदै गरेको फोटो थोरै भाषासहित पोस्ट गरेँ, जुन फोटो मलाई थाहा नदिईकनै छोरी प्रतिभाले त्यतिखेरै खिचेकी रहिछन् । फोटो विषयसँग सान्दर्भिक र व्यावसायिक फोटोग्राफरले खिचेजस्तै थियो ।

त्यो फोटोको पोस्टपछि कुनै बेला नेपालकै प्रसिद्ध पत्रिका समीक्षामा 'मुसुक्क', विमर्शमा 'लाटोबुङ्गोको डायरी', पर्साको वीरगञ्जबाट प्रकाशित हुने अङ्कुशमा 'आचार्यको अचार' र प्रतीकलगायतका अन्य विभिन्न पत्रपत्रिकामा विभिन्न शीर्षकमा हास्यव्यङ्ग्य विधामा नियमित कलम चलाउनु हुने वरिष्ठ हास्यव्यङ्ग्यकार मुकुन्द आचार्यले एउटा जानकारीमूलक प्रतिक्रिया लेखिपठाउनु भयो । प्रतिक्रियाको भाषा यस्तो थियो – "मेरो जन्मथलोमा पुग्नुभएछ । मैले पहिलो पटक बोलेको देखेको ठाउँ मकवानपुरगढी नै हो । मेरा आदरणीय हजुरबुवा र हजुरआमा स्वर्गीय नीरनाथ खतिवडा, एकमाया देवी खतिवडा, जेठा मामा विश्वनाथ खतिवडा, माहिला मामा केदारनाथ खतिवडा र कान्छा मामा श्री बद्रि प्रसाद खतिवडा सपरिवार त्यहीँ बस्नुहुन्थ्यो । त्यहीँ मावलीमा वि. सं. २००१ साल चैत्र ६ गते सोमबारका दिन मैले अवतार लिएँ ।"

यो प्रतिक्रिया पढेपछि मलाई असाध्यै खुसी लाग्यो । यो उहाँको जन्मभूमिप्रतिको अगाध आस्था र ममताको प्रतीक थियो । जुन गढीको नाम सुन्नेबित्तिकै उहाँले आफ्नो विगत आफ्नै मनका आँखामा उतार्नु



**पङ्क्तिकार (बायाँबाट दोस्रो) वंशगोपाल मन्दिरका पुजारी (दायाँतर्फ हाफ पाइन्टमा) सँग कुराकानी गर्दै**

भयो । एकछिन मनमै खेलाउनु भयो र आफूमा मात्र सीमित राख्न उचित नलागेर मलाई सम्प्रेषण गर्नु भयो । मैले पोस्टको फोटोको प्रभावका विषयमा विश्लेषण गरेँ । खुसी लाग्यो । अनि, उहाँलाई फोन लगाएँ ।

उहाँ भन्दै हुनुहुन्थ्यो – 'हो, म त्यहीँ जन्मेहुर्केको । मेरो मावली घर मात्र नभएर त्यो मेरो जन्मभूमि पनि हो । ठुलो गढी र सानो गढीको बिच भागतिर पर्थ्यो मेरो मामाघर । आमा माइतैमा हुँदा म त्यहाँ जन्मेको । हाम्रो घर बारा जिल्लाको कलैयादेखि केही पूर्वतर्फ रहेको रामपुर हो । त्यतिखेर हेटौँडा आउन जान अहिलेजस्तो सहज थिएन । रामपुरबाट कलैया हुँदै वीरगञ्ज निस्केपछि अमलेखगञ्जसम्म चल्ने सानो रेल पाइन्थ्यो । वीरगञ्जबाट अमलेखगञ्जसम्म हामी त्यसै रेलमा आउँथ्यौँ । रेलबाट ओर्लेपछि हेटौँडा जानका लागि सामान बोक्ने ट्रकहरू पाइन्थ्यो । त्यही ट्रकबाट हेटौँडासम्म आएपछि फेरि पैदल हिँडेर मकवानपुरगढी पुग्नु पर्थ्यो । केही तेर्सो केही उकालो बाटो । वन जङ्गल भएर जानुपर्ने डरलाग्दो प्राकृतिक वातावरण । त्यसैले जान आउनका गाह्रोले आमा माइत आउनु भएपछि तीन चार महिना वा कलिकाहीँ त्योभन्दा पनि बढी माइतै बस्नुहुन्थ्यो । अनि म पनि आमासँगै लामो समय त्यहीँ बस्थेँ । त्यो ठाउँ अहिलेजस्तो कहाँ थियो र त्यतिखेर ! अहिले त स्वर्ग छ नि ।'

मेरो थप जिज्ञासामा उहाँ भन्दै हुनुहुन्थ्यो – 'मेरो पढाइलेखाइ चाहिँ त्यहाँ भएन । कान्छो मामा बद्रि प्रसाद खतिवडाले मलाई पढाउन कोशिस गर्नुभएको हो । तैपनि मैले त्यहाँ पढिन । मेरो पढाइलेखाइको सबै काम रामपुरमै भयो ।'

मैले हंस्सीमज्जामा अर्को जिज्ञासा राखेँ – 'अहिलेका स्वास्थ्य मन्त्री विरोध खतिवडा त तपाईंको भाइ हुनुहुँदो रहेछ त ! मामाको छोरो होइन त ?' मेरो यस अन्तिम जिज्ञासामा उहाँ पनि त्यसरी नै हंस्सीमज्जाका साथ प्रस्तुत हुनुभयो र भन्नु भयो – 'हुन त हो नि, तर के गर्नू ? ऊ स्वास्थ्य मन्त्री छ म यता विरामी छु । यस्तै छ जीवन ।' यसपछि, हामी दुवै मज्जाले हाँस्यौँ र फोटोका कारणले जुरेको मिठो कुराकानी यहीँ टुङ्ग्यायौँ ।

**अब बाँकी मनका कुरा**

हामीसँग यस्ता थुप्रै ऐतिहासिक धरोधरहरू मैलोधैलोकै स्वरूपमा भए पनि अझ सग्लै र ज्यूँदै छन् । विश्वसामु नेपालको शिर उचो बनाउन सक्षम यी धरोहरप्रति करबलको कर्मकाण्डीय कर्तव्य बाहेक खासै ध्यान जान सकेको छैन । यिनको सुकिलो रूपमा संरक्षण, बेलाबखतमा मर्मत संभार र व्यापक प्रचारप्रसार गर्ने हो भने यहाँ आन्तरिक तथा छिटपुट रूपमा बाह्य पर्यटक समेत भित्र्याउन सकिन्छ । पर्यटन आर्थिक स्रोतको बलियो आधार र पर्यटक आर्थिक स्रोतका बाहक हुन् भन्ने कुरा भाषण र योजनामा बाहेक कार्य रूपमा देख्न/बुझ्न सकेका छैनौँ । गाँठी कुरो नबुझीकन गाँठ कसरी कमाउन सकिन्छ । यो यक्ष प्रश्न हो सबैका लागि । त्यसैले स्थानीयको आग्रहमा सरकारले यस्ता विषयमा चासो दिनैपर्छ । पर्यटन क्षेत्रको विकास र पर्यटक भित्र्याइको होड चलेको पछिल्लो समयमा यसलाई द्रुतगतिमा संरक्षण, संवर्द्धन र पुनर्निमाण गरिनु पर्छ । नत्र अरूले लोभ्याइसकेका पर्यटक यहाँ तान्न सानोतिनो सङ्घर्ष

र मेहनतले पुग्दैन ।

सङ्घीयतापछि यतिखेर मुलुकभित्रका गाउँगाउँमा सरकार र सिंहदरबार छन् । गाउँपति छन् । योजना र बजेट छन् । वडावडामा सचिव र वडापति छन् । समय लाग्ला तर यस्तो अवस्थामा पनि गर्न नसकिएको विकास कहिले गर्न सकिन्छ । सरोकारवालाहरू सबैले एक पटक ठन्डा दिमागले सोचौँ त ! कतै मन पलाइहाल्छ कि ! यो सन्दर्भ यहाँ मैले किन उठाउन खोजेको भने स्थानीय तहले यसको संरक्षण, संवर्द्धन, विकास र प्रचारप्रसारमा खासै चासो दिएको नबुझिएकाले हो । हुन त पुरातात्विक यस्ता संरचनाका सम्पूर्ण काममा नेपाल सरकारको पुरातत्व विभाग हाबी हुने गर्छ उसको विज्ञता र अरू विविध सन्दर्भले । तैपनि स्थानीय सरकारले उसलाई घच्घच्याउन सक्छ, उठाउन सक्छ र यहाँसम्म डोऱ्याएर ल्याएर यसको महत्व र प्राथमिकताका विषयमा आँखा र कान दुवै भर्न सक्छ । यस किसिमको प्रयासले उसमा छुट्टै किसिमको प्रभाव सिर्जना गर्न सक्छ ।

कतिपयले व्यक्तिगत रूपमा यस्ता धरोहरका छेउछाउमा जो जानेको व्यवसाय चलाएर केही फाइदा त लिइरहेका छन् तर त्यस्ता व्यवसाय पनि कतिपय स्थान विशेषमा त्यति शोभनीय देखिइरहेका छैनन् । पर्यटक/यात्रुका लागि खानपान र बस्नको व्यवस्था आधारभूत तत्वभित्र पर्छ । तर त्यहाँ जाँदा चीनको ग्रेट वालजस्ता देखिने मदिराका बोतलका उरूङले चाहिनेभन्दा बढी मदिरा संस्कृतितर्फ आकर्षित भइरहेका त छैनौँ भन्ने बोध गराउँछ । गढीमा पनि यस्ता दृश्यको पर्याप्त सहकाल थियो । जुन हामी कसैलाई पचिरहेको थिएन । तैपनि बाध्यता थियो हेर्न । हुन त सबै जातजातिको व्रतबन्धादि कार्यक्रमदेखि विवाह वा अन्य जुनसुकै सामाजिक कार्यमा माछा, मासु र मदिराले इज्जत बढ्छ भन्ने संस्कृति हाबी भइरहेको अहिलेको अवस्थामा यस्ता कुरा उठाउनु त्यतिविधि सान्दर्भिक र पाच्य होलाजस्तो लाग्दैन । तैपनि, यसतर्फ बेलैमा सबैको ध्यान पुग्नैपर्छ सकारात्मक दिशातर्फ अग्रसर हुने हो भने ।

यात्रा क्रममा म पनि पटकपटक यस मकवानपुरगढी बाहेक डडेल्धुराको अमरगढी, रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमानामा अवस्थित रसुवागढी, चितवन शक्तिखोरमा रहेको उपदरदाङगढी, मकवानपुरकै चिसापानीगढी, सिन्धुलीको सिन्धुलीगढी आदिमा पुगेको छु । त्यहाँ पुग्दाको आनन्द यहाँ शब्दमा वर्णन गरेर सकिन्न । त्यस्ता ठाउँमा पुग्दा गर्वले छाती फुल्छ । खुइले तालुमा पनि गौरवले केश ठडिन्छन् । वीर पुर्खाहरूले देश बनाउन र बचाउन गरेका अनेकौँ प्रयास र कठोर परिश्रमको सम्झना हुन्छ ।

बिनायोजना गरिएको छोटो भ्रमणमा जे बुझियो त्यही लेखियो यस नियात्रा आलेखमा । पुस्तकको एउटा राम्रै ठेली तयार गर्न सकिने यस मकवानपुरगढीका विषयमा यो अचारमा राखिने छोप जत्तिको पनि छैन । तैपनि यो पढेर कसैले मकवानपुरगढी र यस आसपास क्षेत्रको भ्रमण गरेछ र यसका विषयमा थप खोजखबरी गरेर थप प्रकाश गरेछ भने यस लेखको पनि सार्थकता रहने छ । होइन भने देश दर्शनको एउटा लहड पूरा गर्नुबाहेक अरू केही हुने छैन हामीले गरेको मकवानपुरगढीको यो महत्वपूर्ण यात्रा ।

# एकेडेमीभित्रको त्यो क्षण र ती पात्रहरू



• पवन आलोक

हरेक मानिसले जीवनका विभिन्न कालखण्डहरूमा तीता मिठा र रमाइला नरमाइला थुप्रै घटना देखे भोगेका हुन्छन् । त्यस्ता घटना परिघटना मैले पनि देखेभोगेको छु । यतिखेर तिनै घटनाहरू मध्येका मैले देखेका र अनुभुत गरेका तिनै पुराना लेख्ने प्रयासमा छु । यो कतिलाई थाहा नहोला त कतिलाइ नहोला । अनि कतिले थाहा पाए पनि बिर्सिसकेको हुन सक्छ । सन्दर्भवस केही मित्र गणलाई भने मैले यो सन्दर्भ सुनाएको छु ।

वि.स. २०२७ सालतिर म तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिस्ठानमा जागिरे थिएँ । राजा महेन्द्र स्वयंले स्थापना गरेको र आफैं कुलपति हुने परम्परा रहेको प्रतिष्ठानको कुलपति पद पहिलो पटक जनताका छोरा केदारमान व्यथित लाइ सुम्पेका थिए । एकेडेमीमा प्राज्ञका रूपमा त्यतिवेला वरिष्ठ साहित्य र कलाका साधकहरू बालकृष्ण सम, लैनसिंह वाङदेल, माधव घिमिरे, चुडानाथ भट्टराय, कृष्णचन्द्र सिंह प्रधान, पोषण पाण्डे, तुलसी दिवस, सत्यमोहन जोशी, धर्मराज थापा, श्यामदास वैष्णव, रत्नध्वज जोशी र धर्मराज थापा आदि थिए ।

कर्मचारी र कलाकारका लहरमा वरिष्ठ व्यक्तित्वहरू हरिभक्त कटुवाल, अमर गुरूङ, पुष्कर लोहनी, प्रदीप रिमाल, हरि वहादुर थापा, वसन्त श्रेष्ठ, शकुन्तला गुरूङ, हरिहर शर्मा जस्ता नामहरू थिए । अहिले सम्झँदा लाग्छ एकेडेमी हुनु त त्यस्तो गरिमामय पो त । अहिलेको जस्तो हो र ? खै केके तुलना गर्नु र ?

एकपटक राजा महेन्द्र विना सूचना आफैं ड्राइभ गरेर अचानक एकाएक एकेडेमी आइपुगे । राजा अचानक सवारी भएको थाहा हुनासाथ कुलपति लगायत सवैजनामा दौडादौड भयो । स्वागत सत्कारका साथ लिफ्टवाट राजाको सवारी माथि चलाइयो । हुन त राजा कुलपति हुँदा प्रयोग गर्ने गरेको अफिस थियो तर त्यो खुल्ला राखिएको थिएन, बन्द गरेर राखिएको थियो । त्यो अफिस तत्काल खोलाइयो । त्यहीँ गएर राजा महेन्द्र वसे । अनि उनले कुलपतिलाई भने मलाई आज केही सांस्कृतिक कार्यक्रम देखाउँदैनौ ?

त्यो ताका बाहिर चर्चा के थियो भने राजालाई मुटुको व्यथाले च्यापेको छ । अलि अलि गलेका पनि थिए । एकेडेमीमा जति वेला पनि देखाउन मिल्ने गरि सांस्कृतिक कार्यक्रम तयारी अवस्थामै हुन्थ्यो । राजालाई कलाकारहरूले तत्काल कार्यक्रम गरेर देखाए । राजा खुसी भएर केही रकम वक्सिस पनि दिए । मैले सुनेअनुसार उनी समय समयमा एकेडेमीमा सूचना

दिएर वा नदिएरै पनि आउने गर्थे रे। राजा स्वयं कवि/स्रस्टा भएकोले होला एकेडेमी स्थापनामा राजा महेन्द्रको विशेष अभिरूचि थियो। .

यही कारणले २०१४ सालमा नेपाल एकेडेमी स्थापना भएको हो। मैले सुनेअनुसार त्यति मात्र नभएर एकेडेमी भवन निर्माण गर्न कमलादीको त्यो पुरै फाँट अधिग्रहण गरि आधा जमिन ३ वटी छोरीहरूलाई र आधा जमिन एकेडेमीलाई छुट्याइएको थियो। छेउको बाँकी जमिनमा वंगलाहरू वनाएर तत्कालीन सचिवहरूलाई वक्सिस दिए। एकेडेमी भवन निर्माण गर्न आफ्नै निजी कोशवाट खर्च गर्नेगरी आफ्ना अत्यन्तै विश्वास प्राप्त इन्जिनियरलाई जिम्मा लगाएको थिए र त्यही भएर भवन निर्माणले शीघ्र गतिलिएको थियो।

सोही वमोजिम फ्रेन्च डिजाइनमा भवन तयार भयो। सायद त्यही कारणले होला, राजा महेन्द्रको एकेडेमीप्रति विशेष लगाव र अभिरूची थियो। भाषा, साहित्य, संस्कृति र कलाको विकासलाई राजा महेन्द्रले प्राथमिकतामा राखेको पाइन्छ। साहित्यकार र कलाकारहरूलाई उनी औधी माया गर्थेअरे। एकेडेमीले हरेक वर्ष कविता महोत्सवको आयोजना गर्थ्यो। राजावाटै कविताको शीर्षक दिइने परंपरा अनुसार प्रतियोगितामा कविहरूले भाग लिन्थे र त्यही शीर्षकमा कविता लेख्थे। पुरस्कृत कविहरूलाई एकेडेमीको वार्षिकोत्सव असार ९ गतेका दिन राजा वाटै पुरस्कार दिइन्थ्यो।

त्यो समयमा कविता महोत्सवको आयोजना र व्यवस्थापनको जिम्मेवारीमा मेरो नाम समेत् जोडिएको थियो। कविता महोत्सवलाई रेडियो नेपालले प्रत्यक्ष प्रसारण गर्ने गर्थ्यो। एकेडेमीका कर्मचारीले प्रतियोगितामा भाग लिन पाउँदैनथे। त्यसैले मैले पनि त्यहाँ रहुन्जेल र पछि पनि अहिलेसम्म कहिल्यै प्रज्ञा प्रतिस्ठानको कविता महोत्सवमा प्रतियोगी भएर भाग लिएको छैन। एकेडेमीवाट प्रकाशित हुने कविता प्रधान पत्रिका माधुर्य को रचनासङ्कलन र सम्पादन कार्यमा म पनि संलग्न थिएँ। सम्पादकमा प्राज्ञहरू नै रहने प्रचलन थियो। .

असार ९ गते हुने एकेडेमीको वार्षिकोत्सबमा राजा, रानी र राजपरिवारका सदस्यहरूको उपस्थिती हुन्थ्यो। पुरस्कार वितरण तथा विशेष सांस्कृतिक कार्यक्रम पछि राजाको सम्मानमा अहिले एकेडेमी भवनको पुस्तक प्रदर्शनी हुने गरेको पहिलो तलाको हलमा रात्रिभोजको आयोजना गरिने चलन थियो। परराष्ट्र मन्त्रालयको अतिथी सत्कार विभागले रात्री भोजको व्यवस्थापन गर्थ्यो।

त्यहाँ हलको वीच भागमा विशेष सोफा र कार्पेट विच्छ्याएर राजा, रानी र राजपरिवारका सदस्यहरूलाई राखिन्थ्यो। अनि स्कच, ह्विस्की, विदेशी वाइन आदिले सर्भ गरिन्थ्यो। वि.स.२०२८ वा २०२९ कुन साल हो मलाई ठ्याक्क याद भएन असार ९ गते वार्षिकोत्सवका दिन राजा वीरेन्द्र र रानी ऐश्वर्य समारोहमा आए। त्यहाँ राजपरिवारका प्राय सवै जसो सदस्यहरूको उपस्थिति थियो। सबैजना प्रोटोकल अनुसार हलमा वसे।

प्रधानमन्त्री, कुलपति सवैजना आ-आफ्ना स्थानमा वसे। राजपरिवारका सवै सदस्यहरूलाई हलको पश्चिम गेटबाट सवारी चलाइन्थ्यो। हामी कर्मचारीहरू भि आइ पी र कुटनैतिक

व्यक्तित्वहरूलाई स्वागत सत्कार गर्दै तोकिएको स्थानमा बसाउन खटिएका थियौं । त्यो वेला लैनसिंह वाङदेल का.मु.उपकुलपति हुनुहुन्थ्यो । तथापि उहाँ विशेष कामले विदेश जानू भएकाले चुडानाथ भट्टराय निमित्त का.मु.उपकुलपति बन्नु भएको थियो ।

उहाँले स्वागत भाषण गर्नुपर्ने हुँदा अनाउन्सरले वोलाए पछि पोडियममा गएर स्वागत भाषण सुरू गर्नु भयो । रमाइलो कुरा के थियो भने चुडानाथ भट्टरायज्यूले र उच्चारण गर्दा य सुनिन्थ्यो । उहाँले सम्बोधनका क्रममा श्रद्धेय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार, श्रद्धेय वडामहारानी सरकार भन्दै जांदा धेरै ठाउँमा र उच्चारण गर्नु पर्दा यस्तो सुनियो ।

श्रद्धेय श्री ५ युवराजाधिराज सरकार र राजपरिवारका आदरणीय सदस्यहरू भन्दै जाँदा सद्धेय सी पाँच युवयाजाधियाज सयकाय र याजपयिवायका आदययिय सयकाय हयु । चुडानाथ भट्टरायज्यूको सम्बोधन र स्वागत चलिरहेकै थियो । म त्यो वेला हलको पूर्वी गेटनेर उभिएको थिएँ । हलका सवै मान्छेहरू मुख छोपेर हास्दै गरेका देखिन्थे । राजा रानीको उपस्थितिमा उपसथतिमा खुलेर हाँस्ने गरिदैन्थ्यो । त्यसैले मुख छोपेर हाँसेको प्रस्टै देखिन्थ्यो । मैले पनि राजा रानीतिर हेर्रैं दुवै जना मुसुमुसु हाँसिरहेका थिए ।


राजा रानीको सोफाको दाहिने पट्टिको अर्को सोफामा वसेका कुमार दीपक अधिराजकुमारी शान्तिका पति, राजाका भिनाजु भने पुरै खित्का छाडेर हाँसेका थिए । हुन त प्रोटोकलमा राजालाई सम्मान गरेर त्यसरी हाँस्न उहाँले पनि मिल्दैनथ्यो तर राजा आखिर सालो त हो नि भन्ने उहाँलाई लाग्यो पनि होला । स्वागत भाषणका क्रममा थुप्रै ठाउँमा र आए । त्यतिबेला मान्छेहरू मुख छोपेर हाँसे । त्यो दृश्य र क्षण सम्झंदा मलाई अझै पनि हाँसो उठ्छ र अत्यन्तै रमाइलो पनि लाग्छ । हाँसोलाई सकेसम्म रोक्ने प्रयास गर्छु । .

त्यो समारोह सकिए पछि रात्रिभोज सुरू भयो । त्यहाँ सीमित भि आइ पीहरूलाई मात्र निम्ता थियो । राजा, रानी र राजपरिवारका सदस्यहरू सम्मिलित उक्त रात्रिभोजमा राजा विरेन्द्रले दिल खोलेर स्कच पिएको देखिन्थ्यो । तराइतिरका जस्ता लाग्ने एकजना माननीय रापंसलाई निक्कै लागेछ क्यार । रक्सीको सुरमा साहस वटुलेर खुट्टा लर्वराउदै राजालाई केही विन्ती गर्न अगाडि वढेको देखेपछि कीर्तिनिधि विष्टले छेक्न खोजे पनि सकेका थिएनन् ।

माननीयजीको सेतो सुरूवालको देव्रे भाग लफरक्क भिजेको देखिन्थ्यो । पिसाव नै हुनुपर्छ । त्यहाँ रक्सी पोखिएको भए त दौरा र अर्को सुरूवालमा पनि केही भिजेको हुनु पर्ने थियो । सरकार सरकार भन्दै दुइ हात जोडेर खुट्टा लर्वराउँदै राजा तिर माननीय वढेको देखे पछि राजाका अंगरक्षकले समातेर तल लगेको देखेर सबैलाई हाँसो उठ्यो । पहिलाजस्तै मुख छोपेर धेरैजना हाँसे ।

ती माननीय को थिए मलाई केही थाहा छैन । मैले खोजबिन गर्नु आवश्यक पनि ठानिनँ । चर्चा गरिएका राजा, रानी, कुमार दीपक, चुडानाथ अहिले कोही पनि यो दुनियाँमा छैनन् । तर त्यो रमाइलो क्षण र ती दृश्यहरू अहिले पनि मेरो मानसपटलमा जीवित छन् अर्थात् बाँचिरहेका छन् ।

# आइसल्याण्डको यात्रा



● माधव काफ्ले

आइसल्याण्डको सर्पलाई संसारको सबभन्दा दुर्लभ वस्तु मानिन्छ ।

मैले सुनेका मात्र हुँ । देखेको होइन ।

आइसल्याण्ड भन्ने भूगोल म जन्मेको भूगोलभन्दा धेरै टाढा पर्छ । टापु पर्छ । उडेर जान पँखेटा छैन । गुडेर जान सामर्थ्य छैन । कासी भनेर हिँड्दा कुती पुगियो भने हिँड्नु र नहिँड्नुको कुनै अर्थ पनि नहोला । ह्याउ र हुती नहुनेले जान्छु भनेर जतिसुकै मुख मिठ्याए पनि मुखै मिठ्याउन हुँदैन भन्न त मिल्दैन तर त्यसको कुनै तात्कालिक तुक हुनेछैन । दीर्घकालीन रूपमा त बिर्सिइ पनि सकिन्छ र त्यसको तिर्सना काकाकुल बनेर सुक्न थाल्नेछ ।

मानौं उत्साहीले चिताएर मात्र पनि कहाँ सुख पाउँछ होला र ? परिबन्दका जिली र गाँठा फुकाउँदा फुकाउँदै हत्तुहैरान भएर थला पर्न बेर छैन ।

भिसा, पासपोर्टजस्ता छेसाहा संसाधनले छेकारो काट्तै नाका र निकास थुनेर फनफनी घुमाउन, नचाउन थाल्छन् । घरि यो भएन, घरि ऊ भएनका कीर्ते र कलमुख सेसन्तर हरूले लखेटेर पिना बनाउन नखोज्ने पनि हैन । यस्ता रकमी कुरा मेरो पहुँचभन्दा बाहिरको कुरा परेको हुनाले म मात्र कल्पना गर्दछु ।

सामल, खाजा बोकेर हिँडे नै भने पनि महिनौँ महिना लाग्छ त्यहाँ पुग्न । त्यो भूगोल मेरो हैसियत, गच्छे र पहुँचभन्दा धेरै परको कुरा हो । क्षमता वृद्धि गर्दै गएँ भने पनि यो जन्ममा सायद त्यहाँ पुग्न सम्भव हुने पनि छैन । त्यहाँ पुग्ने सपना पनि देखेको छैन । पुनर्जन्ममा विश्वास राख्ने काँटको मान्छे पनि होइन म ।

मात्र अनुमान गर्छु सर्प नहुने भूगोल संसारमा कतै होइन होला । मान्छेको पदचाप जुनजुन भूगोलमाथि स्पर्श गर्दै अगाडि बढेको छ त्यहाँत्यहाँ मान्छेको गन्ध पछ्याउँदै सर्प पुगेको हुनुपर्छ ।

सर्पको खारले म निकै लामो समयदेखि आक्रान्त हुँदै आएको छु । आडोलित हुँदै आएको छु । अधमरो हुँदै आएको छु । यसको तामसी हरक कतैबाट आउनासाथ जहिले पनि मेरो मन अमिलो, दृष्टि धमिलो र मानसिकता हुँड्यालो हुनेगर्दछ ।

म पहाडमा हुर्के, बढेको मानिस हुँ । तदुपरान्त निकै लामो समयदेखि तराई आश्रित, तराई केन्द्रित हुँदै आएको वनसखण्डी मनुष्य । सर्प पहाडमा नहुने हैन तर त्यसको तुलनामा

तराईमा छ्यासछ्यास्ती पाइन्छन् । छ्यासछ्यास्ती भेटिन्छन् । चाहेर पनि नचाहेर पनि ।

गर्मी लागेपछि त घाटघाटमा, पाइलापाइलामा भेटिने गर्दछन् ।

सिरानमा पनि, ओछ्यानमा पनि, चुल्होमा पनि, चौकामा पनि, भण्डारमा पनि, भकारामा पनि, गोठमा पनि, खर्कमा पनि, खेतमा पनि, बाटामा पनि । सुत्दा पनि, उठ्ता पनि, सम्फँदा पनि, बिर्सन खोज्दा पनि अगाडि धुन्धुकारीको लिङ्गोजस्ते बनेर ठिङ्ग उभिन आइपुग्छन् र आँखा जुध्नासाथ सातजन्म अगाडिदेखिको रिस पोख्छु भनेझैँगरी यामानको फणा उठाउँदै झम्टा मार्न खोजिहाल्छन् ।

पहाडतिर वर्षादमा कतै कतै हरेउ जातको सर्प देखिन्थ्यो । विषालु भए पनि त्यसले डसे अङ्गभङ्ग मात्र हुने मरी हाल्ने भने हतपत्त होइन्नथ्यो । अरू प्रजातिका सर्पहरू पनि यदाकदा कतै भेटिन्थे हुँदैन थे भन्ने होइन । भनौं देखिन्थे तर त्यति घातक र विषालु हुँदैनथे । विषालु नभएकै कारणले गर्दा पनि देखेपछि आत्तिए पनि अताल्लिइ हाल्दैन थेँ । तर्सिन पुगे पनि सातो जाँदैनथ्यो । त्यसको छोइछिटोबाट एकछिन पन्छिएर हिंड्नासाथ सबै खाले आशङ्काका षडगाष्ट मानसिकताबाट पातलिँदै जान्थ्यो ।

यो सामान्य ज्ञानको बुइ चढेर बाल वय बिताएँ । तर जब तराईतिर ओरालो लागें अनि सबै विषय, प्रसङ्गहरू ओरालामै रूपान्तरित हुँदै गए । अर्थात् सर्प त्रसित हुँदै गए । सर्प दंशित हुँदै गए । सर्प प्रभावित हुँदै गए । जतिसुकै इमानदार हुँदै पसिना चुहाएर मझेरी भिजाउन खोजे पनि सामुन्नेमा सर्प देख्नासाथ ती ढुसी मात्र पर्थे, सक्थे गल्थे र कुनै अडिने आधार नपाई फुङ्ग हुँदै उड्नपुग्थे ।

आरोहित भएर न्यानो पहार कहिल्यै दिन सकेनन् ।

सर्प पनि एकथरीका मात्रै हुन र ?

मेरीबास्सै ! कति प्रकारका हुन्थे । गनेर, भनेर साध्यै नहुने खालका ।

विभिन्न रङ र प्रजातिका ।

कुनै अरिमोठे । कुनै काला । कुनै रङ्गीचङ्गी ।

सबै प्रचण्ड विषधारी ।

डस्ता मात्रै होइन फणा उठाएर लामो सास फेक्नासाथ ठहरै होइन्छ कि भनेझैं लाग्ने खालका ।

सामुन्ने देखिनासाथ मुटु त्रासले थररर्र काम्न थाल्थ्यो ।

अनि सुकेनासले सिथिल हुँदै जान थालेको दीर्घरोगी झैं हुँदै त्रासमा लट्पटिएर थर्कायमान हुँदै घिस्रन थाल्थेँ ।

दुई खोला बिचको उजाड बगरमा थियो बास । त्यहाँ देखिने भनेको चारैतिर अनायास फैलँदै जानथालेको काँसघारी र काँसघारीले पनि अतिक्रमण गर्न नसकेको निस्तो बगर मात्र थियो । अनि त्यसलाई आफ्नो चौडण्डी सम्झँदै माडी मैदान गर्दै आएका सरीसृप प्रजातिका विभिन्न खाले परजीवीहरू ।

बाह्रै महिना बाह्रै काल नझम्टिन खोजेको कुनै प्रहर हुँदैनथ्यो । कुनै क्षण हुँदैनथ्यो । कुनै दिन हुँदैनथ्यो । गौंडा, गौंडामा घात लगाएर बसिरहेका हुन्थे ।

कहिले छानाबाट पस्थे । बाँसको टाटीले बारेको त भित्तो थियो ।

त्यसलाई पनि च्यातेर पस्थे । भित्तो अलि बलियो लागे पेटी मुनिबाट सुरूङ खनेर पनि पस्थे र आफ्नो सामर्थ्यले भ्याए जति बबन्डर मच्चाएर फुमन्तर हुन पुग्थे ।

अलिकति खुसी सँगालेर, अलिकति रहर उरालेर, अलिकति इच्छा तन्क्याएर आँखा उघार्न खोज्थें अनि कतै न कतैबाट एउटा भष्मासुर दुलोबाट सातो उड्ने गरी एक्कासि फुत्त अगाडि निस्कन्थ्यो र बिना कुनै कसुर फणा उठाएर झम्टा मार्न खोजिहाल्थ्यो ।

बस्ती पातलो थियो । सबै विपन्न नै विपन्न मानिस थिए । जङ्गल नजिकै थियो । बनीबुतो कतै गर्न नपाए पनि दुईचार भारी दाउरा बेचेर पनि दुईमुठी सास चेप्तै परान धान्न सजिलै पाइन्थ्यो कि भन्ने आसाको कुटुरो चेपेर जिजीविषालाई अलि तङ्ग्ग्राउने अभीप्सा बोकी आश्रय लिन पुगेका निरूपाय प्राणी । कुनै विकल्प कतै भएको भए दुई खोलाको चेपमा निचरिएर शायद यति ठुलो जोखिम उठाउँदै बस्ने नै थिएनन् । रहरले त कुनै पनि सद्दे मान्छे यस्तो खतर ासँग अविश्रान्त सिँगौरी खेल्न त पक्कै रूचाउने थिएन होला ।

पहिले पहिले त दुई खालका सर्प हुन्थे । भेटिन्थे ।

सम्पन्न सर्पहरू र विपन्न सर्पहरू।

सम्पन्न प्रजातिका जति अजिङ्गर जस्तै अरमठ्ठ परेर हिँड्थे । उनीहरूको सिकार पनि सम्पन्ननै हुँदै आएका थिए ।

विपन्नहरू सम्पन्नलाई एक्कासि ताक्न सक्तैन थे । शायद उनीहरूको सामर्थ्य त्यति हुँदैनथ्यो होला । पस्ने र निस्कन सक्ने पहुँच हुँदैनथ्यो होला । अनि आफ्ना आततायी सोच विपन्नलाई नै चिथरेर क्षुधातृप्त गर्न पुग्थे । धेरै हुँदा एक बिटो लबटा न हो ।

पछि पछि सहरीकरण बढ्दै गएपछि बाहिरका सर्पहरू पनि सहरमा ओइरिन थाले । गाउँका घरको तुलनामा सहरका घर अलि मजबुत र पक्की हुनाले दिनदहाडै हाक्काहाकी छिर्न त्यहाँ सम्भव हुँदैनथ्यो । कसैले नदेखे त राम्रै भयो देखे राम धुलाई निश्चित हुन्थ्यो । अनि लिखितम, बकितम, साक्षी, सर्जमिन, मुचुल्का, तहकिकात थाना, अदालत, बादी, प्रतिबादीको झ्याउ, झमेला किन उठाउने ।

सहरको आवादिसँगै असन्तोष र गुनासो पनि बढ्दै गइरहेको थियो । मानिसहरू सामान्यभन्दा पनि सामान्य कुरामा विद्रोहको बिगुल फुकेर मुक्का बाल्दै सडकमा अवरोधको तघारो तेर्स्याएर बस्न थालेपछि यिनीहरू पनि त्यसैको आलो पहार तापेर उग्राउन थाले । त्यसैले पनि जिब्रो लप्लपाएर नररक्त चाट्न नपाएको घडीमा भने बस्तीभित्र छिरेर उधुम मच्चाउन थाल्थे ।

विष हुनेहरू खतरनाक र घातक हुने हुनाले लाप्पा खेलेर जित्न त सकिन्नथ्यो; तीबाट तर्केरै बस्थैँ ।

तर्केर बसे पनि उनीहरूले झम्टा मार्न भने छोडेका थिएनन् ।

राजनैतिक आन्दोलनपछि भने । विषहीन लाग्ने छुचुन्द्राहरू पनि विषधारी भएर फणा उठाउन थाले ।

हरहरा भनेर ढोडिया भनेर वास्ता नगर्‍यो आँखा झिम्क्याउन नपाउँदै करेतजस्तै फुत्त कुनै प्वालबाट निस्केर झम्टामारी हाल्न थाल्थे । विष लाग्दैन

होला भन्यो ! किन हुन्थ्यो ! ठुङ्नासाथ शरीर बटारिएर ऐंठन हुनथाल्थ्यो । मुख, तालु, ओठ खरपट्ट पर्दै जान्थ्यो । नसाबाट रगत कसैले अनाहक निचरेर चुस्न थालेजस्तै लाग्न थाल्थ्यो ।

यिनीहरूको पैशाचिक अभिशापबाट कति कोसिस गर्दा पनि जोगिन सकिरहेको थिइनँ ।

अहिले पनि छैन ।

राजनैतिक परिवर्तनसँगै विभिन्न गुट, उपगुटमा विभाजित हुन पुगेपछि भने निकै लामो समयसम्म गोरो छालाको उछितो काढेर हिँड्न थाले । मेरो कुनै गुट थिएन, कुनै पार्टी थिएन, कुनै खेमा थिएन, कुनै समूह थिएन । उनीहरूले निर्बाध गिर खेल्ने खलो मेरो निर्दोष पुर्पुरो हुन पुगेको थियो । पेट केन्द्रित कर्ममा आरोहित हुँदै जाँदा कतै लाग्न सकिनँ, कतै समाउन सकिनँ । त्यसले गर्दा पनि उनीहरूको सम्भावित आक्रमणको त्रासले झन त्राहिमाम हुँदै जान थालेँ ।

सधैको डर, त्रास र भयले आक्रान्त हुँदै जान थालेपछि गोरा जति आआफ्ना पोका पन्तुरा बोकेर उत्तराभिमुख हुँदै बाटो लागे । बिना अपराध सधै डरले निसासिइ निसासिइ बाँच्नुभन्दा दुईमुठी सास जोगाउन सके यसो कतै आड लागेर पनि बाँकी आयु सहजै कटाउन सकिन्थ्यो होला भन्दै विचलनको त्रासद पीडामा लपेटिएर नयाँ बासको खोजीमा चुरेमाथि सलबलाउन पुगे । बस्ती झन् पातलिँदै जान थाल्यो ।

मेरो भने बोक्ने सामान पनि केही थिएन । छोड्ने सर्जाम पनि केही थिएन । सुकेनासले सिठ्ठी पार्दै गएका मात्र केही थान प्राणी थियौं ।

सम्पत्ति साथमा भएपछि मात्र जोगाउने, लुकाउने, बचाउने कुरा आउँदोरहेछ । आफू त थाहापाएदेखि नै उठ जोगी पड्कार छाला जहाँ जाला त्यहीँ खदालाको नियति शिरोधार्य गर्दै आएको थिएँ । त्यसले पनि जोगाउनु पनि केही थिएन । लुकाउनु पनि केही थिएन । केही सँगालिएको हुन्थ्यो भने बिहान, बेलुकाको सामल हो । त्यसैमा पनि गिद्धे आँखा गाडेर सर्पहरूले हत्तु हैरान पारिहेका थिए ।

एकहल गोरू थिए गोठमा । गोडा चारेक बाख्रा थिए खोरमा । त्यति सामान्य कुरालाई पनि तारो बनिरहेका थिए ।

गोठमै थर्पु खसालेर ओछ्यान लगाउँदै बसे पनि आँखा झिम्क्याउन नपाउँदै कतिबेर दाम्लो तानेर सुइँचट हुन पुग्थे ।

जनसङ्ख्या घट्तै गए पनि भोक र तिर्सना घट्ने होइन क्यारे !

ती यथावत् थिए । त्यसको अनुपातमा मात्र पेट बढेका थिए ।

गोरा नभए के भो त ? आखिर कालो पनि मानिस नै हो क्यारे !

अनि एक्कासि रूप, प्रवृत्ति, चरित्र परिवर्तन गरी एकबित्ते कटुवा खोकिलामा घुसारेर चन्दा, फिरौती र अपहरणको पासो थापेर निर्दोष सजातीय बन्धुहरूलाई नै निचर्न थाले, चुस्न थाले, चिथर्न थाले ।

सर्पहरूसँग लड्नु, भिड्नु, प्रतिरोध गर्नु र उनीहरूको समुदायलाई मार्नु अघोषित प्रतिबन्ध थियो । सर्पहरूलाई संरक्षण गरी मार्ग निर्देशन गर्नेहरूको जमात ठुलो र शक्तिशाली थियो । उनीहरूको पार्श्वछायामा उभिएर

उनीहरूलाई निरन्तर ऊर्जा दिँदै आएका जमातहरू चानचुने खालका थिएनन् । सत्तालाई क्षण भरमै चित र पट पार्न सक्ने तामसी शक्तिउनीहरूसँग मनग्गे थियो । राज सिंहासनको लगामलाई हातमा बेरेर हिंडेका हुनाले पनि उनीहरूका अनुयायीहरूलाई बिच्क्याउन कोही चाहिरहेका थिएनन् । झन मेरो त के पिताम !

उनीहरू दिनानुदिन पावरफूल बन्दै गइरहेका थिए । उनीहरूको पहुँच राजसिंहासनसम्म थियो । कुनै सर्प कुनै कारण बस् कतै अभरमा परे, घाइते भए प्रतिकारको लागि सिधै सिंहदरबारका भाटो टिपेर प्रतिकार गर्न ओइरिइ हाल्थे । र प्रतिरोधीहरूको समुल वंश विस्तार गर्ने उद्योगमा दत्तचित्त भएर तत्कालै लाग्न थालिहाल्थे ।

सामान्य नागरिकहरूको कुनै स्थिर समूह थिएन । कुनै स्थापित गुट थिएन । कुनै शक्तिशाली सहयोगी थिएनन् । राज्य विरूद्ध विद्रोह गर्ने सामर्थ्य सामान्य मान्छेमा नभएपछि अरूले जतिसुकै अत्याचार गरे पनि लाचार भएर सहँदै आएका थिए ।

सर्पहरू डेग चलेका थिएनन् । उनीहरू एकपछि अर्को साङ्घातिक आक्रमण गर्दै आफ्नो अटोमन साम्राज्यको सीमा विस्तार गर्दै गइरहेका थिए ।

लँगौटीको धरोजत्रो तराईको भूभाग साँघुरो र सेपिलो लाग्न थालेपछि अहिले एकहुल सर्पहरू महाभारत ताकेर आफ्ना खाँडा, खुर्पा उध्याउँदै हिँडिरहेका छन् । उनीहरूको यात्रा कहाँसम्मको हो र कति निर्दोष नररूधिर पिएर अघाउने हुन् कसैले अनुमान लगाउन नसके पनि उनीहरू गन्तव्यरत छन् । उनीहरू नरघाती आचरणलाई सत्ता परिवर्तनको असली आधार मान्दै गए उनीहरू कहाँ पुगेर अडिन्छन् यसै भन्न नसके पनि यति चाहिँ निर्धक्क भन्न सकिन्छ नेपालीचाहिँ आइसल्याण्ड नै पुग्नेछन् । र नेपालीहरूको यात्राको अन्तिम मुकाम भने आइसल्याण्डमा नै गएर टुङ्गिने छ ।

*– चपुर, रौतहट*

## गजल



• डा. श्याम भट्टराई

आजसम्म सरकारसँग शिर झुकाएको छैन
कोही पनि दीनदुःखीको मन रूवाएको छैन ।
श्रमको दुनियाँमा छरिएका जन-जनसँग
सद्भावको विगुल फुक्दा नजर घुमाएको छैन ।

मन्दिरमा बत्ती बालिन त के भो र हजुर !
कुनै पनि जनको बत्ती मैले निभाएको छैन ।
भगवान् कहाँ छन् थाहा छैन श्यामलाई
देवतुल्य आमाबाको मन दुखाएको छैन ।

*– हरिवन, सर्लाही*

# मंत्र साधना



• शीतल गिरी

मंत्रको सामान्य अर्थ गोपनीयतासँग छ । मंत्रको जप इष्ट सिद्धिहरू अथवा कुनै पनि भगवानको कृपा प्राप्तिको लागि गरिन्छ । मंत्र शब्दमा आधारित छ । शब्दमा ध्वनिको विशेष महत्व रहन्छ । मंत्रलाई लोकव्यवहारको दृष्टिले एकअर्थमा कुराकानी पनि भनिन्छ । मंत्रणाद्वारा कसैलाई पनि शत्रु या मित्र बनाउन सकिने हुँदा यसको मुख्य कुरो ध्वनिको प्रभाव नै हो । कुनै पनि मंत्र साधनाबाट साधकले उचित, चाडै लक्ष्य प्राप्ति गर्न सक्नु संभव छ । कुनै पनि मन्त्रमा प्रभाव, बीज, देव-वासादि तत्त्वहरू समावेश हुने गर्छ । कुनै पनि मंत्रको सिद्धि तब संभव हुन्छ जब त्यसलाई निर्धारित संख्यामा जप गरियोस् । महामृत्युंजय बीज मंत्रलाई ११ लाख पटक जपगर्नुपर्ने विधान छ । भन्ने गरिएको कुनै पनि मन्त्रलाई जति धेरै पटक जप गरिनेछ, त्यति नै धेरै उपलब्धि पनि हुन्छ । मंत्रको शब्द शक्तिलाई साधक लाभान्वित हुने पहिलेको समयमा वेदका ऋचाहरू लयवद्ध र ठुलो स्वरमा उच्चारण गर्ने गरिन्थ्यो ।

मंत्र साधनाभन्दा पहिले गरिने संकल्पमा भगवानलाई साक्षी मानेर उद्देश्य, समयावधि, देश, काल आदिको वर्णन हुने गर्दछ । आत्मा (मन) लाई पुष्टि गर्नेलाई मंत्र भनिएको छ । तन्त्रअनुसार मंत्रमा लय वा शब्द पूर्णरूपमा जब विलय हुने गर्छ तब जुन तेस्रो शक्ति सम्मुखमा आउँछ, त्यही षट्कर्मको प्रमुख कारण हुन्छ यानी एकाग्र मनले गरेको साधना सफल । वैदिक ध्वनि ॐ (प्रणव) को उत्पत्ति नादबाट भएको हो जो आज्ञाको प्रतीक हो र पूर्ण छ । यसकारण भनिएको पनि छ–

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

तंत्रअनुसार साधकले मंत्र चयन गर्नुभन्दा पहिले कुलाकुलको विचार गर्नु पर्ने हुन्छ । मंत्र जपको तीन किसिमका विधि छन्–

वाचिक जप– मंत्रलाई उच्चारणपूर्वक गरिएको वाचिक जप हो, प्रायः पुत्र प्राप्तिको लागि यस्तो जप गर्ने गरिन्छ । कायिक जप– यस जपमा ओंठ त हल्लिन्छ, तर ध्वनि निस्कदैन यस जपलाई उपांशु जप पनि भनिन्छ, प्रायः धन प्राप्तिको लागि यस्तो जप गर्ने गरिन्छ ।

मानसिक जप– यो जप मनमनै गर्ने गरिन्छ, प्रायः यस जपबाट कार्य सिद्धि हुन्छ ।

मंत्र जप गर्दा मालाको अतिरिक्त कामनाअनुसार अकीक, रूद्राक्ष, मोती, मूंगा, स्फटिक आदि प्राण-प्रतिष्ठित माला उपयोग गर्ने कुरा तंत्रमा भनिएको छ । वशीकरणको लागि मध्यान्हभन्दा पहिले जप गर्नु पर्दछ । तंत्रमा अनेकौं मंत्र छन्, गुरूको निर्देशन अनुसार, परामर्शमा रहेर साधना गरेमा फल प्राप्त गर्न सहज हुन्छ । मंत्रमा भगवानको वास रहने हुँदा शुद्ध मनले मन्त्र जपगर्ने साधकको कामनाहरू मात्र पुरा हुने होइन, अन्तमा उसले भगवानको चरणमानै वास पाउँछ । मन्त्र साधना गर्दा जे जती सफलता, शक्ति, सिद्धि र षट्कर्ममा पूर्णता प्राप्त हुन्छ त्यसको आधार मुख्य रूपले साधकले जप गर्ने मंत्रबाट प्राप्त फल नै हो । देवी–देवताको आराधनाहरूका यी सबै मन्त्र पनि परमब्रह्म परमेश्वरलाई साकार अथवा निराकार स्वरूप अथवा कुनै देवी–देवता अथवा अदेश्य शक्तिको प्रतीक र शब्दको रूप हुन्छ । प्रत्येक मन्त्रमा सम्बन्धित देव विशेषको साथ साथै यसका रचयिता ऋषि-मुनि, पैगम्वर, सिद्ध पुरूष, भिक्षुका शक्ति पनि सम्मिलित हुन्छ, यस क्षेत्रमा प्रवेश गर्दा सबभन्दा पहिलो काम भनेको आवश्यक मात्रामा मन्त्रलाई सिद्ध गर्नु नै पर्छ । संस्कृतको गूढ मन्त्र होस् अथवा बोलचालको भाषामा रचना गरिएको शाबर मन्त्र, जय गर्नु भन्दा पहिले त्यसलाई एकदम शुद्ध रूपमा कंठस्त पार्नु आवश्यक मात्र होइन, अनिवार्य हुन्छ ।

अक्षरमात्र होइन अनुस्वारको पनि स्तवनगर्दा ध्वनि तरंग निस्कने हुँदा मन्त्रको पुर्ण शुद्ध रूपमा सम्पुर्ण अक्षरको मात्राको शुद्ध उच्चारण गर्दै कंठस्त पारिसके पछि नै सिद्धिको निमित्त त्यो मन्त्रको जप प्रारम्भ गर्नुपर्छ । जुन साधकले मन्त्र जपगर्दा त्रुटिगर्छ हो निश्चय नै त्यस्ता असफल हुन्छन् । अरूलाई हानी पुगाउने साधना र मन्त्र जप फागु, तिहार र ग्रहण लागेको रातमा श्मशानमा बसेर भूत-प्रेतलाई वशमा पार्न गर्ने गरिन्छ । प्रायस यसप्रकारका साधनाहरू धेरै जसो भ्रष्ट साधकले अरूलाई हानी पुगाउने उद्देश्यले गर्ने गर्छन् र त्यो पनि पहिले अनेकौं किसिमका साधनामा सफलता प्राप्त गरेपछि मात्र ।

सामान्य गृहस्थ र अरूको हित गर्ने उद्देश्यले यस क्षेत्रमा प्रवेश गरेका साधकले सात्विक सिद्धिको मन्त्र जप व्रह्ममुहुर्तमा गर्दा सर्वोत्तम हुन्छ, किनभने शान्त वातावरणमा मन सजिलै एकाग्र हुनेगर्छ । मंत्रजप गर्ने स्थान चयन गर्ने बारेमा लिंग पुराणमा लेखिएको छ– घरमा गरिएको जपको फल साधारण हुन्छ भने नदीको किनारमा गरिएको जपको फल अनन्त हुन्छ । ध्रुवतारा अथवा सूर्यलाई हेर्दै अथवा गाई, आगो, दियो या पानीको अगाडी जप गर्दा श्रेष्ठ फल प्राप्त हुन्छ भनेर विश्वास गरिन्छ । कुनै पनि घरपालुवा पशु अथवा हिंस्रक, तामसिक र नास्तिक प्रवृत्तिको दुष्ट व्यक्ति जपस्थलको वरपर हुनुहुदैन । मन्त्र शुद्ध रूपमा कण्ठस्त गरेर त्यसको भाव र अर्थलाई राम्ररी बुझेर श्रद्धा भावले नै मन्त्र जप गर्दा त्यो सिद्ध हुन्छ । भगवान शिवले इन्द्रजालमा मन्त्र साधनालाई निष्फल बनाउने आठ किसीमका दोष औल्याउनु भउको छ ।

(१) अक्षर दोष– गुरू अथवा शिष्यको भ्रम, प्रमादले मन्त्रको अक्षरमा उल्टो पाल्टो हुनु अथवा एक वा बढी अक्षर कमी अथवा बढी हुनु अक्षर दोष हो ।

(२) लुप्त दोष– मन्त्रका कुनै अक्षर या मात्रालाई छाड्नु लुप्त दोष हो ।

(३) छिन्न दोष– मन्त्रको संयुक्त वर्णहरू मध्ये कुनै अंश छुट्नु हथवा आधा अक्षरलाई पूर्ण उच्चारण गर्नु छिन्न दोष हो ।

(४) ह्रस्व दोष– मन्त्रमा कुनै दीर्घ वर्णको ठाउँमा ह्रस्व वर्णको उच्चारण ह्रस्व दोष हो ।

(५) दीर्घ दोष– ह्रस्व वर्णको ठाउँमा दीर्घ वर्णको उच्चारण दीर्घ दोष हुन्छ ।

(६) कथन दोष– जाग्रत अवस्थामा आफ्नो मन्त्र अरूलाई बताउनु कथन दोष हो ।

(७) स्वप्न कथन दोष– सपनामा आफ्नो इष्ट मन्त्र अरूलाई बताउनु स्वप्न कथन दोष हुन्छ ।

(८) अभक्ति– श्रद्धा हीन, मन्त्र जपगर्दा मनलाई यता उती डुलाईरहनु आफ्नो मन्त्रप्रति अविश्वास हुनु आदि अभक्तिमा पर्छ । तन्त्रशास्त्र श्रद्धा, आस्था, दृढ विश्वास र भक्तिमा केन्द्रित छ, अविश्वास र अभक्ति यसको क्षेत्रमा प्रवेश गर्नु नै हुदैन ।

विभिन्न किसिमका साधना गर्दा साधकले आफ्नो कार्य अनरूप कै दिशातर्फ मुख गरेर मन्त्र जप गर्नु पर्छ ।

शान्ति कर्म– उत्त मुख ।

वशीकरण उच्चाटन, अभिचार कर्म– दक्षिण मुख ।

धन प्राप्ति– पश्चिम मुख ।

पुष्टि कर्म– उत्तर मुख ।

फूल प्रसाद दिँदा, जन्तर बनाउँदा अथवा भूत-प्रेत भगाउँदाको समयमा गन्ती नगरेर नै मन्त्र पढ्ने गरिन्छ यस्तोमा मालाको प्रयोग नै हुँदैन, आसनको पनि कुनै विशेष महत्त्व रहदैन । तर मनत्र जागरण, मंत्र सिद्धि र कुनै तान्त्रिक साधना गर्दा महत्त्व रहदैन । तर मन्त्र जागरण, मंत्रसिद्धि र कुनै तान्त्रिक साधना गर्दा हजारौंको संख्यामा एउटै मंत्र जप गर्दाको समयमा साधकको गर्दा हजारौंको सफलता साधकको भावनाको समान बस्ने आसन र प्रयोग गर्ने मालाले पनि विशेष महत्त्व राख्दछ । साधकको लागि सहजै उपलब्ध हुने कम्बल, मोटो कपडा अथवा कुशले निर्मित सात्विक आसन नै धेरै उचित हुन्छ । जहाँसम्म मालाको प्रश्न छ, 'तन्त्रसार' नामक प्राचीन पुस्तकमा दिइए अनुसार औलामा जप गरिने मन्त्र साधारण, पुत्रजीवाको मालाले दस गुणा, स-सानो शंखले बनेको मालाले सय गुणा, मुंगाको मालाले हजार गुना, मणि, रत्न तथा स्फटिकको मालाले दस हजार गुणा, मोतीको मालाले लाख गुणा, सुनको मालाले करोड गुणा, कुश ग्रन्थिको मालाले अरब गुणा र रूद्राक्षको मालाले जपगर्दा अनन्त गुणा फल प्राप्त हुन्छ । जहाँसम्म व्यावहारिकता र सुविधाको प्रश्न छ धेरै जसो प्रयोजनको लागि मन्त्र जप गर्दा रूद्राक्षको माला र मोटो उनी कम्बललाई चार तह गरेर आसनको रूपमा प्रयोग गर्नु सर्वश्रेष्ठ हुन्छ । लागु भागु भगाउँदा धामी झाँक्री जान्नेले कराउँदै हात गोडा हल्लाउँदै मन्त्र पढ्ने गर्छन् ।

मन्त्र जप गर्दा ओठ हल्लीने र श्वास तथा स्वरको निस्सारणको गति

एवं कम्पन्नको आधारमा शास्त्रहरूमा जप गर्ने प्रक्रियालाई तीन भागमा विभाजत गरेका छन्–

(१) वाचिक जप– जप गर्दा अरूलाई त के स्वयं आफ्नो कानसम्म साधकको ध्वनि पुग्न हुँदैन भन्ने शास्त्रमा लेखिएको छ । मंत्र सिद्धि गर्नको लागि यो सबभन्दा कम प्रभावशाली भएको मानिन्छ ।

(२) उपांशु जप– ध्वनि बाहिर न निस्किए पनि अरूले हेर्दा साधकको ओठ हल्लीरहेको देखिन्छ, तर ध्वनि भने अरूलाई त के स्वयं जपकर्ताको कानसम्म पनि पुगेको हुन्न ।

(३) मानस जप– जपकर्ता मन मनमै निरन्तर मन्त्र दोहराई रहन्त तर जपकर्ताको ओठ होइन, जीब्रोसम्म पनि हल्लिदैन अरूले हेर्दा बसी बसी निदाएको जस्तो देखिन्छ । यी तीन किसिमका जपहरू मध्ये शास्त्रले मानस जपलाई श्रर्वश्रेष्ठ मानेको छ ।

मंत्र सिद्धिमा ध्वनिको सीमा भन्दा पनि धेरै महत्त्वपूर्ण भूमिका रहन्छ स्तवनको गति अर्थात् साधकले मनमनै त्यस मंत्रलाई दोहऱ्याउँदा लगाउँने समय । कुनै पनि मन्त्रको जप यती छितोछिटो गर्नु हुदैन कि त्यसको अर्थ, अभिप्राय र भाव साधकले नै चिन्तन पनि गर्न नसकोस् । यसै गरी स्तवनको गतिको बारेमा शास्त्रले कारण सहित विवेचना गर्दै स्पष्ट गरेको छ– कुनै पनि मन्त्रको जप यती छिटछिटो गर्नु हुदैन कि त्यसको अर्थ, अभिप्राय र भाव साधकले नै चिन्तन पनि गर्न नसकोस् । यसै गरी स्तवनको गतिको बारेमा शास्त्रले कारण सहित विवेचना गर्दै स्पष्ट गरेको छ– कुनै पनि मन्त्रको जप गर्ने बेलामा मन्त्रको साथमा एकात्म भाव अर्थात् मन्त्रको अर्थ र अभिप्रायलाई मन-मस्तिष्कमा चिन्तन गर्दै रहनु सफलताको अनिवार्य शर्त हो– 'यज्जस्तदर्थ भावनम्' । मन्त्र र त्यसको भावको साथमा साधकको हृदयमा त्यसको शक्ति समावेश हुनु नै मन्त्र सिद्धि हो जुन फूलपात दिदा अथवा जन्तर बनाउँदाको समयमा शाधकले पीडित व्यक्तिलाई त्यो शक्ति प्रदान गर्दछ, यो नै धामी झक्रिको मूल आधार हो । शाबर मनत्र हजार/पाच सय पटक जप गर्दा नै सिद्ध हुने गर्छ । कुनै मन्त्र एघार हजार पटक जप गर्दा सिद्ध हुन्छ भने कुनैलाई एकाउनन हजार पटक जप गर्ने विधान छ । मन्त्रको जप पूरा भएपछि कुल संख्याको दशौं भाग आहुति दिने गरिन्छ ।

मंत्र जप पुरा भएको भोलीपल्ट हवन गर्ने गरिन्छ । हवन गर्दा पनि प्रत्येक आहुतिको साथ त्यही मन्त्र अन्तमा स्वाहा लगाएर स्पष्ट स्वरमा दशौं भाग आहुतिदिनु नै धेरै फलदायक हुन्छ तर यदि अर्थ अभावको कारण यो सम्भव भएन भने तब अन्तिम दिनमा कुल योगको दशौं भाग आहुति नदिएर नै जप मात्रै पनि गर्न सकिन्छ । पहाँसम्म व्यावहारिकताको प्रश्न छ। पाध्यता भएममात्र यस्तो गरे हुन्छ, मनत्र जप पूर्ण भएपछि जप गरिएको मन्त्र संख्याको दस प्रतिशत आहुति दिनु नै उचित हुनेछ । सामान्य रूपमा कुनै पनि मन्त्र जप गरिसकेपछि कालो तिल, जौ लगायतका सामग्रीको साथमा शुद्ध घीउको पनि आहुति दिन सकिन्छ । शान्तिकर्म गर्दा दूध, घीय र बेलपत्रको साथै चमेलकिो फूलले हवन गर्नु पर्छ ।

धनको चाहना गर्नेले कमलगट्टा, दही र घीउ मिसाएको अन्नले हवन

गर्नु पर्छ । अरूलाई आकर्षण गर्नृको लागि चिरौजी र बेल पत्रको हवन गर्नु पर्छ र वशीकरण सिद्ध गर्न सरसौं र नुनले हवन गर्नु पर्छ । सकेसम्म मारण साधना त कहिल्यै गर्नु नै हुदैन, सम्भव भएसम्म उच्चाटन र मोहन साधना पनि नगर्नु नै राम्रो हो । जुन व्यक्ति अज्ञानको कारण अथवा प्रमादवश मुद्राहीन होम गर्दछ, त्यस्तो साधक स्वयं भ्रष्ट भै हाल्छ । जुन साधकले हात खुम्चाएर आहुवि दिन्छ, त्यस मुद्रालाई सुकरी भनिन्छ । कान्छी औंला छाडेर आहुति दिने मुद्रालाई सुकरी भनिन्छ । कान्छी औंला छाडेर आहुति दिने मुद्रालाई हंसी र जसले कान्छि औंलाको योगले आहुति दिन्छ त्यसलाई मृगी मुद्रा भनिन्छ । हवनको प्रयोजन अनुसार नै मुद्राको चयन गर्दा पूर्ण सफलता प्राप्त हुन्छ, हवन अनुसार नै मुद्रा चयन गर्नु अनिवार्य छ । मन्त्र नित्य नियमित गर्नाले साधकले सिद्ध गरेको मन्त्रको शक्तिलाई उसभीत्र शुरक्षित त राख्दछ नै त्यसको शक्ति बढाउदछ पनि । यसो त कुनै पनि मन्त्रलाई जति धेरै मात्रामा जप गर्ने गरिन्छ, त्यसको शक्ति त्यति नै धेरै बढ्दै जान्छ, हो शाधकको सफलताको आधार भनेको नै यहि हो ।



# नुनसँगै भित्रिएको लोकनाटक : तपुस्यप



● **गोपाल फ्युबा तामाङ**

उहिलेका कुरा खुइलिए भनेर काठमाडौँ हुँदै परदेश हुँइकिने मेसो मिलाउँदै थिए । कसो कसो काम कुरो मिलेन मरूस्थल छाडेर जन्मस्थल फर्किए । गाउँ फर्किदा शिक्षा र चेतना पनि थपेर आएको थिए । भिन्न किसिमको सोंच विकास भएकाले होला तामाङ अमूर्त सम्पदातर्फ लहसिए । तामाङ संस्कृति अनुसन्धान विभागमार्फत् आधादशकको निरन्तर अनुसन्धान र अभियान पश्चात २०६५ को केन्द्रिय ल्होछारमा घोडचढी नाच (तपुस्यप) झाँकीको रूपमा पाँच मिनेट देखाइयो । कुनै निश्चित स्थान वा क्षेत्रमामात्र प्रस्तुत हुने तपुस्यप नेपाल तामाङ घेदुङ, धादिङको समन्वयमा टुँडिखेलको विशाल मैदानमा खुडा, तरवार र भालाका साथमा १०० भन्दा बढी कलाकारहरूको जोडदार र जीवन्त अभिनय देखायौँ । मञ्चमा निश्चित कलाकार र समयमात्र देखाउन पाएपनि हामी घण्टाघरदेखि लगातार २ घण्टा नाचिरह्यौं । यसले हामी तपुस्यपका अभियन्ताहरूको हौसला बढेको थियो, बढाएको थियो ।

स्थानीयरूपमामात्र नाचिने यो नृत्य प्रथम धादिङ महोत्सव २०६४मा प्रदर्शन पश्चात थपचर्चा र प्रशंसा बटुल्न सफल भएको थियो । अझ २०६५ मा काठमाण्डौँको टुडिखेलमा आयोजित लाङ ल्होछार कार्यक्रममा प्रदर्शन गरे पश्चात ब्यापक प्रचार प्रसार र चासोको विषय बन्न गयो । घोडचढी नाचलाई यसरी चर्चा योग्य बनाउन स्थानीय तामाङ तान्वा, गान्वा, लामा, व्हाईपोम्पो, रोडा समूह, नेपाल तामाङ घेदुङ, विभिन्न महोत्सव आयोजक समितिहरू, सरकारी निकाय, जि.वि.स. धादिङ र रसुवा, टिआरपिएपि कार्यक्रम, स्थानीय संघसंस्थाहरू, श्रष्टा अभियान धादिङ, सञ्चार तथा छापा माध्यमहरू, तामाङ संघ संगठन, पत्रकार, विद्धान र अनुसन्धानदाताहरूले समेत पर्याप्त सहयोग गरिरहेका छन् ।

**नुनसँग तपुस्यप पनि ल्याए**

एक समय नुन सिमानाका बासिन्दाको जीविकाको आधार थियो । सन् १८५० भन्दा अघिदेखि नै नेपालबाट खाद्यान्न र तिब्बतबाट याक, घोडालगायत नुन आयात गरिन्थ्यो । व्यापारमा वस्तु विनिमय प्रणाली अपनाएका थिए । सिमानाका

मानिसहरू नुन र खाद्यान्न साटिदिएर नै जीविका चलाउँदथे । नेपालका मानिसहरू कैयौं दिनसम्म हिँडेर भीर कन्दरामा बास बसेर चामल, मुगा, तोरी, मकै आदि खाद्यान्नसँग नुन साटेर ल्याउँथे । त्यसबेला वर्षको दुई पटक भोटमा जाने गरेको ८९ वर्षिया खनियाबास गाउँपालिका वडा नं ३ ब्युर्चेत निवासी बुद्धि बहादुर तामाङको सम्झना छ । उहाँकाअनुसार चैत्रमा चामल, तोरी लाने र असोजमा मकै लाने गर्दथे । गोर्खा, मनकामना, आरूघाटदेखिका मानिसहरू गुम्दी, खनियाबास, पाचेत, स्हंगम, फ्युकुरी हुँदै रसुवा निस्कन्थे भने अर्को बाटो म्हन्दङ, ज्यम्बल, सिन्तुङ हुँदै पनि थियो । पहिलो बाटोमा गाउँहरू पर्दथे भने दोस्रो मार्ग जंगलको थियो । घरबाट निस्किएको ३० देखि ४५ दिनमा नुनलिएर फर्कन्थे । यो जंगलको मार्ग अहिले पनि भेडीगोठको खर्क सार्न प्रयोग गर्दछन् ।

नुन बोक्न पटकपटक जाँदा बाटोमा पर्ने गाउँहरूमा बास बस्नु पर्दथ्यो । यसरी पटकपटक बस्दा त्यहाँका स्थानीयहरू सँग चिनजान गरी साइनो लाउथे । मितेरी साइनो गाँसेपछि कोसेली आदनप्रदान हुनुका साथै सुरक्षा पनि मिल्दथ्यो । यसरी रहँदाजाँदा संस्कृति पनि आदनप्रदान हुन थाल्यो । त्यही क्रममा तपुस्यप पनि सिमानाका गाउँहरूबाट यता सरे । अहिले यो क्रम ठ्याक्कै रोकिएको छ । चिनले तिब्बतमाथि आक्रमण, खम्पाविद्रोह र नेपालमा पञ्चायतको कारण सीमा कडाइ गर्दा नुन लिन जान आउजाउ बन्द भयो । धर्म, संस्कृति, परम्परा, वेषवुषा समेतको समानता रहेका हिमालीहरूको मितेरी सम्बन्ध टुट्न गयो । तैपनि ती सम्बन्धहरूको दसी स्वरूप केहीगीत, संगीत र लोक नाटकहरू यद्यपि प्रचलनमा रहेका छन् । त्यस मध्येको एक तपुस्यपको चर्चा यहाँ गर्ने प्रयास गरिएको छ ।

**के हो त तपुस्यप** ?

घोडचढी नाच तामाङ शब्द तपुस्यपको नेपाली अनुवाद हो । त भनेको घोडा पु यानेकी पुम्पलको अर्थ चढेको स्यप भनेको नाच हो । यसर्थ घोडचढी जस्तो बनेर नाचिने युद्ध नृत्यलाई घोडचढी नाच भनिन्छ । यो नाच पश्चिमी तामाङ क्षेत्रमा प्रचलनमा छ । रसुवा, नुवाकोट र धादिङ उत्तरी क्षेत्र यानेकी ल्हाप्साङकर्पो क्षेत्रमा बढी प्रचलित पाइन्छ । यस क्षेत्र नेपालको वर्तमान भौगोलिक विभाजनभन्दा पहिला पश्चिम नुवाकोट १ नम्बरमा पर्दथ्यो । धादिङ जिल्लाको तिप्लिङ, सेर्तुङ, झार्लाङ, कुरी, ब्युर्चेत, माहुर, रि र सेमजोङ, नुवाकोट जिल्लाको सङ्गम, बल्छी, किम्ताङ र रसुवा जिल्लाको गलङ, गोल्जोङ आदि स्थानमा अहिले सम्म पनि प्रदर्शन गरिने गरेको पाइन्छ ।

मानिसको कम्मरमा दुइतर्फबाट काठहरू बाँधिन्छ । अगाडि पट्टि सानो डोका काठमा बाँधी टाउको बनाई त्यसमा नाक, मुख र कान बनाइन्छ । पछाडि पट्टि पनि सानो डोकोमा पुच्छर बनाई गोइले छोपेपछि रातो घोडचढी ल्हसइदेव र सोही प्रक्रियाबाट जामाले छोपे पछि सेतो

घोडचढी गोर्खइग्यल्बो बन्दछ । प्रत्येक घोडचढीसँग दाँया हातमा तरवार र बाँया हातमा ढाल, टाउकोमा ऋ्याकी र अनुहारमा रातो रङ्ग पोतिन्छ । अन्य सहायक सैनिकहरू आआफ्नै समूह मुताविकको ऋ्याकीकाँधदेखि कम्मरसम्म बाँधी हातमा भाला वा धनुष लिन्छ । संख्याको निर्धारण नाच प्रस्तुत गर्ने स्थानमा आधारित हुन्छ । तर कम्तीमा एक एकमुख्य घोडचढी र एक एक सहायक सैनिक हुनु अनिवार्य छ । साथै दुबैतर्फको संख्या बराबर हुनुपर्दछ । ल्हसइदेवहरू डसङको उत्तरतर्फ र गोर्खइग्यल्बोहरू दक्षिणतर्फ तयारी गरिनु पर्ने मान्यता छ ।

नृत्य मार्गदर्शनको लागि प्रत्येक समूहसँग दुईजना लामाहरू हुनु पर्दछ । झ्याम्टा लिने प्रमुख र ढ्याङ्ग्रो लिने सहायक हुन्छ । दुबै तर्फका लामाले जीतको लागि मन्त्र पाठ गरेर सहभागी सबैलाई टिका लगाइदिएर नाचको शुरूवात गर्दछ । लामाको पछिपछि घोडचढी, सहायक र समर्थकसहित दुवै टोली होहल्ला, युद्ध, काटमार र लखेटालखेटको अभिनयका साथ डसङ प्रवेश गर्नु पर्दछ । तर ल्हसइदेवको टोलीभन्दा गोर्खइग्यल्पोको टोली अलिकता भएपनि अगाडि डसङमा प्रवेश गर्नु पर्ने मान्यता रहेको छ । केही समयको लखेटालखेट तथा युद्धको अभिनय पश्चात मध्यस्तकर्ताहरूको सहयोगमा युद्धविराम भई वार्ता हुन्छ । वार्ता गीतिभाकामा निम्नानुसार गरिन्छः

सेतो घोडचढी (गोर्खइगयल्बो) : खेनील्हसइदेव ङिनिगोर्खइग्यल्बो चि दोन्ले फेब नाङची? (तिमी ल्हासाको हामी गोर्खाको कुन कारणले यहाँ आयौ ? )

रातो घोडचढी (ल्हसइदेव) : खेनि गोर्खइग्यल्बो ङिनिल्हसअी देव छनी यबो खुर्न गोर्खइ य्हुल्सादिङना । (तिमी गोर्खाली हामी ल्हासाको नुन बेच्न गोर्खा आ'को ।)

लगातार मध्यस्तकर्ता मार्फत नुनसँग चामल विनिमय गर्न खोज्छन् । नुन र चामलको महत्वदुवै तर्फका दुतहरूले प्रस्तुत गर्छन् । एक अर्कासँग सहमत नभई पुनः युद्धमा होमिन्छन् । बल्झिएको युद्ध झन खतरनाक हुन्छ । फेरी वार्ता हुन्छ फेरी कुरा मिल्दैन र तेस्रो पटक युद्ध हुन्छ । युद्ध मारकाटबाट आजित भइ बराबरीमा नुन र चामल साटफेर गर्दछन् । कसैले नहारेकाले दुवै टोली मित्रवत ब्यवहार गर्दै डसङमा लस्करै बसी विजयउत्सव मनाएर नाचको अन्त्य गरिन्छ ।

**नुनको लागि युद्ध ।**

तपुस्यपमा व्यापार वाणिज्यको सन्दर्भ आउछ । यसैले व्यापारको लागि गरिएको लडाइको सम्झनामा देखाइने लोक नाटक हो । यसमा नुन र चामल साटेर मिल्ती गराउने चलन छ । नेपालको इतिहासलाई केलाउँदा नेपाल र तिब्बतबिच पटक पटक युद्ध भएको पाइन्छ । विशेषगरी भारतसँगको व्यापार नसप्रिदासम्म नेपालीको नुनदाता तिब्बत नै थियो । नुनबिनाको अलिनो तरकारी खाँदा स्वाद नआउने हुनाले नुन सबैको लागि जरूरतको चिज बनेको थियो ।

नेपालको इतिहास अनुसार नेपाल र तिब्बतबीचको सम्बन्ध गोर्खाली राजा पृथ्वीनारायण शाहले एकिकरण गर्नुभन्दा पहिले प्रतापमल्लको शासनकालदेखि नै थियो । तिब्बतसँग भारतको स्वार्थवस दौत्य सम्बन्ध स्थापित गरेको भए पनि कुटनितिक र वाणिज्य सम्बन्धको लागि महत्वपूर्ण कुति केरूङ मार्ग बन्यो । त्यसले गर्दा मल्ल राजाहरू सो मार्गमा आफ्नो आधिपत्य जनाउन झगडा गरिरहेको बेला नुवाकोट विजयपश्चात गोर्खाली राजाले पनि त्यसमा भाग पाए । व्यापारमा खटपट उत्पन्न भएकोले सन् १७७५मा खासा सन्धि गरियो । मुद्रा, व्यापार र समर्पा लामालाई सुपुर्दगीको कारण बहादुर शाहको नायवीकाल सन् १७८८ मा नेपाल तिब्बतबीच युद्ध भएको थियो । नेपाली सेनाले कुती र केरूङ दुई तर्फबाट आक्रमण गरेका थिए । सिमानाका तामाङहरूको सहभागिता गोर्खालीको तर्फबाट बढाउनकै लागि परवल लामालाई सर्दार बनाई युद्धमा पठाएका थिए । तिब्बतका धेरै स्थान नेपाली सेनाले कब्जा जमाएर आत्तिएको बेला चीनको सुझावमा केरूङ सन्धि भयो । यो सन्धि चीनले तिब्बतको साथ दिन गराएकोले सन्धिका बुँदाहरू तिब्बतीपक्षले उलङ्घन गर्न थाले । चिनियासेना तिब्बतमा आइ बसेकाले नेपालीपक्षसँग विभिन्न विषयमा विवाद निकाल्न थाले । कुटनीतिक प्रयासबाट समस्या समाधाननभए पछि अगस्त १७९१ म पुनःतिब्बतमाथि नेपाली सेनाले आक्रमण गरे । कुती, शिकारजोङ कब्जागर्दै सिगात्सेसम्म धावाबोल्न पुगे । तासिहुन्पो मठ समेत कब्जामा लिएको बखत७०,००० चिनिया सेनाको सहयताले नेपाली सेनालाई वेत्रावतीसम्म लखाटेर ल्याए । सन् १७९२ मा वेत्रावती सन्धि भयो । नेपाल र अंग्रेजको युद्ध र आन्तरिक अस्थिरताले धेरै समयसम्म नेपाल र तिब्बतको युद्ध बल्झेन । जंगबहादुर राणाको पालामा वेत्रावती सन्धिमा गुमाएको अधिकार लिनपुनः युद्ध गर्ने तयारी भयो । तयारी मुताविक लडाई जित्दै गए । अन्तमा सन् १८९२मा थापाथली सन्धि भएर लडाई सकियो ।

यसरी हेर्दा तीन पटक नै नेपाली सेनाले आक्रमण गर्न गएको छ । घोडचढी नाचमा पनि गोर्खइग्यल्बोहरू नै डसङ्मा अगाडि प्रवेश गर्दछन् । युद्ध र वार्ता पनि तीन पटक नै हुने गर्दछ । लडाईको तयारी र प्रभाव ल्हाप्साङकर्पो क्षेत्रमा परेको छ । त्यसैले यहाँका बासिन्दाहरू आफ्नो देशको रक्षार्थ लडाइमा सहभागी हुनु स्वभाविक थियो । त्यसैले यहाँका तामाङहरूसँग यो नाचको प्रत्यक्ष सम्बन्ध छ । अनि उनीहरूले आफ्नो संस्कार, संस्कृति र परम्पराको रूपमा घोडचढी नाचलाई संरक्षण र संवर्धन गरिएको पाइन्छ ।

त्यसैले नामाकरण, प्रभावित क्षेत्र, वार्ता शैली र भाषाको आधारमा पनि घोडचढी नाच नेपाल तिब्बतबीचको ऐतिहासिक लडाइहरूमा आधारित छ भन्ने पुष्टि गर्दछ ।

**थप कुरा**

घोडचढी नाचको इतिहसलाई केलाउदा नेपाल र भोटविचको सन् १७८८–१७८९, सन् १७९१–१७९२

र सन् १८५५–१८५६ मा भएको मुद्रा तथा व्यापार सम्बन्धी युद्ध र वार्ताहरूको प्रतिनिधित्व गरेको छ । त्यसबेलाको युद्धमा तामाङहरूको पनि सहभागिता रहेकोले शाहदत प्राप्त साथीहरूको सम्झना र सम्मानका साथै परिवारजनलाई सान्त्वाना दिन यो नृत्य शुरू गरिएको जनविश्वास पाइन्छ । नामाकरण गोर्खाइग्यल्पो र ल्हासाइदेव भएकोले पनि घोडचढी नाच गोर्खाली र ल्हासालीसँग सम्बन्धित भएको पुष्टि हुन्छ ।

त्यसबेलाको युद्धमा सहभागी हुनगएकाहरू कतिपय हताहत भएका थिए । आफ्नो आफन्त नफर्केको सोधीखोजी गर्दा मर्‍यो भन्न सकेनन् । तर लगातार सोधीखोजी भएपछि बताउन बाध्य भयो । मौखिक रूपमा मरणको शन्देश दिन अफ्ट्यरो भएकोले आफुहरूले युद्धबाट जितेर ल्याएको रगत लतपतिएको ढाल र तरवार प्रदर्शन गर्दै हामी यसरी लडेका थियौ, अन्य साथीहरू यसमा शाहदत प्राप्त गरे भन्ने अभिनय गर्न र आफन्त जनको चित्त बुझाउन भनि नृत्य शुरू भएको भन्ने मत तान्वागान्वाहरूको रहेको छ । विरगति प्राप्त गरेका सहयोद्धाहरूको स्मृतिमा प्रत्यकवर्ष माघ महिनाको दशमीदेखि पूर्णिमासम्म विशेष उत्सव छेची/छेज्यू/छेजी आयोजना गरी यसलाई थप ब्यवस्थित बनाएका थिए । सन् १८३३ (बि.सं १८८९) तत्कालिन पश्चिम १ नम्बर तथा हालको धादिङ जिल्ला खनियाबास गा.पा. वडा नं ३ को ब्युर्चेत गाउँमा वर्षेनी नाचिने गरे पनि १९ औं शताब्दीदेखि एक तेस्रो वर्षमा मान्ने गरेको मनाइएको तामाङ संस्कृति अनुसन्धान विभागको प्रतिवेदन–२०६४मा उल्लेख छ । त्यसपछि मात्र तामाङ बाहुल्य रहेका ल्हाप्साङकर्पो क्षेत्र भरि पनि बेलाबखतमा घोडचढी नाचनाच्ने प्रचलन रहेको पाइन्छ । पूर्खाहरूको वलिदान, युद्धकौशलता, चातुर्यता र वीरताको ज्वलन्त उदाहरणको रूपमा पनि यस नाचलाई लिन सकिन्छ । १० वर्षे जनयुद्धको उत्कर्षकाल २०५७ पछि ब्युर्चेतमा भने यो परम्पराको समेत अन्त्य भएकोमा २०६९ देखि पुनः शुरूवात गरेको छ ।



**घोडचढीको स्वरुपबनाउँदै ।**



युद्धको तयारी विजयको आशीर्वाद दिँदै लामा गुरु ।



ल्हसइदेवको रुपमा ।



लखेटा लखेटको अभिनयगर्दै कलाकारहरु ।



लडाइ लडेको अभिनयगर्दै कलाकारहरु ।



झ्याम्टा बजाइनाचमाताल, उत्साह र मार्गदर्शन दिदैं लेखक



धादिङवेसीको कार्यक्रममा प्रदर्शनको तयारी गर्दै कलाकारहरू ।

*– खनियाबास, धादिङ*

# जइसन करनी ओइसन भरनी



• विजयकिशोर पाण्डे

बारा जिला के एगो गाँव मे घटल वास्तविक घटना हवे। यी जिला में एगो गांव बाटे। ऊ गांव में एगो मंदिर रहे। ऊ मन्दिर में पूजा करेवाला एगो साधु रहे। मन्दिर बहुत रमणीक स्थान पर रहे। खाना खा के गाँव के आदमी सब दिन में ऊहां जा के आराम करत रहे सब। रोज रोज के इहे दिनचर्या रहे। अवर ऊ मन्दिर में रहेवाला साधु जवन रहे हमेसा झूठ बोल के गाँव वाला के आपस मे झगड़ा करावत रहे।

गांव के लोग मुर्ख रहे। साधु के बात पर सब लोग विश्वास करत रहे। अइसही करते करते साधु के आदत बन गइल रहे। एक दिन के बात हवे की साधु दु आदमी में झगड़ा लगा देलख। ऊ दुनु आदमी के घर मे बहुत कसके झगड़ा भइल। मारपीट के भी अवस्था आ गइल। ऊ दुनु गोडा में से ए गोडा तनका चलाक रहे।

ऊ अपना मन मे सोंच विचार कइलख अवर मनेमन सोंचलख की हमनी गांव वाला के हरदम एक आपस मे झगड़ा काहे होखेला। ऊ मन में विचार कर के झगडिया के बोलवलख आ कहलख की ई बात तोहरा से के कहल हवे। तब ऊ झगड़िया कहलख की इहे मन्दिर के साधु बाबा हामारा से कहलन हवे।

हमरो से उहे कहलन की फलानवा तोहरा बारे में हइसे हइसे कहत रहे हो। तब दुनु झगडिया मन्दिर मे जा के साधु से पुछलख की, तु हमनी दुनु आदमी के कथि कथि कहले बाढ। साधु कहत बाड़न की हम कहाँ केहु से कुछो कहले बानी, ना। हमनी दुनु आदमी से फलनवा तोहरा के हइसे हइसे कहत रहे। तबे त हमनी में झगड़ा हो त रहे।

तब सब लोग बुझ गइल की आज तक यी गांव के झगड़ा के जड़ ई साधुवे हवे। गांव वाला साधु के मारपिट ना कइलख, अवर कहलख की हे भगवान ! यी साधु के विचार तू करिह। ऊ दिन साधु पूजापाठ कर के भगवान के भोग लगा के अपने भोजन कर के रात मे सुत गइलन। सबेरे साधु उठलन। आपन नित्य क्रिया कर्म कर के पूजापाठ कर के गाँव मे जात रहलन, तब पछाडि से एगो कुकुर आ के उनका के काट लेलख। गाँव वाला कहे लागल की साधु के झूठ बोल के गांव वाला मे झगड़ा लगावे के सजाय भगवान आजु दे देलन हवे।

मठ मन्दिर मे साधु के झूठ बोल के अईसन काम ना करे के चाही। साधु के भी ई बात के ए हशास भइल अवर मन्दिर में जा के भगवान के सामने कहलन की हे प्रभु! आज से अइसन गलती कहियो ना करेम।

हमनी जइसन करेम ओइसन फल मिलबे करी। एमे कवनो संका के जगह नइखे।

*- फेटा, बारा*

# मेरो अधिकार मेरो परिभाषा



● गोविन्द प्रसाद घिमिरे 'वेदमणि'

म हुँ मानव भन्दै छु खै कहाँ मानवत्व छ
मान्छे भै गर्नुपर्ने के ? न मैले बुझ्नुपर्दछ
अरूको हक खोसेर आफ्नै कुम्लो सजाउने
आफ्नै, आफन्तका निम्ति जे पनि मिलाउने
बाटो मलाई चाहिन्छ अरूलाई त दिन्न म
निकास ढलको ढोका आफ्नै निमित्त खोल्छु म
फोहोर अरूको लागि मैले सुगन्ध सुँघ्नु छ
खोसेर अरूको भाग आफ्नै भण्डार भर्नुछ
सीमा खाऊन् छिमेकीले टुक्राटुक्रा निलून् कतै
अधिकार छ खानेको भन्दै संयम हुन्छु मै
निजीकरणको नाम दिई उद्योग बेच्छु म
मजदुरहरूलाई विदेशतिर भेज्छु म
निजी संस्थान पारेर आफ्ना मान्छे मिलाउँछु
डुबोस् संस्थान जहाज चासो म किन राख्दछु
खाद्यान्न टन्न आयात गर्दै किसान पाल्छु म
देश खोक्रो बनोस् के भो आफ्नै सिद्धान्त पेल्छु म
कार्यकर्ता लुटुन् देश उनकै अधिकार छ
जेजे गरून् जता जाऊन् अहिले गणतन्त्र छ
म हुँ मानवको नेता मैले सम्पूर्ण हेर्नु छ
आफ्नो मानव को को छन् उनैको हित खोज्नु छ
अधिकार छ यो मेरो देशभन्दा ठुलो ठुलो
आफन्तहरूकै तिम्ति चाहन्छु देशमा भलो
अधिकार छ यो मेरो पालिनु अनि पेलिनु
आ–आफ्नो परिभाषा हो नयाँ सिद्धान्त खोजिनु ।

# जिन्दगी (शार्दूलविक्रीडित छन्द)



• वेदप्रसाद रिजाल

आँसीको निशिझैँ कुनै तरहले कालो नहोस् जिन्दगी
पापी चित्त नहोस्, कतै कपटको जालो नहोस् जिन्दगी
आफ्नो कुत्सित लाज छोप्न नहुने टालो नहोस् जिन्दगी
लोभीका घर अन्न संचित हुने डालो नहोस् जिन्दगी
मात्रै स्वार्थ बढाउने छल कतै गर्ने नहोस् जिन्दगी
झूटा बात, असत्यका भ्रमहरू छर्ने नहोस् जिन्दगी
ती काला धन खोज्न लम्पट बनी मर्ने नहोस् जिन्दगी
खोसी गाँस गरीबको उदर यो भर्ने नहोस् जिन्दगी
काँडा वा विषवृक्ष भै भुवनमा जाग्ने नहोस् जिन्दगी
जस्तै आपद झेलियोस् तर कतै भाग्ने नहोस् जिन्दगी
आफ्नो संस्कृतिको कुनै परिधिमा नाघ्ने नहोस् जिन्दगी
भोको पेट रहोस् तथापि निहुरी माग्ने नहोस् जिन्दगी
तीखो कण्टक भै कुनै पथिकमा कोर्ने नहोस् जिन्दगी
यो सद्भाव र एकता मुलुकको फोर्ने नहोस् जिन्दगी
आफैँ मात्र धनी हुने रहरमा चोर्ने नहोस् जिन्दगी
मारी न्याय कतै यहाँ धनहरू जोर्ने नहोस् जिन्दगी
लेखौँ सत्य, असत्यका विषय यी फुर्ने नहोस् जिन्दगी
भै पूर्वाग्रह भाव पन्थ बिचमा कुर्ने नहोस् जिन्दगी
छोपी पाप जघन्य भित्र मनमा पुर्ने नहोस् जिन्दगी
स्वार्थी, दुच्छर मित्र मात्र भवमा जुर्ने नहोस् जिन्दगी
काला कर्तुतका कुनै पथहरू खुल्ने नहोस् जिन्दगी
मिल्दा मान घमण्डले मन कतै फुल्ने नहोस् जिन्दगी
छाडी मार्ग कुमार्गमा रहरले डुल्ने नहोस् जिन्दगी
झुट्ठा बात र काममा लहसिँदै झुल्ने नहोस् जिन्दगी

*मंगलबारे, देउमाई-४, इलाम*

# तिमी जित्ने छौ



● डा.कृष्ण सुवेदी (भारद्वाजमित्र)

तिमी आफूलाई
उज्यालोको पुजारी भन्छौ
हो तिमी आफूलाई
उज्यालोको पक्षपाती भन्छौ
हुन पनि तिमी
उज्यालोको हिमायती नै हौ
तिमीले आफूलाई
उज्यालोको आर्जनमा
सर्लक्कै अर्पेका छौ

चिनेका छौ
तिमीले उज्यालोलाई
अझ जानेका छौ तिमीले
उज्यालोको ओजलाई
त्यसैले यत्न गरेका हौ तिमीले
उज्यालो ल्याउन
प्रमिथसले आगो चोरेर ल्याए जसरि
कठिनयात्रा तय गरेकाहौ
यो धरतीको अँध्यारो हटाउन
र मान्छेका मनभरिका अँध्यारो पन्छाउन

कोही मेहनत गरिरहेको छ
तिम्रो यात्राका विपक्षमा
कसैले तिम्रो बाटो छेकिरहेको छ
उभिइरहेको छ उज्यालोका बिरूद्धमा
भ्रममा छौ तिमी
तिमीले मात्रै चिनेका छौ
उज्यालोलाई
तिमीले मात्रै जानेका छौ
उज्यालोको अर्थ

हटाऊ अब तिम्रो भ्रम
उज्यालोको महत्ता
मैले मात्र बुझेको छु भन्ने
उज्यालेको सार्थकता मात्र छ भन्ने
आऊ तिमी यथार्थमा
समाऊ अझ सत्यलाई
रखोज जब्बर ओखती
तिम्रो उज्यालोको फसल जोगाउन

झनै राम्ररी चिनेको छ
तिम्रो उज्यालोलाई उसले
पहिल्याउन सकेको छउसले
उज्यालोको मर्म र महत्ता
भलिभाँती बुझेको छ उसले
आफूलाई उज्यालो नफाप्ने कुरा
ऊ त अँध्यारोमा बलियो हुन्छ
अँध्यारोमा फुल्ने गर्छ
उसको अभिष्ठ
त्यसैले ऊ निरन्तर क्रियाशील छ
तिमीजस्तै
अझ बलिया हतियार लिएर
कालो अभिष्ठको बाली सपार्न

तिमीले पनि तिखार्नु पर्नेछ
आफ्ना औजारहरू
क्षेप्याश्त्रका बान्कीमा
अन्तर महादेशीय मात्र हैन
खाँचो छ क्षमता नक्षत्र युद्धको
उठाउन र जोगाउन आफूलाई
युगिन हैसियतमा
अन्ततः तिमी जित्नेछौ
किनभने
उज्यालो त शाश्वत प्रकृया हो

— *मित्रवास, कमठमाडौँ*

# माकुरो र मान्छे

• रविमान लमजेल

मानिसको जिन्दगी भन्नु नै
माकुराको जालो जस्तो रहेछ
रूखका हाँगा हाँगासम्म
टाँगेर आफ्नो जाल
बीचमा केन्द्र बनाएर
हेरिरहन्छ यताउता ।
किरा फट्याङ्ग्रा र झिंगाहरूको खेल
एउटा झिंगा आएर
अल्झिन्छ जालमा
झम्टेर जान्छ माकुरो
र जोड-जोडसँग समातेर
आफ्नो आहारा बनाउँछ
र खुब रमाउँछ ।
माकुरो जस्तै मान्छे पनि
थरीथरीका जाल विछ्याएर
प्रतिघात, षड्यन्त्र र कुकर्मका
नरभक्षी आँखाले हेर्दै
आफ्ना प्रतिद्वन्दीहरूलाई
पराजित तुल्याउन
भएभरको बल झिकेर
दुस्प्रयासको जाल बुन्छ
कहिलेकाहीँ
आफैंले बुनेको जालमा अल्झिएर
बगरको माछो झैं छट्पटाउन थाल्छ
त्यो बेला नातागोता र आफन्त
र निकटम मित्रहरू सम्झन्छ
उसको अगाडिको कर्तुतले गर्दा
सबै टाढा टाढा पन्छिसकेका हुन्छन्
उसलाई साथ दिने कोही हुँदैनन्
लम्पसार परेर
आफ्नो कलुषित व्यवहार
सम्झन थाल्छ
त्यो बेला उसलाई अधोगतिले
खाडलतिर निम्त्याइरहेको हुन्छ ।
जब जाल फ्याँकेर
निर्दोष कीराहरूलाई
कालको मुखमा पुऱ्याउन
तम्सिएको माकुराले
धूलो चाट्न विवश भएझैं
थाहा पाउँदैछु
आफ्नै मान्छेको गला रेट्न
तम्सिएको मान्छे
आफ्नै गला रेटिएर
मृत्युको पञ्जाभित्र कक्रिन
विवश भएको छ ।
त्यसैले म भन्छु
ए मान्छे !
तिमी षड्यन्त्रको जाल
अर्काको निम्ति नबुन
हिटलरले जस्तो
निरंकुशता नअपनाऊ
तिमी मृत्युको मुखमा
जाकिनु सिवाय
अर्को विकल्प छैन
स्वच्छताको इतिहास रच
तिम्रो उचाई अग्लिने छ
तिम्रो महानता चुलिनेछ ।

# छातीमा आगो बोकेको मान्छे

• मधुर भट्टराई

ऊ हिँडि/ह्यो
हिंड्नु एउटा कठोर बाध्यता हो
निरन्तरताको कुर्कुच्चा नै खिइने गरि
हिंडिरहयो निरन्तर
आँखामा हिमालको उचाइ राखेको छ उसले
छातिमा पहाडको सौन्दर्य दशैंको भित्ता झैं पोतेको छ
खुट्टामा नदिको बिजुली बेग बोकेर
उ हिडिरह्यो निरन्तर ।

सामुन्ने सुतिरहेका अल्छी बाटाहरू छन्
बाटाहरूलाइ जर्याकजुरूक उठाएर
छाया झैं उभिएका युग उग्राएका रूखहरू छन्
रूखहरूलाइ चौतारीमै बिसाएर
हिडिरह्यो निरन्तर ।

उसले सुनेको छ सपनाको सम्मोहित धुन
त्यही धुन गुन्गुनाउँछ ऊ
उसले हालेको छ सामर्थ्यको पुल
त्यही पुलबाट तर्छ अप्ठ्यारो पनि अप्ठ्यारो मान्ने खोंचहरू
उसले पारेको छ आत्मबिश्वासको पाखुरा  बलियो
किनार लछार्ने जंघारहरूमा
उसले बनाएको छ खुट्टा धुरी खाँबो झैं
र हिंडिरको छ बर्षातमा, आँधीमा, तुफानमा।

तिर्खालाइ गाडेको छ उसले  सडक किनारामा
भोकलाई टाँगेको छ चमेरो झैं रूखको हाँगामा
थकानलाइ रूझाएको छ पसिनाकै बर्षातमा
ब्यबधानका तगारो माथी आकाश भएर

र बिश्वासको छातीमा मैदान भएर
हिंडिरह्यो हात हल्लाइरहेको गन्तव्य हेरेर
अबिराम, अकण्ट्क र अविजित ।

उसको आँखामा बलिरहेको आगो हेर
र छोडिदेउ उसको बाटो
उसको खुट्टामा ब्युँझिएको उत्साह हेर
र देउ एक थुँगा मुस्कानको फूल
बिश्वास गर–
वसन्त उसको पाइला पछ्याउँदै आउनेछ ।

उ आफैं अबिराम यात्राको गति हो
हिंडेर थाक्दैन–
हिंड्दा हिंडदै भोलि ऊ
उदाउनेछ घाम भएर
वा –
क्षितिजको अग्लो लिस्नो उक्लेर
मुस्कुराउनेछ जून भएर।

उ हिडिंरहेछ निरन्तर
हिंड्नुको अर्थ भन्दा पनि अघि अघि
हिंडिरहेछ निरन्तर।

*बर्दिबास– ४, महोत्तरी*

## गीत

• **शैलेन्दुप्रकाश नेपाल**

सुखले मान्छे मार्दछ
दुःखमा बन्छ जीवन ।
सुखमा परी जो फुल्छ
रित्तिन्छ कठै यौवन ॥
पसिनासितजो भिज्छ
अमृत मिल्छ गाँसमा ।
सपना बन्छ रङ्गीन
मायालु निद्राकाखमा ॥
संसार आफैँ भित्र छ
प्रकृतिअसलमित्र छ ।
जीवन बुटी बोलीहो
आनन्दमिल्ने झोलीहो ॥

# आह्वान



• विनोद नेपाल

मान्छेहरू पछ्याइरहेछन्
स्खलितविचारहरू
मानेर बेतुककातर्कलाई आदर्श
वेदकाऋचाझैँ
जपिरहेछन्,
पूजिरहेछन्,
परिक्रमागरिरहेछन् तिनकै
लावालस्कर लागिरहेछन् त्यतै ।
म एउटा सचेत नागरिक
कहाँदेख्न/सहन सक्छु आँखा
सामुका यी अस्वभाविक दृश्य ?
राम्ररी थाहा छ
कुबाटो समाएर
पुग्िादैन गन्तव्य ।
अहँ हुँदैन,
उठ ए साथी हो
फेरि एकपटक फुकौँ बिगुल
नबनौँ लाटोकोसेरो
नडराउँ उज्यालोसँग
जगाउँ लठ्ठिएकाहरूलाई
ब्युँझाउँ मोहमा परेकाहरूलाई
घाँस हालिरहेका छन् कोही पशुझैँ
हामीलाई
उग्राउनु हुँदैन चपाएर त्यही
ओकल्नु पर्छ आगो तिनका मुखमा
र डढाउनुपर्छ तिनलाई
ताकि
आइन्दाकोही कसैले यस्तो दुस्साहस
गर्न नसकोस्
बन्धकबनाएर स्वाभिमान
कसैको भजन गाउनु नपरोस् ।

*— पोखराथोक, माडी पाल्पा*

# गजल



• लीलाराज दाहाल

अचेल यो रोगी समयले चित्कार गर्दैछ
फूलले आज काँडालाई बलत्कार गर्दैछ

उनलाई भेटूँ भेटूँ लाग्न छोड्यो अचेल त
अब भने यो औषधिले चमत्कार गर्दैछ

कसरी होला बाँच्ने अब सोच्दैछु म अझै
पुलिस चोर डाकालाई नमस्कार गर्दैछ

अभाव महङ्गीको यो अँध्यारो शासनमा
तस्करले इमान्दारलाई दुत्कार गर्दैछ

*— वागमती ११, कर्मैया ,सर्लाही*

# मितवाद र परेवा

• डा गोविन्द आचार्य

बाजसँग परेवाले मित लायो भन्छन्
बाज परेवा एकै स्वरमा गीत गाए भन्छन् ।
घरमा बस्ने परेवाले भुलीगयो घर
मान्छेसँग बस्ने गर्थ्यो गयो पर पर ।
परेवाले घर भुल्यो जात पनि भुल्यो
बाजसँग मित लायो वनवनै डुल्यो ।
बाजसँग डराएर मान्छे छेउ आउँथ्यो
मानिसले चारो दिन्थे रमाइरमाई खान्थ्यो ।
चारो दिने मानिसलाई मौका परे ठुँग्छ
परेवाले भाका भुली बाजको भाका गाउँछ ।
कुन वंशको थियो होला कुन वंशमा गयो
बाज परेवा मित लाए संसार चकित पर्‍यो ।
भुली गयो विगतमा बस्ने गुडँ पनि
परेवालाई बिगतमा बाज थियो खुनी ।
परेवाले जातवंश आनीबानी फेर्‍यो
विगतका रौँ पखेटा चालगति फेर्‍यो ।
मित लाउन लायक ठानी बाजले मित लायो
परेवा र बाजको भाका अति रूखो आयो ।
बाजको रूप फेरिएन परेवाले फेर्‍यो
परेवाको रूप कुरूप संसार चकित पर्‍यो ।
धुर्तसँग मन मिलाउन क्यारी सक्योहोला
धुर्त बस्ने गुँडमा बस्न क्यारी पुग्योहोला ।
वर्ण शंकर पनि हैन हो यो कस्तो कस्तो
परेवा त ज्ञानी हुन्थे यो त छुच्चो जस्तो ।
परेवाले बाजसँग मित कसरी लायो
बाजको भाका सिकीकन दुरूस्तै पो गायो ।
भुली गयो साथी-सङ्गी विगतको घर
फेरीसक्यो कलागला उस्तै कहाँ छ र ।
कति राम्रो घरको स्वभाव परेवाले बास्ने
त्यही घरमा बसीकन माया प्रिती गाँस्ने ।
जानी जानी बाजसँग मित लाउन गयो
बाजलाई फेर्ला भनेको त आफैँ फेरीगयो ।
फेरीएर साथीसङ्गी सन्ततीलाई ठुँग्यो
कहीँ नभाको धुत मोरो फेरिएर गयो ।
परेवालाई हेर आज सिकारीको रूप
धोइपखाली गर्‍यो हेर विगतको सीप ।
परेवाको गुडँ छैन फाली गयौ बाजमा
बस्न गाह्रो भयो आज बाज शासनको राजमा ।
नमिलेको वर्गसँग मित लाउने कस्तो
देखावटी हो कि क्या हो किर्ते माया जस्तो ।
नटुटाउनु नछुटाउनु हित परेको मित
बाजपरेवा मित लाउन क्या मिलेको चित्त ।

# भोजपुरी गजल



• गोपाल अश्क

एह सवाल के जवाब ना मिलल आज ले
काहे जिनिगी के हिसाब ना मिलल आज ले

ना मिलल आज ले धरती से आसमान
मेहताब से आफताब ना मिलल आज ले

मिलल जीवन में सुने के बड़का उटका-पुरान
कवनो ढंग के किताब ना मिलल आज ले

मुँह छुपा पावे आदमी खुद अपने ही नजर से
अइसन कवनो नकाब ना मिलल आज ले

जेकरा में होखे ना तनिको सा कमी कमजोरी
अइसन कवनो जनाब ना मिलल आज ले

एक बेर पिअला पर ना उतरे जिनिगी पर
अइसन कवनो शराब ना मिलल आज ले

ना मिलल आज ले, ना मिलल आज ले
दिल से दिल बेहिसाब ना मिलल ना आज ले

*– बीरगंज, पर्सा*

# हिमालको आवाज



● डा. दामोदर पुडासैनी 'किशोर'

मेरो मुटुलाई पछ्याउँन् तिम्रा आँखाहरूले
तिम्रा पाइलाहरूका सपनाको गन्तब्य
मेरो मुटु होस् भन्ने कामना गरिरहेछु
म सँग एउटा गीत छ सँसार जत्तिकै पुरानो
त्यही गीतले हो तिमीलाई तानिरहने
हिउँको लय,बतासको लय ,कुहिरोको लय
सबै लयहरू देखिन्छन् मेरो अनुहारमा
तिम्रा सबै अदृश्य लयहरू मैले तनतनी पिइरहेछु
आँधीहरू मेरा श्वास हुन्
ठक्करहरू मेरा बाटाहरू हुन्
गन्तब्य एउटै हो तिम्रो र मेरो
म तिमीलाई पनि
आँधी र ठक्करहरूले शुध्दिकृत गर्न चाहन्छु
बादलहरू भूतका चित्रहरू च्यात्दैछन्
पहाडहरू भयका रूपहरू खसाल्दैछन्
तिम्रो मन भित्रको उकुसमुकुस्
कुलो खनेर मेरा सिरा धमनीमा गर्दैछु प्रत्यारोकपण
म हिउँद ओडेर रमाउँन चाहन्छु
तिमी हिउँद हौ मेरो लागि
त्यसैले त साथमै राख्छु म हर क्षण
चिशो घाम ,चिशो जून र चिशो हावा
सबै तिमी हौ मेरो लागि
यिनै चिशोहरूको घेरा पाएर पो
तात्न पाएकोछु म भित्रभित्रै

मेरा रौँहरूमा
तिम्रा गुनकेशरीहरू फूलाएकोछु
म आरोहीहरूलाई
वासनाको मादकता थाम्न
दिइरहेछु चुनौति
तिम्रो र मेरा सपनाहरू
उठदैछन् अँध्यारो र ठण्डीबाट
कुनैदिन फैलनेछन् आगोको झिल्का बनेर
तिमी बतास बन
म ब्युँझाउँनेछु बतासलाई ज्योतिमा घोलेर
बतासको स्पन्दन बोकेर फक्रनेछ उज्यालो
तिम्रो र मेरो कोमल स्पर्शमा
यो बेला तिम्रा स्वादिष्ट रँगहरूमा
प्राण भर्न लागेकोछु
मेरै कुचिका असँख्य कोमल रेशाहरूले
रेशाहरूकै डँगुर हुँ म
रेशाहरू तन्काऊ वा खुम्च्याऊ
त्यो तिम्रो सपनाको सूचीभन्दा टाढा छैन

— *काठमाडौँ*

# सपना



• **विजयराज न्यौपाने**

स्वदेश घरका टाठा–बाठाले जनतासित
देखाई सपना साट्छन्, मतले बन्न मालिक
देखाउँछन् यहाँ खाली, सपनै सपना कति
सपना विपनामा खै, देखिँदैन कहीँ रति
पत्यायौँ जे भने त्यैत्यै, बाँड्छन् सपना सधैँ
अझै पत्याउँदै हिँड्छौँ, तिनकै सपना कठै !
के होला ? सपना पूरा, हुन्न हुन्न बुझौँ कुरा
बोली के कहिले गोली, होला काम दिने छुरा
तिमी हामी त नेपाली, सिल्ली भएर ढाँटिदा
गरिबी, महँगी उम्ली, पोलेको छ यहाँ सदा
देशको मुख फेर्ने खै, न छ लक्ष्य फराकिलो
दुखेको छ यता छामे, उता छामे उही पिलो
ठाउँको ठाउँमा रोकौँ, बाँड्ने ती सपना सदा
हिस्स परून् तिनै भोलि, मतको फल आउँदा
विवेक बलले दान, गरौँ यो मत सम्मत
सपना विपनामा नै, गरौँ है देख्न हिम्मत

— लमजुङ


# हुन्छन् सदा झङ्कृत

• खोलाघरे साहिंलो

वाणी हो ध्वनि सूचना हृदयको आवाज अर्थ्याउने
वाणी आपसका विचारविविधा बुझ्ने र फैलाउने
वाणीले हर वस्तु, चित्र मनमा गर्ने हुँदा सञ्चित
वाणीबाट कला र सँस्कृतिहरू हुन्छन् सदा झङ्कृत ।
वाणी लेखन, काव्य हो ध्वनित हो, सङ्गीत हो, वेद हो
वाणी नै पहिचान हो मनुजको उत्थानको फेद हो
वाणी जीवनढङ्ग रङ्ग भवको गर्ने सबै नि :सृत
वाणीबाट कला र सँस्कृतिहरू हुन्छन् सदा झङ्कृत ।
वाणी नै सब जीवका हृदयको सङ्केत हो, नाद हो
वाणी हर्ष, विषाद, शान्ति, ममता, कारूण्य, उन्माद हो
वाणीले इतिहास भन्छ युग होस् जे स्तुत्य वा निन्दित
वाणीबाट कला र सँस्कृतिहरू हुन्छन् सदा झङ्कृत ।
दिन्छन् ताल मृदङ्ग ढोल,तुरही वाणी छ ती तालमा
वाणी हुन्छ समस्त नृत्य गतिमा वा भङ्गिमा चालमा
पंक्षीका सुप्रभात नाद जहिल्यै वाणी भए स्वीकृत
वाणीबाट कला र सँस्कृतिहरू हुन्छन् सदा झङ्कृत ।
बोल्छन् राष्ट्रिय गर्व मौन पनमा दौरा र चोलीहरू
वाणी छर्न अमूर्त छन् छङछङे झर्ना र खोलीहरू
बोल्छन् जाति अनेकले लवज जे भेटेर आफ्नासित
वाणीबाट कला र सँस्कृतिहरू हुन्छन् सदा झङ्कृत ।

*फुएतप्पा, फाकफोकथुम-४, इलाम*

# आमाको श्रृङ्गार



● केदारप्रसाद रेग्मी

यो विश्वको सुन्दर देश नेपाल, सगरमाथा शिरमा हिमाल
नेपाल आमा तिमी सुन्दरी छौं, सानी रसिली गुणी अति छौ
यो विश्वकी सुन्दरी नै तिमी हौं, सानी भएता पनि ठूली छौ
यो विश्वले हेदर्छ खुसी भएर, सगरमाथा शिरको श्रीपेच
यो विश्वको उच्च हिमाल राम्रो, सगरमाथा शिर हो यो तिम्रो
प्रकृतिको सुन्दर याँ कला छ, कला उतार्ने कर यो गला छ
श्रीसूर्य चन्द्र तिमीलाई हेर्न, आइरहन्छन् दिन र रात घुम्न
यो विश्वले हेर्छ खुसी भएर, सगरमाथाको शिरको श्रीपेच
नेपाल आमा तिमी सुन्दरी हौं, श्रृङ्गार नहुँदा मलिनी देखियौं
श्रृङ्गार गर्छु यही रङ्ग लगाई, राम्री मपार्छु मन यो लगाई
साहित्य सङ्गीत कला रंगैले, श्रृङ्गार गर्छु जननी मनैले
श्रद्धा दया र प्रेम परोपकार, सद्भाव माया रङ्ले सिङ्गार्छु
स्वधर्म शान्ति एकता विवेकको, कर्तव्य न्याय देशप्रेम सबैको
शिक्षा सुस्वास्थ्य पथ बत्ती पानी, यी उन्नतिको रङ्ले सिंगार्छु
मन्दिर र बगैचाहरू सिंगार्छु, आमा तिमीलई म राम्री पार्छु
नदी तलाउ पोखरी ठूला छन्, यी बाट बत्ति झिकी लौ सिंगार्छु
सेवा सबैको गरिदिन रात, सुकर्मको मार्गमा म आफैँ खटेर
हो धर्मको मूल दया भनेर, समानताको स्वविकेक लिएर
प्राणी सबै आत्म छोराछोरी हुन्, पशुपक्षी अरू जो जति छन्
पिता पुरूष हुन् अनि नारी माता, भन्ने सुनौलो रङ्गे सिंगार्छु
आमा तिमी स्वर्ग समानकि हौं, म स्वर्ग जान्न तिमी साथ बस्छु
भोका र नाङ्गाहरूका धुरीको समस्या, टारेर राम्रो सिंगार्छु
जङ्गल जडिबुटी जनावरैको, त्यो उन्नतिको रङ्ले सिंगार्छु
पवित्र राम्रो रंगले सिंगार्छु, बसेर काख्मा यही काम गर्छु
सिंचाई बाटा पुल उन्नतिको, राम्रो रंगैले म सिंगारी दिन्छु
अमूल्य धातुहरू खानी बाट, झिकेर राम्रो रंगले सिंगार्छु
गरीब बृध्द असहाय बाल, गरेर सेवा रंगले सिंगार्छु
धनी गरीब खाडल यो पुरेर, समानताको रंगले सिंगार्छु
के ? छैन तिम्रा तनमा सबै छ, सुन चाँदी हीराहरू नै धेरै छ
फलाम तामा र विविध धातु, चुन कोइला नुनहरू नै धेरै छ
खोजेर झिकेर धनी म पार्छु, तिमी धनी हौ म धनी हुने छु
यो स्ववलम्बी रंगले रंगाई, म राम्री पार्न मनयो दिने छु
उर्वर तिमी हौ म हली बनेर, खाद्यान्नको उन्नति नै गराई
फल फूल धेरै अनि घाँस पात्, तरकारी सब्को खेती नै गराई
झिकेर ग्यास अनि तेल धेरै, धनी भरिलो हँसिलो गराई
सम्पन्नताको रंगले रंगाई, चिटिक्क पार्छु म हजुरलाई

*– दिप्रुङ चुइचुम्मा-४, खोटाङ*

# मनको बह



• खिमानन्द पोखरेल

रून्चे स्वरको चित्कार अव कति सुन्नु मैले
रमाउँदै ढोका खोल्न सक्नुपर्थ्यो पैले पैले
स्वतन्त्रताको हाँक गर्दै चल्न खोजे पछि
आकाङ्क्षाका डोवहरू रमाउँछन् त कैले ?
हाउगुजीले तर्साउने गर्छ कहिले काहीँ
अवशेषको पारा पनि चढ्न सक्छ हाई
मजवुरीले भित्र कतै तोढ्न सक्छ पारा
जीवन मुखी क्षणहरू हरेक पाईलापाईला
आऊँदा खुसी जाँदा रून्चे स्वर हुन्छ सवको
कानूनको कुरा सँगै हुन्छ होला हकको
वेतालको स्वरमा कतै बज्न थाल्यो मादल
नपत्याए हेर्नुस् उसले कुरा गर्छ झक्को
पत्याऊँ वा नपत्याऊँ जिन्दगीका कुरा
मडारिँदै किन कुन्नी चल्छन् पेटमा छुरा
वेहोसमै कतै पासापल्टियो कि भन्छन्
नपत्याए हेर्नुस् उन्को हात भरी चुरा
सुखियाको सधैँ यश दरवार भित्र बस्छ
दुःखियाको रून्चे सधैँ खोपी भित्र पस्छ
दुःख सुखका कुरा गर्दा पागल भईन्छ कि
नपत्याए हेर्नुस् उस्को शिरको टोपी खस्छ
बाघको छाला काढेर नै डम्फो बजाईन्छ
तिमी मात्र होइन मन्मा अरू सजाईन्छ
चाल पाई चाल नपाई के के गरौँ जस्तो
भण्डाफोर गर्नेको यहाँ चुक्लि लगाईन्छ
शरिरको अङ्ग अङ्ग नशा सल्बलाउँछ
मन्को भित्रि अँध्यारोमा मन चल्मलाउँछ
बेसुरमै हावा चल्दा हुन्छ न्यानो न्यानो
जाडो भयो भने मात्र मुटु खल्बलाउँछ
जाडो भनौ भने यहाँ सितलता छैन
गर्मी अति भयो भने लु चल्या नि छैन
गर्मी जाडो दुबै भनौँ कता ठिक्क हुन्छ
बेतुकको माग यहाँ पुरा हुने छैन
समय सँगै चल्छ घडी, घड़ी सँगै मन
जहाँ जाउँ सँगै हुन्छ उस्को तन मन
आकाशको वादल सँग उडुँ घरी घरी
सानो हैन ठूलो वाधा देख्छु झनझन
आयु सकिएको कुरा गर्दा हुन्छ छुट्टी
समयको माग के हो बुझ्दै हिँड्ने खुट्टी
माग माथी माग राख्दै वोल्न सकिएन
सकिएन बोल्न भने खानु पर्छ जुत्ति

*— पराल्मी, गुल्मी*

# रक्ष राईकृत कथासंग्रह डायस्पोरिक र युद्ध साहित्यको फ्रेममा झुन्डिएको 'पल्टनेको फोटो'



• विजय हितान

परिचय : यसअघि 'शहीदकी आमाको लास' र 'बालुवामा अर्को नेपाल' कथासङ्ग्रह प्रकाशन गरेर रक्ष राईले एक अव्वल कथाकारको कोटिमा आफूलाई स्थापित गराइसकेका छन् । यसपल्ट उनी 'पल्टनेको फोटो' कथासङ्ग्रह लिएर हामी पाठक सामु आएका छन् । यसलाई सांग्रिला बुक्सले वि. स. २०७५ मा प्रकाशन गरेको हो ।

पाठकले आफ्नो मनमस्तिष्कको भित्तामा सहजै टाँसेर राख्न सक्ने गरी 'पल्टनेको फोटो'लाई साहित्यिक कलाको फ्रेमभित्र मज्जाले सजाएका छन् । यसलाई आफ्नो जीवनका विभिन्न कालखण्डमा एक गोर्खा पल्टनेले खिचेर राखेका तस्विरहरू हुन् भने पनि हुन्छ । सत्रवटा कथाहरू छन् यो सङ्ग्रहभित्र । यसर्थ यो कृति सत्र किसिमका लाहुरेका फोटाहरू समेटिएका एउटा मोटो फोटो एल्बम हो कि भन्ने भान हुन्छ । यस मानेमा कथाकार रक्ष एक कुशल फोटोग्राफरसरह देखिन्छन् ।

यहाँभित्रका कथाहरूमा हराउदैजाँदा सैन्य अनुहारलाई विभिन्न रङ्गिन चित्रमा उद्धृत गरिएजस्तो लाग्छ । मानौँ डायस्पोरा, प्रेम, पीडा, बिछोड, रोमान्स, वेदना, अहंकार, युद्ध, पल्टने प्रवृति, विकृति र विसङ्गति इत्यादिका चौकसमा सजाएर एक साहित्यिक ग्यालरीभित्र प्रदर्शनमा राखिएको छ । आफ्नो प्रत्येक आर्ट-पिसलाई एक चित्रकारले मूर्त अमूर्त शीर्षक दिएकै हुन्छ । रक्षले पनि सैन्य जीवनलाई प्रतिबिम्बित गर्ने ती आफ्ना आर्ट-पिसलाई मेरी स्वास्नीको लोग्नेसँग, आत्मभर्सना, अहंकार, टोम पाइपरको एक साँझ, गृहबन्दी, वधशालामा बूढो मजदुर, पुरुष वेश्यालय, पल्टनेको फोटो, छुटेको साथी, बत्ती निभेपछि, गोर्खा, अष्ट्रियाली फूल, राइफलम्यान यवहाङ, शहरको केटो, मरेको बाघ, बाटोको ढाकर, केयर होम भनेर शीर्षक दिएका छन् । यस हिसावले रक्ष एक दक्ष आर्टिष्ट हुन् भन्ने महशुस पाठकलाई हुन्छ नै ।

दर्शकहरूले प्रदर्शनमा टाँगिएका चित्रकलालाई कसरी हेर्छन्, आ-आफ्नो सोचाइमै भरपर्ने कुरा हो । 'पल्टनेको फोटो'भित्रका कथारूपी फोटाहरू हेरेपछि मैले रक्षको लेखनकलामा विशेष पृथकता पाएको छु । कथाहरू कलात्मक शब्दहरूले निर्माण गरिएका छन् । दर्शनको बाक्लो जलप लगाइएको पाइन्छ । रक्ष नवचेतनाग्रह, युद्धसौन्दर्य र डायस्पोरा साहित्य सिद्धान्तका गहन अध्येता हुन् । यसो हुनाले दर्शन र सिद्धान्त

कथामा नभल्किने कुरै भएन । चित्रकला अति अमूर्त रूपले कोरियो भने बुझ्न गाह्रो हुन्छ । रक्षका कथाहरू रहस्यमय चित्रकलाजस्तै भएर मेरो आँखासामु उभिएकै हुन् । यसो हुनुको कारण कथामा घटनाभन्दा दर्शन र विचार बढी नै हावी हुनाले हुनसक्छ । फलस्वरूप साधारण पाठकलाई कथाहरू पूर्णरूपमा बुझ्न सजिलो नहोला कि भन्ने मलाई लागेको छ तर पूर्ण मनोरञ्जन भने प्रत्येक कथाहरूले अवश्य दिनेछन् ।

केही कथाहरू यस्ता पनि छन्, कथाकारको नाम र लिङ्ग नखुलाई पाठकलाई पढ्न दिइयो भने एक महिलाले लेखेको कथा हो कि भन्ने लाग्छ । रक्षले 'पल्टनेको फोटो' र 'केयर होम'जस्ता कथाहरूमा आफूलाई नारी पात्रमा प्रस्तुत गरेर नारी संवेदनालाई रोमाञ्चित ढङ्गले चित्रण गर्न सफल भएकाछन् । यसरी केही कथाहरूमा फ्रायडवादलाई पस्कँदै नारी संवेदनालाई अभिव्यक्त गर्न सक्ने उत्कृष्ट कलालाई रक्षको एक विशेषता मान्छु म ।

युद्ध साहित्यको परिभाषाअनुसार युद्धपूर्व, युद्धरत र युद्धपश्चातका अवस्था समेटिएर लेखिएका सिर्जनालाई युद्ध साहित्य मानिन्छ । रक्षका कथाहरूले मूलत सैन्य अर्थात् लाहुरे जीवनलाई प्रतिबिम्बित गरेको पाइन्छ । यसर्थ ' पल्टनेको फोटो' एउटा युद्ध साहित्यको स्वरूप हो । प्राय सबै कथाहरू भर्ती भएर जाँदा, ब्यारेकभित्र रहँदा, सैन्य अभ्यास गर्दा, युद्धमा सामेल हुँदा र निवृत्त भएपछिका भोगाइमा केन्द्रित छन् । भौगोलिकताको हिसाबले कथामा नेपाल छ । मलेसिया, हङकङ, बेलायतका स्थानहरू पनि समेटिएका छन् । त्यसैगरी फकल्यान्ड, बोस्निया, कोसभो, इराक र अफगानिस्तानका भौगोलिक परिवेशलाई पनि छुटाइएको छैन । यसको अतिरिक्त गोर्खा भर्तीका अँध्यारा पाटा, सैन्य तथा उसका आफन्तका पीडा, युद्धको कुरूपता र सौन्दर्य, प्रवासी नेपाली हुनुका वेदना, नेपाली डायस्पोरिक जीवनभोगाइका तितामिठा पल, नारी संवेदना इत्यादिको रसस्वादन पनि यी कथाहरूभित्र बहकिदैजाँदा लिन पाइन्छ ।

माथि उल्लेख गरिएका यिनै भिन्न भिन्न पाटाहरूलाई कुन कुन कथाले कसरी समेटेको छ भनि मेरो समीक्षात्मक टिप्पणी संक्षिप्ततामा निम्न प्रकार छ :

**कथामा प्रतिविम्बित भाव** : १ **गृहस्थी डामाडोल परेको कथा 'मेरी स्वास्नीको लोग्नेसँग'** हामी बेल्पाली (बेलायती नेपाली) सरह रक्ष एक आप्रवासी लेखक हुन् । जो सुकै होस एक प्रवासी भएपछि नौलो परिवेशमा भिजेर बस्न गाह्रो हुन्छ । अरूको संस्कारमा अन्तर्धुलन हुन खोज्दा आफ्ना मूल्य र मान्यता गुमाउनुपर्छ । मूल्य र मान्यता मात्रै होइन, श्रीमतीले श्रीमान्, श्रीमानले श्रीमती गुमाउनुपर्ने अवस्थाको पनि सिर्जना हुनसक्छ । यस्तै घटनालाई सङ्ग्रहको प्रथम कथा 'मेरी स्वास्नीको लोग्नसँग'मा बडो संवेदनशील तरिकाले प्रस्तुत गरिएको छ । नेपाली श्रीमानले आफ्नी श्रीमतीलाई स्थानीय गोरासँग गुमाएको कथा हो यो ।

रक्ष वेल्सको एक सानो बस्तीमा सपरिवार बस्दै आएका छन् । पढ्दै जाँदा कतै कथाकार स्वयमकै जीवनमा घटेको साँचो घटना त होइन भनेर सोच्न बाध्य बनाउँछ । त्यहीको चित्रण गर्दै, आफू बस्दै आएको घरभित्र आफ्नी पूर्व पत्नीको नयाँ लोग्ने अर्थात् एक जारसँगको वार्तालापमा केन्द्रित छ यो कथा ।

'यो तेरो नेपाल हैन, बुझिस् ।' त्यो बेलायती लोग्नेकी नेपाली स्वास्नी मलाई तँजस्ता पुरुषहरूलाई तह लगाउने देश

हो भनेर मेरो औकातलाई स्मरण गराउन खोजिरहेकी छे ।'

'देखिस्, आज म संसारकै स्वतन्त्र नारीप्रधान देशमा छु । अब मैले कुनैपनि पुरूषको अर्धाङ्गिनी र दासी भैरहन पर्दैन ।'

२ **फ्रायडवादी दर्शनले सिँगारिएको 'आत्मभर्त्सना'** दाम्पत्य जीवन प्रेमलाई बन्दी बनाएर उभिएको हुन्छ । प्रेमको नैसर्गिक स्वतन्त्रतालाई व्यक्तिको स्वार्थको परिधिभित्र सङ्कुचित गरिनु अप्राकृतिक हुन्छ । जसले अप्राकृतिक कार्य गर्छ, उसले प्रलय बेहोर्नुपर्छ । भनेर ' आत्मभर्त्सना'लाई फ्रायडवादी दर्शनले सिँगारिएको छ ।

कथामा रोमान्स भएन भने खल्लोपन हुन्छ, एक उजाड मरूभुमिजस्तो । दुश्मनमाथि आक्रमण गर्ने कठोर हृदयमात्रै होइन, सैनिकमा प्रियसीलाई प्रेम गर्ने कमलो मन पनि हुन्छ । शत्रुलाई घोच्ने तिखो ब्यानेट मात्रै बोक्दैनन् लाहुरे आफ्ना मायालुलाई आकर्षण गर्ने मायाका अङ्कुस पनि मनभरि बोकेका हुन्छन् । यस्तै प्रेमलिलाको रसस्वादन लिएँ मैले त यस कथामा ।

यस कथाभित्रको पात्र सिपाही र परिवेश ब्यारेक हो । त्यसकारण यो कथा एक युद्ध साहित्य हो । तथापि कथाले फ्रायडवाद दर्शनलाई पनि त्यत्तिकै समेटेको छ । आफन्तहरूबाट टाढिएर देशको सिमाना रक्षा गरिरहँदा या रणभूमिमा पुग्दा होस् गहिरो प्रेमराग र प्रेमपीडा प्राय सबै सैनिकले भोग्ने गर्छन् । सिपाहीका त्यस्ता अनुभूतिलाई साहित्यको रङ्ग पोतेर कसरी लेखनमा उतार्न सकिन्छ भनेर यस कथाले सिकाउँछ । पढ्दै जाँदा कथाले पाठकलाई कथाभित्रको मूल पात्र मै हुँ कि जस्तो गराउँछ । उता घरदेशमा प्रेमिका अथवा श्रीमतीलाई छाडेर आउने, यता परदेशको ब्यारेकमा आफ्नो छचल्किरहेको जवानीलाई सम्हाल्न नसकी स्थानीय युवतीको प्रेमलिलामा मधहोसी भएको घटनाक्रममा यो कथा बुनिएको छ ।

**३ युद्ध सौन्दर्यको प्रयोग 'अहङ्कार'** : यो संसारमा युद्धकाल भयङ्कर डरलाग्दो भएपनि कालान्तरमा यसले सकारात्मक परिवर्तन ल्याएको देखिन्छ । यस्ता सकारात्मक परिवर्तनका केही उदाहरण वेलायत, जापान र जर्मनजस्ता राष्ट्रहरू हुन् । यसरी युद्धले कुरूपता मात्रै होइन, सौन्दर्यलाई पनि बढावा दिएको हुन्छ । युद्ध सौन्दर्य युद्ध साहित्यको एउटा भाग हो । युद्धले विध्वङ्श मात्रै गर्दैन मानव उपयोगी वस्तुहरूको सिर्जना पनि गर्छ । डढेलोले पुराना वनस्पतिलाई जलाएर नयाँलाई उम्रने वातावरण सिर्जना गरी अर्को सुन्दर बासस्थानको निर्माण गरेजस्तै । यस्तै युद्ध सौन्दर्यको प्रयोग भएको पाइन्छ 'अहङ्कार' कथाभित्र ।

रक्ष बेलायतको तर्फबाट बहुराष्ट्रिय मोर्चामा खटिएर बोस्निया पुगेका थिए । अनि त उनी बोस्निया युद्धका एक योद्धा नै हुन् । त्यही युद्ध भोगाइले जन्माएको हो यो कथा । कुविचार र सुविचारजस्ता दुई फरक विचारको द्वन्द्वले प्रारम्भ हुन्छ युद्ध भनेर उनले यहाँ प्रस्ट्याउन खोजेका छन् । बोस्नियामा युद्ध प्रारम्भ हुनुको मुल कारण के थियो भन्ने तथ्यकुरा यस कथामा उल्लेख गरिएको छ । यस दृष्टिकोणले यो कथा एक ऐतिहासिक दस्तावेज बनेर रहन सक्ने मेरो पुर्ण ठम्याईछ ।

यसका मूल पात्र एक गोर्खा सिपाही हुन् । अर्का एक खलपात्र असिर रहमान भने बोस्नियाका स्थानीय युवक हुन् । युद्धमा खटिएको सैनिक र युद्धद्वारा पीडित एक सर्वसाधारणका युद्धलाई हेर्ने

आँखा कस्ता हुन्छन् भन्ने मनोविचारमा यो कथा केन्द्रित छ । रक्षका अन्य कथाहरू भोगाइ, अनुभूति, सामाजिक र पारिवारिक परिवेशका पाइन्छन् । यो कथा भने बढी नै शिक्षाप्रद लाग्छ ।

**४ पुर्वेली र पश्चिमेली पारिवारिक सभ्यताको मिश्रण 'टोम पाइपरको एक साँझ'** : रक्षजस्तै विदेसिएका नेपालीहरू त्यहीँका स्थानीयहरूसँग घुलमिल भएर काम गरेका छन् । रोजगारीको शिलशिलामा स्थानीयहरू आत्मीय साथी बन्छन् । उनीहरूसँग संस्कार र संस्कृतिका कुरा आदानप्रदान गरेर नेपाललाई चिनाउने प्रयास हाम्रो जहाँपनि रहिरहन्छ । लोग्नेस्वास्नी, छोराछोरी, सपरिवार पबमा गएर बियर पिउनु र खाना खानु बेलायती परम्परा हो । नेपालीको संस्कारमा भने छोराछोरीसँग भट्टीमा गएर सँगै पिउने गरिँदैन । यस्तै भिन्न संस्कृतिलाई रक्षले 'टोम पाइपरको एक साँझ' कथामा पस्केका छन् । टोम नाम गरेको सहकर्मीको श्रीमती र छोरीसँग पबमा गरिएको वार्तालापले बेलायती मूल्य र मान्यता के हो भनेर यस कथामा झल्क्याइएको छ ।

कथामा पर्यावरणको विषयलाई पनि उठान गरिएको छ । यसर्थ मजस्तो इको साहित्यको अभियानमा लागेको व्यक्तिलाई कथाले नछुने कुरै भएन । यसले रक्षमा इको साहित्यचेत पनि रहेको पुष्टि गर्छ । टोमकी छोरीसँगको वार्तालापमा आफू प्रकृतिप्रेमी भएको र पर्यावरण प्रदूषणको धरापमा परेको चिन्ता व्यक्त गरिन्छ । पूर्वीय धर्म र दर्शनमै प्रकृति संरक्षणलाई मान्यता दिइएको तर आजका मानिस आधुनिकताको घनघोर शहरमा अन्धाधुन्ध हराएर वातावरणलाई खलबल्याउने कार्य गरेको आक्रोश पनि व्यक्त गरिन्छ । यसरी राजनीति, मानव अधिकार, पहिचानजस्तै पर्यावरण पनि आजकाल सर्वसाधारण मानिसमा कुराकानीका विषय बनेका छन् भन्ने ज्ञान यस कथाले दिनखोजेको देखिन्छ ।

**५ मोफसलमा केन्द्रित 'गृहबन्दी'**: नेपाली साहित्य पढ्दा मलाई काठमाडौँबाहेक अन्य ठाउँ नै छैन जस्तो लाग्छ । सम्भवत अन्य पाठकलाई पनि त्यस्तै लाग्ला । पोखराको फेवाताल र काठमाडौँका मठमन्दिरमा जसरी प्राय चलचित्र छायाङ्कन गरिएका हुन्छन् त्यसरी नै नेपाली कथा लेखन प्राय काठमाडौँ उपत्यकाका स्थानविशेषवरिपरि केन्द्रित भएका हुन्छन् । यस 'गृहबन्दी' कथामा धरानजस्तो मोफसललाई स्थान दिइएको छ । यस सङ्ग्रहका अन्य कथाहरूमा पनि काठमाडौँलाई केन्द्रबिन्दु पारिएको छैन । काठमाडौँ परिवेशलाई मात्रै पढ्दा पढ्दा अघाएका पाठकलाई रक्षको कथाले अन्य भौगोलिक परिवेशको स्वाद पनि चाख्ने मौका दिएको छ ।

अर्को दृष्टिकोणबाट यो नारिवादी कथा हो । यसमा पल्टनेले विवाह गरी घरमा एक्लै छाडेर जाने एक स्वास्नीको वेदना पोखिएको छ । कथाकार एक पुरूष भएर पनि नारीको भूमिका दुरूस्तै निभाउन सक्नु यस कथाको मुल विशेषता हो । घरबार, जुहारात, श्रीसम्पत्ति सबै हुँदाहुँदै पनि आफ्नो हृदयको टुक्रा साथमा नहुँदा लाग्ने खल्लो नारीअनुभूतिलाई मज्जाले अभिव्यक्त गरिएको छ । घरमा काम गर्ने अविवाहित युवतीको यौवन र आफ्नो विवाहित न्यास्रो जीवनलाई कथाकारले एक महिलाको भूमिका निर्वाह गरेर कथेका छन् । अनि लाहुरे, सैनिक भनेर जनाउने 'पल्टने' शब्दलाई पटकपटक दोहोऱ्याइएको छ । यस शब्दसँग अपरिचित पाठकलाई यसको अर्थबोध गर्न सजिलो परेको छ ।

**६ अशान्त, चिन्तित, अस्वस्थ, र मशिनसरिको जीवन 'वधशालामा बूढो मजदुर'** : संसारको अर्को गोलार्द्धमा बसेर सुन्नेहरू ठान्दा हुन् बेलायतीको जीवन सुखमय हुन्छ । सोच्दा हुन् बेलायतीलाई बसीबसी खानलाउन पुगेको छ । लाग्दो हो बेलायत स्वर्गसरी छ । तर त्यसो होइन । विकसित देशका मानिस अझ बढी अशान्त, चिन्तित र अस्वस्थ जीवन बिताइरहेका छन् । दिनरात खटेर मेशिनले जस्तै काम गरेका हुन्छन् । कृत्रिम जीवन बिताइरहेका छन् । यस्तै तितो यथार्थलाई 'वधशालामा बूढो मजदुर' कथाले प्रस्ट्याउन खोजेको छ । डेभिस नाम गरेको ७४ वर्षे सहकर्मीसँगको भलाकुसारीले बेलायतस्थित वेल्सको जनजीवन कस्तो हुन्छ भन्ने कुरालाई कथामा अति नै कलात्मक तरिकाले उतारिएको छ । बुढेसकालसम्म जोतिन परेको, तीन श्रीमतीहरूबाट ५ सन्तान जन्मेका र तिनीहरूसँगको सम्बन्ध सुखमय नरहेको ती बूढा मजदुरले बताउँछन् । जो औसत बेलायतीले भोगेको यथार्थ हो यो ।

साहित्यिक बर्गीकरणको हिसाबले यो कथा पूर्ण विदेशी नभएर नेपाली डायस्पोरिक कथा पनि हो । यसभित्र बेलायती जनजीवनसँग नेपाली जनजीवनलाई तौलिने कार्य गरिएको छ । जसलाई कथाभित्रको यस प्रकारको संवादले प्रस्ट्याउँछ–

'हेर मलाई तीनवटीले छाडिसके । चौथीको पनि कुनै भर छैन । अनि तिमीलाई कतिवटीले छाडिसके ?' 'हाम्रो स्वास्नी मान्छे लर्तराले त्यसो गर्दैनन् ।' 'कसरी ? यहाँ त मौसम र स्वास्नी मान्छको भरोसा हुँदैन ।' 'यहाँ प्रेम र दाम्पत्य जीवनलाई शरीरसँग मात्रै जोडियो र हाम्रामा पूर्वजन्म र पुनर्जन्मसम्मका लागि भनेर आत्मासँग ।'

यसरी यस सङ्ग्रहभित्रका प्राय कथामा वैदेशिक परिवेशलाई केन्द्रबिन्दु बनाइए तापनि तिनमा केही मात्रामा नेपाली माटोको सुगन्ध पाइन्छ नै ।

**७ तालिमरत रेक्रुटको जीवन 'पुरुष वेश्यालय'** : पल्टनीया जीवन चट्टानजस्तै निक्कै कठोर हुन्छ । कहिलेकाहीँ भन्ने गरिन्छ नि– ढुङ्गा बरू पग्लिन्छ, तेरो मन पग्लेन । कमलो हृदयको पल्टने सितिमिती पाइन्न । पल्टनघरमा आफू कठोर मनको नभएपनि कठोर भएको नाटक गर्नुपर्छ । यस्तै कठोरताको आगोको भुँग्रो हो तालिम केन्द्र । त्यही तालिम केन्द्रमा भर्खरै भर्ती भएर आएको एक रेक्रुट (सैनिक) ले केकस्तो परिस्थितिको सामाना गर्नुपर्छ भनेर 'पुरूष वेश्यालय' कथामा पोखिएको छ ।

मैले स्वयम् पनि त्यस्तै आगोको भुँग्रोमा टेक्दै कुनै जमानामा आफूलाई तालिमप्राप्त सैनिक बनाएको थिएँ । कति पाठकले यो कथा पढेपछि 'त्यस्तो निर्दयी ठाउँ पनि होला र !' भनेर जिब्रो टोक्ने छन् । म पनि त्यस विकृति र विसङ्गतिको भोगी भएको हुनाले यस कथामा लेखिएका प्रत्येक वाक्य, देखाइएका प्रत्येक दृश्य सबै सत्य हुन् भनेर भन्न चाहन्छु ।

'यो ढुङ्गा हो कि आलु ? तँ ससुरालीघरमा छैनस् । यो तेरो घर होइन, आइगइस् दुम्बा, सुँगुर मोटायो भने चुत्थर मोटो हुन्छ । वेश्याहरूको दुख्न हुँदैन दुख्यो भने !' जस्ता सुन्नै लाजलाग्ने भनाइहरू यस कथामा दोहोरिराख्ने वाक्यहरू हुन् । सन् १९८० छेका गोर्खा सैनिक तालिम केन्द्रमा प्रशिक्षकले प्रशिक्षार्थीलाई यसरी भनिने गरिन्थ्यो । मलाई लाग्छ आजकाल ब्रिटिश गोर्खामा प्रशिक्षार्थीलाई मानवीय व्यवहार गरिन्छ, यस्ता वचन लगाइन्न ।

**८ घरको भित्रबाहिर गर्ने एक स्वास्नीमान्छे र सँघारमाथि झुन्ड्याइएको 'पल्टनेको फोटो'** : 'पल्टनेको फोटो' यस सङ्ग्रहको शीर्षक कथा हो । त्यसैले पनि 'पल्टनेको फोटो' कथाले विशेष महत्व राख्छ । वडा, जिल्ला, अञ्चल, क्षेत्र भनेझैँ सैनिक सङ्गठनमा सेक्सन, प्लाटुन, कम्पनी र बाटलियन हुन्छन् । ब्रिटिश-इन्डियाको पालामा भर्ती भएर गएका गोर्खालीलाई 'प्लाटुन'हरूमा वर्गीकरण गरियो र त्यही 'प्लाटुन' शब्द अप्रभंश हुँदै 'पल्टन' भएको हो । पछि आएर सैनिक बस्ने ब्यारेक र एउटा बाटलियनलाई नै 'पल्टन' भनिन थाल्यो । पल्टनबाट पल्टनघर, पल्टनीया र पल्टनेजस्ता अन्य शब्द पनि जन्मे । यसर्थ पल्टनेको अर्थ हुन्छ लाहुरे, सिपाही वा सैनिक । यसरी गोर्खा भर्तीले हाम्रो समाजमा संस्कार र संस्कृति मात्रै सिर्जना गरेको छैन, नेपाली भाषाको भण्डार पनि भर्ने काम गरेको छ ।

गाउँघरमा लाहुर गएको छोरो, दाजुभाइ, लोग्नेको फोटो घरको मूल ढोकामाथि टाँग्ने प्रचलन हुन्छ । दशैँतिहार चाडपर्वमा सँघारमाथि झुन्ड्याइएको फोटोलाई टीका लगाइदिएर सम्झने गरिन्छ । यस कथामा पल्टने आफ्नो लोग्नेको फोटोलाई उसकी स्वास्नीले बिहानबेलुका भित्रबाहिर गर्दा सम्झिरहेको संवेदनालाई अति कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

यही सँघारको फोटोलाई आमाले दशैँमा टीका लगाइदिएर आशीर्वाद दिनुहुन्छ । तिहारमा चेलीले भाइटीका लगाइदिएर दीर्घायुको शुभकामना दिन्छिन् । त्यसो भएर यो सँघारको पल्टनेको फोटो यो घरको छोरो हो, यो घरको माइती हो र लोग्ने पनि हो ।

हेर्दछु, घाम छल्न या बम छल्न टाउकामाथि ओढेको छ गोर्खा हेट । त्यो गोरखा हेटमुनि थिचिएको अदपको आदिवासी अनुहार । हात्तीले एकैफालमा पछार्न नसक्ने र चारओटा बाघले एक छाकमा सिध्याउन नसक्ने ज्यानको मालिक हो, मेरो पल्टने । अहिले त्यो पल्टने मलाई यहाँ एक्लै छाडिराखेर पल्टन गएको छ । ती नौँ डाँडाभन्दा पा.. रि.... र सात समुन्द्र भन्दा प....र.... ! जहाँ सम्झना मात्रै पुग्छ ।

यसै कथाबाट उद्धृत गरिएका यी माथिका पङ्तिले के दर्साउन खेजेका छन् भने कथाकार एक पुरूष भएर पनि कथाकारमा नारी संवेदना पोख्न सक्ने ठूलो कला छ । पाठकलाई यो कथा कथाकारको नाम र लिङ्ग नखुलाई पढ्न दिइयो भने अवश्य नै लेखक महिला हुनुपर्छ भनी ठान्ने छन् जस्तो मलाई लाग्छ । एक पुरूष लेखकले आफू महिला पात्रको भूमिका निभाएर लेखेको योजस्तो अर्को कथा मैले पढ्न पाएको छैनँ भने पनि हुन्छ । यो कथा नारीवादी कथा त होइन किनकि यसले नारी हक र अधिकारको उठान भने गरेको छैन । तर निश्चय नै नारी पीडा र संवेदनालाई अपेक्षा गरिएको भन्दा बढी नै उच्चस्तरमा प्रस्तुत गरिएको छ । यो कथा हाम्रा आमा, बजै, र जिजुबजै जस्ता आम लाहुरेनीले भोगेको वास्तविक कथा हो । अनि फ्रायडवाद र युद्ध सौन्दर्य दर्शनले पोतिएको एक सुन्दर कथा हो । अनि साँच्ची नै यस कथासङ्ग्रहलाई प्रतिनिधित्व गरेको कथा हो यो ।

**९ पूर्वयुगोस्लाभको युद्ध मैदानमा 'छुटेको साथी'** : युद्धपूर्व, युद्धअवस्था र युद्धपश्चातका पीडा, व्यथा, घटना कविता र कथामा उतार्नु युद्ध साहित्यको परिभाषाभित्र पर्छ । तर युद्ध साहित्यको मेरूदण्ड भनेको युद्धरत अवस्थाको

चित्रण गरिनु हो । 'छुटेको साथी' कथामा पूर्वयुगोस्लाभमा गोर्खाली पल्टनको युद्धरत अवस्थालाई वर्णन गरिएको छ । युद्ध मैदानमा कसरी सूचना प्रवाह गरिन्छ र युद्धको रणनीति कस्तो हुन्छ भन्ने कुराको यसमा व्याख्या गरिएको छ । विशेष गरेर एकै मोर्चाका सहयोद्धाबीच जीवन र मरण दोसाँधमा उत्पन्न हुने भय तथा संवेदनालाई हृदयविदारक तरिकाले अभिव्यक्त गरिएको छ ।

१० **हङकङको सैनिक जीवनमा 'बत्ती निभेपछि'** : सन् १९९५ भन्दा पहिला ब्रिटिश गोर्खा पल्टन हङकङमा अवस्थित थिए । अहिले सबै पल्टनलाई बेलायतमा सारिएको छ । 'बत्ती निभेपछि' शीर्षकको यो कथा हङकङको भूगोलमा केन्द्रित छ । सिपाहीहरू युद्ध अभ्यास र युद्ध मात्रै गर्दैनन् । आत्मबल बलियो राख्न छाउनीभित्र विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू गर्छन् । सप्ताहन्तको छुट्टीमा ब्यारेकबाट बाहिर निस्केर सर्वसाधारण नागरिकसरह स्थानीय परिवेशमा रमाउँछन् ।

हङकङमा अवस्थित रहेको बेला एक गोर्खा सैनिकको व्यक्तिगत जिन्दगी कस्तो थियो त भनेर बुझ्न यो कथा पढ्नुपर्छ । विदेशी प्रेमिकासँग पिकनिक खाएको, क्लबमा पिएको र नाचेको, समुद्रमा पौडी खेलेको जस्ता समयका प्रेमिल क्षणहरूलाई निकै रमाइलोसँग बुनेर अभिव्यक्त गरिएको छ ।

ताइमोशान डाँडामा बीबीक्यु खाएर ५२ नम्बरको बसबाट चुनवान झरेको । अनि भूमिगत रेल एमटिआर चढेर वानचाई उत्रेपछि पुसिकेट नाइटक्लबमा मत्थु हुँदै पिएको र नाचेको । अर्को सप्ताहन्त तिनै प्रेमिकासँग सेको बिचमा पौडी खेल्न पुगेका जस्ता सिपाहीका वास्तविक घटनामा आधारित यो कथाले हङकङमा सैनिक जीवन बिताएका पाठकलाई त ती दिनहरूको सम्झना दिलाउँछ नै, गैरसैनिक पाठकलाई पनि यस कथाले अवश्य नै मनोरञ्जन दिन्छ भन्ने मलाई लागेको छ ।

११ **शुन्दर युवतीको जिउडाल हेरेर थुक निल्ने अविवाहित 'राइफलम्यान यवाहाङ'** : आ ! दुई दिनको जिन्दगी हो । कहिले मरिने हो ! बाँचुञ्जेल मोजमस्ती गर्नुपर्छ । धनसम्पत्ति किन जोर्नुपर्‍यो ? भन्ने आम सैनिकको मनोविज्ञान हुन्छ । यस्तो दोधारे मनोविज्ञान किन पालेको हुन्छ त ? किनभने कुनैपनि समय ऊ युद्धमा होमिन सक्छ । रणभूमिमा कुनै समय ऊ मृत्युवरण लिनसक्छ, युद्धबन्दी बनाइन सक्छ, घाइते हुनसक्छ । उसको मन यस्तै अनिश्चित भविष्यबाट विचलित भैरहन्छ । यस्ता उथलपुथल मनलाई सम्हालेर बाँच्ने क्रममा एक सैनिक पिएर, कसैसँग जिस्किएर आफ्ना दिनहरू बिताउन चाहन्छ ।

यस्तै जीवनको परिदृश्य प्रस्तुत गर्छ 'राइफलम्यान यवाहाङ' कथाले । अविवाहित सैनिकको एक सुन्दर युवतीप्रति कस्तो मनोभाव हुन्छ भनेर बुझ्न यो कथा पढ्नुपर्छ । यवाहाङ दिनभरि गधाजस्तै दलिएको हुन्छ र कमान्डरका अपशब्द सुनेर अघाएको हुन्छ । थकित शरीरलाई राहत दिन साँझ परेपछि ब्यारेकभित्रको बार धाउँछ । अनि पीडाका घाउलाई बियरको मातले पखाल्छ । बियर सारेर दिने सुन्दरी गोरेनी युवतीको अनुहार र जिउडाल हेरेर थुक निल्नुबाहेक यवाहाङ अरू के नै गर्न सक्छ र ! एक प्रिय ग्राहक बनेर इत्तरिँदै उससँग कुराकानी गर्नबाहेक अरू के नै गर्न सक्थ्यो ! ती युवतीलाई देखेर कल्पना त कस्तो कस्तो गर्दो हो ऊ, तर मनको रहर मात्रै !

यो कथा पढ्दा मलाई ब्रिटिश इन्डियाछेकाका लाहुरेहरूको याद

आयो । लाहुरे छुट्टीमा घर आउँथे लखनौ, गोरखपुरहुँदै नौतनवा भएर । बटौली खसौली आइपुग्दा जुवातास, रन्डिबाजी र रक्सीमा पैसा सिध्याएर घरै नपुगी उतैबाट पल्टन फर्किन्थे रे । गोर्खालीका यस्ता कुव्यवहार देखेर लाहुरे स्रष्ठाद्वय मास्टर मित्रसेन र बहादुरसिंह बराल चिन्तित भए । अनि गोर्खाली समाजमा सुधार ल्याउन भजनकृतन गर्ने, गीतसङ्गीत गाउने र नाटक प्रदर्शन गर्नेजस्ता अभियान चलाएका थिए ।

यो कथा पढेपछि मलाई उन्नाइसौँ र एकाइसौँ शताब्दीका लाहुरेमा त्यति भिन्नता छैन जस्तो लागेर आयो ।

१२ **सरकारले निर्यात गर्ने र पाउण्ड कमाउने विश्व प्रख्यात ब्रान्ड 'गोरखा'** : गोरखा नाम युद्ध र सैनिकसँग मात्रै सम्बन्धित छैन । गोरखा एउटा विश्व प्रख्यात ब्रान्ड भएको छ । झट्ट हेर्दा गोरखा इतिहासको सकारात्मक पक्ष मात्रै देखिन्छ । तर त्यसो होइन, यसका नकारामक र अँध्यारा पाटा पनि छन् । एकातिर इमान्दार र बहादुर ठहरिएर गौरवशाली इतिहास रचिएको छ भने अर्कोतर्फ यस वर्गले आफ्नै देशमा आप्रवासीसरह पहिचान गुमाउनुपरेको छ । त्यति मात्रै होइन, गोर्खाली विदेशीको गुलाम गरेर बाँचेको हुन्छ भनेर पनि भन्ने गरिन्छ ।

एक व्यापारिक मालसामानजस्तै ' गोर्खा' नेपालको उत्पादन हो । नेपाल सरकार 'गोर्खा'लाई निर्यात गर्छ र बेलायती पाउण्ड भित्र्याउँछ । सुगौली र त्रिपक्षीय सन्धि एक व्यापारिक सन्धि थियो बेलायत, नेपाल, इन्डियाबीच पैठारी र निर्यातको ।

गोर्खालीको यस्तै विरोधाभास परिवेशलाई रक्षले यस्तो चलाखीपूर्ण तरिकाले यस 'गोरखा' कथामा दर्शाएका छन् कि पाठकको साधारण आँखाले ठम्याउन गाह्रो पर्छ । यद्यपि यस कथाको तात्पर्य बुझ्न नसकिएला तर पनि नौलो लेखन शैलीले गर्दा यस कथाले पनि पाठकको मन जित्न सफल हुन्छ भन्ने मैले पूर्ण विश्वास लिएको छु ।

यो कथा पनि युद्ध भूमिको सेरोफेरोमा केन्द्रित छ । बेसक्याम्पमा एक बेलायती महिला सैनिक र एक गोर्खा सैनिकबीचको उठबस र वार्तालापबाट कथाको उठान हुन्छ र अन्त्य पनि । बेसक्याम्पमा गोर्खा सैनिकले एक कुकुरको छाउरो भेट्छ र उक्त महिला सैनिकलाई पाल्न दिन्छ । यसै कथाबाट उधृत गरिएको तिनीहरूबीच कुराकानीको एक अनुच्छेद यस प्रकार छ जसले यस कथाको तात्पर्य प्रष्ट पार्छ –

'अनि यसको नाम के राख्यौ ?' म उनलाई सोध्छु । 'गोर्खा ।' लान्स कर्पोरल शू छोटो उत्तर दिन्छे । 'गोर्खा !' म आश्चर्यमा पर्छु । 'हो, गोर्खा । यसलाई तिमीले दिएको कारण यसको नाम गोर्खा राखिदिएकी ।' लान्स कर्पोरल शूले त्यसको नाम राख्नुको कारण भन्छे । 'ए... हो !' म उसको कुरालाई सही थाम्छु । तर कुकुरको छाउरो गोर्खा कि म ? म भ्रान्तिमा पर्छु । 'कम वन गोर्खा, लेट्स गो ।' लान्स कर्पोरल शू यसो भन्दै गार्डरूमबाट बाहिरिन्छे ।

१३ **एक सैनिकको प्रेमतिर्खालाई तृप्त पार्न सक्ने 'अष्ट्रियाकी फूल'** : सिपाहीको जीवन इन्द्रेनीको रङझैँ विविधतापूर्ण हुन्छ । अनि हुन्छ पहाडका उकालीओरालीसरी अप्ठ्यारा कान्लाहरूझैँ । बेलायती गोर्खा सैनिकको जीवन कहिले गुज्रिन्छ ब्रूनाईको चारकोसे जङ्गलमा त कहिले ठोकिन्छ हङकङको कङ्क्रिट जङलसित ! कहिले इराक अफगानिस्तानको रेगिस्तानी तातो हावा फेर्दै त कहिले

बेलायत र जर्मनको युरोपियन चिसो हिउँमा सेकिँदै ।

यस्तो यात्रावत जीवनमा कहिल्यै नसोचेका मानिसहरू पनि कसरी हो ठोक्किन आइपुग्छन् । सिपाहीका पाइलाले जुनजुन माटो टेक्छन् त्यहीँका युवतीहरू परी भएर बहार छर्दै आउँछन् । सिपाहीलाई जहिले पनि प्रेमको तिर्खा लागिरहेको हुन्छ ।

'अष्ट्रियाकी फूल' शीर्षकको यस कथाले एक सैनिकको प्रेमतिर्खालाई वर्णन गरेको छ । कर्कलाको पातमाथि शीतको थोपाजस्तै एक सुन्दर प्रेम कथा । यो कथाको स्थान परिवेश हो लण्डन शहर । समय परिवेश हो फेब्रूवरी महिनाको भेलेन्टाइन डे । अनि मानवीय परिवेश हो एक गोर्खे सिपाही र युरोपेली राष्ट्र अष्ट्रियाकी एक सुन्दरी युवती । तर ती जोडीको सामाजिक परिवेश कथाकारले यति विषम भएको प्रस्तुत गरेका छन् कि युवक तेस्रो मुलुकको जिरे खुर्सानी त युवती प्रथम मुलुककी सुनगाभा !

यस कथाले कताकता नियात्राको रूप लिएको पनि भान हुन्छ । पढ्दै जाँदा पाठक स्वयम् लन्डन घुमेको अनुभव गर्छ । बकिङ्हम प्यालेस, पार्लियामेन्ट बिल्डिङ, थेम्स नदीको किनार डुल्दै गर्दा ती जोडीका प्रेमिल अभिव्यक्तिले पाठक स्वयम्लाई भेलेन्टाइन डे मनाएको अनुभूति हुन्छ । अनि तत्कालीन बेलायतको राजनैतिक तथा सामाजिक परिवेशको चित्रण गरेर शिक्षा पनि प्रदान गर्ने प्रयत्न गरिएको छ । यसरी यो एक रोमान्टिक युद्ध कथा मात्रै नभएर ज्ञानवर्द्धक सामाजिक कथा पनि हो ।

१४ **सञ्जीव उप्रेतीको हंस उपन्यासको सम्झना दिलाउने 'शहरको केटो'** : काल्पनिक काल्पनिक वास्तविक वास्तविकजस्तै लाग्ने कथा हो 'शहरको केटो' । यो कथा अन्य कथाभन्दा धेरै पृथक् देखिन्छ । यसमा साहित्यका युद्धरस र डायस्पोरिक रस अलि कमै पाइन्छन् ।

सबैलाई थाहा भएको कुरा हो शहरका मानिस गाउँकाभन्दा चतुर स्वभावका हुन्छन् । शहरको केटो गाउँ गएर गाउँले केटाहरूलाई गफ लगाउँछ । 'हवाइजहाज चलाउन त मैले मम्मीको पेटमा छँदै बेलायती अङ्कलमार्फत सिकिसकेको हो ।' भन्नेजस्ता दोहोरिरहने वाक्याङ्शले पाठकमा कौतुहल जोगाइरहन्छ ।

शहरीया गफाडी केटोको गफलाई सुनेर मख्खै पर्ने एकजना गाउँले केटो पछि भर्ती भएर लाहुरे बन्छ । यतिबेला मात्रै कथाले युद्ध साहित्यको अलिकति छनक दिन्छ । अन्यथा यो नितान्त नेपाली सामाजिक परिवेशमा लेखिएको कथा हो ।

यो कथा पढ्दा मलाई सञ्जीव उप्रेतीको 'हंस' उपन्यासको सम्झना आयो । आफ्नी पूर्व स्वास्नीकी लोग्ने अर्थात् जार अमेरिकाबाट काठमाडौँ आएको हुन्छ । जारलाई भेटेर झोलामा बोकिराखेको खुकुरी झिकेर 'अब छप्काउँछु, अब छप्काउँछु ।' भनेर गरेको वार्तालापले मलाई खुबै कौतुहल जगाएको थियो ।

कथामा गहन विषयवस्तु नभए पनि पाठकमा रहस्यको भावना जागृत गराइराख्नसक्नु कथाकारको ठूलो कला हो । यस हिसाबले 'शहरको केटो' एक सफल कथा हो ।

१५ **सैनिकलाई बन्दुकसँगै कलम पनि चलाउन देऊ भन्छ 'मरेको बाघ'** : पल्टनघर कलमका लागि होइन, बन्दुकका लागि हो । वास्तविकता यो हो कि बन्दुकले विनाश गर्छ, कलमले सिर्जना गर्छ । तर पल्टनघरमा कलमको निब भाँच्ने काम हुन्छ । पल्टन र पल्टनीयासँग यस्तो मानसिकता हुने थिएन भने सायद गोर्खाली आफ्नै देशमा पहिचानबेगरको हुनुपर्ने थिएन ।

यसै यथार्थलाई बोध गरेर होला रक्षले यो कथा 'मरेको बाघ' लेखेको । विषयवस्तु र प्रस्तुतिको दृष्टिकोणले यो एक नायन्टिनायन क्यारोटको सुनजस्तै अब्बल दर्जाको कथा हो ।

सेनामा बलिया मात्रै होइन, बौद्धिक ज्ञान भएका ठिटालाई पनि भर्ती गरिन्छ । तर ती पढेलेखेका युवालाई लेखनमा प्रोत्साहन गरिँदैन । लेखनमा रूचि राख्ने सैनिकलाई प्रोत्साहन गर्ने संस्कारको गोर्खा पल्टनमा विकास भएको भए मलाई लाग्छ, अहिलेसम्म राष्ट्रिय स्तरका उत्कृष्ट पुरस्कार पाउन सक्ने साहित्यिक सिर्जना लेखिसकिएका हुन्थे । अहिले आएर हामी निवृत्त केही लाहुरे साहित्यकारले यो गोर्खा युद्ध साहित्य भनेर आन्दोलन चलाउनुपर्ने नै थिएन ।

सन् २०१८ मा विश्व नेपाली साहित्य महासंघको अन्तर्राष्ट्रिय सम्मेलनमा मैले 'वेल्पाली लाहुरे स्रष्ठा र युद्ध साहित्य' शीर्षकको एक कार्यपत्र पेस गरेँ । मेरो उक्त कार्यपत्रले पनि रक्षले यस कथामा उठान गरेको तितो यथार्थलाई प्रकाश पारेको छ ।

विषयवस्तुको हिसाबले यो कथा पूर्णतः पल्टनीया साहित्य हो । तर यसले प्रदान गर्न खोजेको ज्ञान के हो भने सैनिकलाई बन्दुकसँगै कलम पनि चलाउन देऊ । किनकि कलम अभिव्यक्त गर्न पाउनुपर्ने अधिकारको प्रतिबिम्ब हो । आफ्ना कथाव्यथा कलमद्वारा अभिव्यक्त गरेर कागजमा छापिन सक्यो भने आफ्नो इतिहास बाँच्न सक्छ । आफैँद्वारा लेखिएको इतिहास साँचो इतिहास हुनसक्छ । इतिहास अरूले लेखिदियो भने बाङ्गिन्छ, जानीजानी बङ्ग्याएर लेखिन्छ ।

अहिलेका उत्तरआधुनिक युगका गोर्खा सैनिक बेलायतजस्तो मानव अधिकारसम्पन्न राष्ट्रमा सेवारत छन् । यस्तो परिवेशमा उपल्लो दर्जाका सैनिकले पुरानो मानसिकतालाई फालेर उदारवादी, अग्रगामी र प्राज्ञिक सोच राख्दै पल्टनघरमा साहित्यलाई प्रोत्सान हुने खालका कार्यक्रम ल्याउनुपर्छ भन्ने यस कथाको मूल तात्पर्य हो भन्ने मेरो ठहर छ ।

**१६ माओवादीको गृहयुद्ध र गोर्खाली सिपाहीले हङकङ बोर्डर ड्युटी दिंदाको 'बाटोको ढाकर'** : रक्ष देश खाएर शेष परेका कथाकार हुन् । उनमा जन्मभूमि र कर्मभूमि दुवैको गहिरो चेतना छ । जन्मभूमिमा घटेका घटनालाई कर्मभूमिमा आफूले बिताएका दिनानुदिनसँग मिश्रण गराउँदै 'बाटोको ढाकर' कथा लेखिएको छ ।

कति जन्मभूमिमा जन्मन्छन् र त्यहीँ नै आफ्नो कर्मभूमि बनाउँछन् । बाह्य देश भ्रमण गर्ने अवसर पाएका हुँदैनन् । त्यस्ता कथाकारले लेखेका कथा एकाङ्की हुनसक्छन् । तर रक्षको एउटै कथामा नेपाल, हङकङ अनि बेलायतको परिवेश समेटिएको पाइन्छ । किनकि यी तीनै स्थानमा उनले आफ्नो जीवनको लामो अवधि बिताएका छन् ।

यो कथा जनयुद्धबाट पीडित एक छोराको वास्तविक घटनावरिपरि घुमेको छ । जसका बुबालाई माओवादीका सिपाहीले अपहरण गरी लगेर हत्या गरिदिएका छन् । ती माओवादी सिपाहीलाई आफू हङकङमा बोर्डर ड्युटी गर्दाको परिवेशसँग जोडेर रक्षले कथालाई अगाडि बढाएका छन् । चाइनिज आप्रवासी बोर्डरको तार नाघेर हङकङ छिर्न खोज्दा तिनलाई छिर्न नदिनु रक्षको ड्युटी हुन्थ्यो । उनमा मानवीय दया जागेर ती आप्रवासीलाई छोडिदिऊँ कि भन्ने पनि लाग्थ्यो । तर उनले उच्च ओहोदामा रहेका मान्छेको हुकुम मानेर काम गरेका थिए । माओवादीका ती सिपाहीले पनि रक्षले जस्तै कमाण्डरको आज्ञा मान्न

कथाको मूल पात्र ढाक्रे केटाको बाउलाई अपहरण गरेका होलान् भन्ने सहानुभूति प्रकट गर्दै कथा लेखिएको छ ।

माओवादीको गृहयुद्ध र गोर्खाली सिपाहीको बोर्डर ड्युटीको समिश्रणमा पाठकलाई एकातिर पीडाबोध गराउन सक्ने र अर्कोतर्फ करूणा जगाउन सक्ने रक्षको यस कथा लेखनप्रति एक सलाम ठोक्नै पर्छ ।

१७ **नारीमनोभावना व्यक्त गर्न अति नै सफल 'केयर होम'** : यस सङ्ग्रहको अन्तिम अथवा सत्रौँ कथा हो 'केयर होम' । यसमा कथाकार नारीमनोभावना व्यक्त गर्न अति नै सफल भएका छन् । हुन त यो कथा 'मेरी स्वास्नीको लोग्ने', 'टोम पाइपरको एक साँझ', 'वधशालामा बूढो मजदुर' 'पल्टनेको फोटो'जस्तै एक पारिवारिक तथा सामाजिक कथा हो । तर ती कथाहरूभन्दा यो केही पृथक् तरिकाले लेखिएको छ ।

कथाकारले पुनः आफूलाई एक नारीपात्रका रूपमा प्रस्तुत गरेका छन् । घरमा एक श्रीमती, केयर होममा एक महिला नर्स । बेलायती बृद्धबृद्धालाई स्वास्थ्यसेवा प्रदान गर्ने क्रममा तिनीहरूसँगको संवाद अति रोचक तरिकाले अभिव्यक्त गरिएको छ । आफ्नो साहित्यकार श्रीमान् र नेपालका बारेमा ती जेष्ठनागरिकसमक्ष गरिएको वार्तालापले कथालाई डायस्पोरिक रूप पनि दिन सफल भएको छ ।

**पुछारमा**

यसभित्रका मन छुने कथाहरू पढेर पाठकलाई यससङ्ग्रहले पक्कै पनि राष्ट्रिय स्तरको लोकप्रियता पाउला भन्ने लाग्छ । यसको मूल कारण यसभित्रको नवीनतम् विषयवस्तु हुनसक्छन् । ती नवीनतम् विषयवस्तु भनेका युद्ध, सैन्य, लाहुरे अथवा पल्टनीया पारिवेश हुन् । नेपालमा लाहुरेको गाथा दुई सय वर्षभन्दा पुरानो छ । यसले नेपाली समाजमा लाहुरे इतिहास, संस्कार र संस्कृति स्थापित गरिसकेको अवस्था हो । गाउँघरमा बरू मास्टर नभएका टोल होलान् तर लाहुरे नभएका टोल हुँदैनन् । लोकगीतसङ्गीतमा लाहुरे जनजीवनलाई अत्यधिक मात्रामा प्रस्तुत गरिए तापनि नेपाली साहित्यमा विरलै लेखिएको पाइन्छ । यसअघि लाहुरे समुदायका बारेमा केही साहित्यिक पुस्तकहरू नछापिएका भने होइनन् ।

यस सङ्ग्रहले नेपाली डायस्पोराको विषयलाई अति नै सान्दर्भिक र रोचक तरिकाले उठान गरेको छ । नेपाली साहित्य सिर्जनामा सम्भवत एकतिहाई प्रकाशन आजकल प्रवासमा बस्ने नेपाली लेखकले गरेका हुनसक्छन् । भारतीय नेपाली, भुटानी नेपालीदेखि लिएर बेलायत, अमेरिका, युरोप, खाडी मुलुक, पूर्वी एशियन मुलुक र अष्ट्रेलियामा बस्ने नेपाली लेखकले वर्षेनि सयौँ पुस्तक प्रकाशन गर्दै आएका छन् । यति हुँदाहुँदै पनि नेपाली डायस्पोराका कृतिले राष्ट्रिय स्तरमा सम्मान पाएको भने त्यति देखिँदैन ।

गोर्खा सैनिक स्वयम् डायस्पोराका नेपाली हुन् । इन्डिया, हङकङ, ब्रूनाई, सिंगापुर, बेलायतजस्ता राष्ट्रमा लाखौँ गोर्खा सैनिकको बसोबास छ । यो कृति ती डायस्पोरामा रहँदै आएका नेपाली समुदायका बारेमा रहेको छ । यसका रचयिता रक्ष राई पनि एक डायस्पोराका नेपाली सर्जक हुन् । त्यसर्थ यस पुस्तकले राष्ट्रिय स्तरको लोपप्रियता पाउनु भनेको डायस्पोरिक नेपाली लेखकको सम्मान गरिनु पनि हुने छ । फलस्वरूप डायस्पोराका अन्य नेपाली लेखकलाई पनि ठूलो प्रेरणा मिल्ने छ भन्ने मैले ठानेको छु ।

*— फोक्स्टोन, केन्ट, बेलायत*

# गोराबाबु कथामा लैङ्गिकता



● बोमबहादुर खड्का

**अध्ययनसार** : प्रस्तुत अनुसन्धानात्मक लेख महेशविक्रम शाहद्वारा लेखिएको *सिपाहीकी स्वास्नी* (२०५९) कथासङ्ग्रहमा सङ्ग्रहीत 'गोराबाबु' कथालाई नारीवादी चिन्तनका आधारमा बालयौन हिंसाको आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरी वर्णनात्मक विधिबाट तथ्य विश्लेषण गरिएको छ । यस कथामा सम्भ्रान्त मुलुकका अङ्ग्रेजी भाषी र गोरो छाला भएका पुरूषले पितृसत्ताको आडमा नेपाली समाजका निम्नवर्गीय र निम्न चेतना भएका बालबालिकालाई खेल खेलाउने र अङ्ग्रेजी सिकाइदिने नाममा यौनदुराचार, बलत्कार जस्ता यौनअपराध गरी शारीरिक शोषण, मानसिक शोषण गरेको कुरा देखाइएको छ । त्यसैगरी नेपालको ग्रामिण समाजका महिला तथा बालबालिकामा अङ्ग्रेजी भाषाप्रतिको मोह, पश्चिमा मुलुकका मानिसको गोरो छाला, हृष्टपुष्ट र बलिष्ठ शरीरप्रतिको आकर्षण र समर्पण, भौतिकवस्तु र वैभवप्रतिको आकर्षणको चरमोत्कर्षले नारीहरूले भोग्नुपरेको उत्पीडन यस विश्लेषणमा देखाइएको छ । यहाँ गोराबाबुले गुड्डीमाथी गरेको यौनदुराचार, बलत्कार जस्ता उत्पीडनको आधार पितृसत्तात्मक समाज र पुरूष हैकमका कारण समाजमा निर्मित लैङ्गिकविभेद हो भन्ने रहेको छ ।

**प्रमुख शब्दावली** : पितृसत्ता, अधीनस्थता, यौनदुराचार, यौनअपराध, अङ्ग्रेजी भाषा, अचेतन ।

**विषयपरिचयः** गोराबाबु कथा कथाकार महेशविक्रमशाह (२०२२) द्वारा लिखित कथा हो । *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाडौँमा कामरेड* (२०६५), *ज्याक्सन हाइट* (२०६९) र *भुइँखाट* (२०७४) कथासङ्ग्रहहरू प्रकाशित गरेका कथाकारले दस वर्षको उमेरदेखि नै कथा, कविता, निबन्ध, गीत, आदि विधामा कलम चलाएका छन् । शाहले २०३६ मा कञ्चनपुरबाट प्रकाशित हुने साप्ताहिक *वार्ता* मा 'आमा' शीर्षकको कथा प्रथम पटक प्रकाशित गरेको देखिन्छ । शाह नेपाली आख्यान विधाअन्तर्गत सामाजिक यथार्थवादी धाराका २०६३ को मदन पुरस्कारबाट पुरस्कृत कथाकार हुन् । शाहले यी कथाहरूमा समाजमा भएका, आफूले भोगेका र आफ्नो वरिपरि देखिएका कुरालाई कथाका विषयवस्तु बनाएका

छन् । उनले सामाजिक विसङ्गति, वर्गीय, जातीय, लैङ्गिक, राजनैतिक, सांस्कृतिक विभेद, दमन, यौनशोषण, यौनउत्पीडन, बलात्कार, पुरूष प्रभुत्व, देह ब्यापार, बालविवाह, बहुविवाह, देवकी प्रथा, उत्पीडन, माओवादी सशस्त्र द्वन्द्वले पारेको सामाजिक दुर्दान्त र दीर्घकालीन नकरात्मक प्रभाव, विभिन्न विदेशी मुलुकको विविध पक्ष एवं पात्रका मनोवैज्ञानिक समस्याको सूक्ष्म अध्ययन गरी देखिएका कुरालाई खरो रूपमा उठान गरी आफ्नो प्रभावपूर्ण उपस्थिति देखाएका छन् । शाहका कथाहरू अध्येता, शोधकर्ता र समीक्षकबाट विभिन्न सिद्धान्तका आधारमा अध्ययनअनुसन्धान गरिएता पनि लैङ्गिकता आधारमा भएको छैन । यही अनुसन्धानात्मक रिक्ततालाई पूरा गर्न प्रस्तुत लेख तयार पारिएको हो ।

शाहका यस 'गोराबाबु' कथामा पितृसत्तात्मक सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । पश्चिमा मुलुकका गोराबाबुले गाउँको टोलमा एउटा घर भाडामा लिई बसेका छन् । गुड्डीका साथीहरू अनु, सुमी र श्रेयाले गोराबाबु त्यहाँ बस्न थालेको दोस्रो दिनमै भेटिसकेका थिए । गुड्डीकोभेट अन्तिममा रहेको उनको कुराको प्रसङ्बाट थाहा हुन्छ । यस कथामा मुख्य पात्रका रूपमा गोराबाबु, गुड्डी र उनकी आमा रहेका छन् । यस कथामा नेपाली समाजको अङग्रेजी मोह, पश्चिमाहरूको गोरो छाला, हृष्टपुष्ट र बलिष्ठ शरीरप्रतिको आकर्षण, समर्पण, भौतिक सामग्रीप्रतिको आकर्षण रहेको छ । त्यसैगरी आमाबाटै छोरीलाई गोराबाबुबाट यौनशोषण तथा उत्पीडन कार्य गर्न, गराउन कसरी प्रोत्साहित र उत्प्रेरित गरेकीछिन्भन्ने सन्दर्भलाई उजागर गरिएको छ ।

कथा पितृसत्ताको आडमा निर्मित पुरूषकेन्द्री सामाजिक संरचनाभित्र पराई देशको गोराबाबुले निम्नवर्गीय अचेत गुड्डीलाई प्रेम गर्दै अङ्ग्रेजी सिकाइदिएको, नाटकमा उसले केकसरी यौनदुराचार र बलत्कार गऱ्यो ? गोराबाबुबाट छोरी यौनशोषित बन्न किन प्रोत्साहित गरियो ? सामाजले बलात्कारजस्तो अपराधलाई किन मान्यता दियो ? वा सामान्यीकरण गरियो लगायत अनगिन्ती कुराहरू समेटेर यो लेख तयार पारिएको छ । त्यसको पृष्ठभूमिमा लैङ्गिकताको स्थान केकस्तो छ ? कथामा प्रस्तुत नारी पात्र केकसरी चित्रित छिन् ? भन्ने सन्दर्भलाई मुख्य बिषय बनाई लेखमा ब्याख्या बिश्लेषण र अध्ययन गरिएको छ ।

**सैद्धान्तिक पर्याधार** : सैद्धान्तिक रूपमा साहित्यिक कृतिलाई पहिचान गर्ने अर्को आधार लैङ्गिक पनि हो । लैङ्गिक अध्ययन अङ्ग्रेजी जेन्डर स्टडिजको नेपाली रूपान्तरण हो । लिङ्ग (पुरूष/महिला) जीववैज्ञानिक बिषय हो भने लैङ्गिक समालोचना सामाजिक–सांस्कृतिक निर्मिति पक्ष हो । प्रारम्भमा मार्क्सवादीहरूले लैङ्गिक अध्ययन, लैङ्गिक समविकास, पुरूष प्रभुत्व जस्ता विषयमा अध्ययन गरेका हुन् । त्यसपछि महिला आन्दोलनको गतिसँगै लैङ्गिक सचेतनाका नयाँ अभियानको पनि प्रारम्भ भयो । यसले समाजको लैङ्गिक मान्यता र भूमिकालाई कृति मार्फत कसरी अभिब्यक्त गरिएको छ ? पितृसत्ताका कारण स्त्री र पुरूष

हुनुसित सम्बन्धित ब्यबहारमा पुरूष दमक र महिला दमितको अबस्था, नारीको समाज, साहित्य आदि केकस्तो छ ? भनि सबै क्षेत्रमा खोजी गर्दछ ।

नारीलाई दोस्रो दर्जाको नागरिक ठान्ने परम्परागत आचरणको चित्रणमा सांस्कृतिक समालोचनासँग नजिक मानिने नारीवादी सिद्धान्त सिमन बुबयरको *दि सेकेन्ड सेक्स* (१९४९) प्रकाशन भएपछि सवल सैद्धान्तिक आधार प्राप्त गरेको यस आन्दोलनले अमेरिकाली नारीवादी बेट्टी फ्रिडनको *द फेमिनियन मिस्टेक* (१९६३), को प्रकाशन र १९७० को दशकको अन्त्यदेखि अथवा नारीवादको घोषणापत्र मानिने अमेरिकी लेखक केट मिलेटको *सेक्सुअल पलिटिक्स* (१९७०) को प्रकाशनपछि नारीवाद र लैङ्गिक अध्ययनलेविधिवत प्राज्ञिक र बौद्धिक महत्व प्राप्त गरेको देखिन्छ (बराल, २०५५: १४६-१४७) । नारी र पुरूष जैविक रूपमा भिन्न विशेषता भएका भए पनि समान क्षमता सोच भएका वर्ग हुन् । सृष्टिको आदिकालदेखि नै यिनीहरू आआफ्नो कर्म र धर्ममा साधनारत छन् तर यी दुई बिच मूलत कृषि युगदेखि एकले अर्कालाई हेर्ने दृष्टिकोण र गर्ने ब्यवहारमा भिन्नता देखियो (पौडेल, २०६९ :४)। प्राकृतिक रूपमा मानिस समान प्रकृतिमा जन्मिन्छ । तर समाजले सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, नैतिक, शैक्षिक तहमा नारीलाई विभेद र हिंसा गर्ने गर्छ । पितृसत्ताका कारण नारीका लागि परम्परा, धार्मिक नियम, नैतिकता जस्ता कुराले नियन्त्रण गरेको हुनाले उनीहरू सहनशील बन्न र उत्पीडनको सिकार बन्न पुग्छन् (पन्त, २०७५ : १३)

काट मिलेटको चिन्तनमा पुरूषविरोधी चेतना बढी मात्रामा क्रियाशील छ । नारीवादी समालोचनामा निहित पुरूषविरोधी चिन्तनको सूत्रपात र ब्याख्याता दुवै हुन्-काट मिलेट । उनी नारीमाथि हुने सम्पूर्ण शोषणको मूल कारण पितृसत्तात्मक प्रवृति र पुरूषप्रधान समाज हो भन्छिन् । नारी र पुरूषको प्रश्नलाई शरीर राजनीति र शरीर विज्ञानसँग जोडेर हेर्ने मिलेट पुरूषविरोधी चिन्तनका नजिक छिन् । उनको *सेक्सुअल पोलिटिक्स* (१९७०) ले यही चिन्तनलाई अगाडि बढायो । (गौतम, २०६९ : २६७) । पितृसत्ता नारीमाथिको दमन र शोषणको प्रमुख कारण हो । पितृसत्ता एउटा संरचना हो, जसमा पुरूषले नारीमाथि संस्थागत रूपमा दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरूषद्धारा मात्र सञ्चालित नभई नारीद्धारा पनि संञ्चालित हुन्छ (भट्टराई, २०६८ : २६६) । पश्चिममा लैङ्गिक सन्दर्भबाट सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा नारीहरूले आफ्नो अधिकारको खोजी गर्ने काम अमेरिका र युरोपमा १५ औँ सताब्दीबाट नै भएको हो तापनि साहित्यमा नारीवाद चेतनाको प्रयोग बेलायतकी मेरीउल्स्टोन क्राफ्टको *अ भिन्डिकेसन अफ द राइट्स अफ उमन* (१७९२) बाट भएको पाइन्छ (त्रिपाठी, २०६८: २०९) । नारीवाद मुलत : मान्छेको वैयक्तिक जीवनलाई नयाँ सन्दर्भ, नयाँ अर्थ र मानवीय मूल्यस्थापना गर्न चाहने बिसौं सताब्दिको एक विशिष्ट यूरोपेली धार्मिक दार्शनिक चिन्तन पद्धति हो । नारीजाति त्यतिबेला सशक्त बन्दछे

जतिबेला हरेक किसिमका शोषण, दमन अनि थिचोमिचोबाट उनीहरू मुक्त रहन सक्छन् । नेपाली परिवेशमा महिला भएकै नाताले उसले थुप्रै किसिमका सामाजिक, शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विभेद सहनु परेको छ । यी सबे दुःख पीडाबाट माथि उठेर महिलाले आफ्नो छुट्टै अस्तित्व चाहेको छ । नारीवाद एउटा सिद्धान्त मात्र नभएर एउटा विद्रोह पनि हो (अधिकारी, २०६८ : ३३) । यसरी गोराबाबु कथामा नारीलाई समाजनिर्मित पितृसत्ताका आडमो लैङ्गिक विभेद, यौनहिंसा, बलत्कार जस्ता अपराधिक कार्यले प्रश्रय पाएको देखिएकोले यहाँ यसैको आधारमा ब्याख्या विश्लेषण गरिएको छ ।

**पितृसत्ता** : पितृसत्ता भन्नाले सत्तामा पिताको शासन वा सत्ता भन्ने बुझिन्छ । पितृसत्ता समाज ब्यवस्थाको एउटा ढाँचा हो । लैङ्गिक अध्ययनका सन्दर्भमा सामाजिक संस्था र अभ्यासका प्रक्रियामा पुरूष मुख्य बनी महिलामाथि अधीनस्थता तथा ब्यवस्थित दमन गर्नुलाई नै पितृसत्ता भनिन्छ ।

मानव सभ्यता र समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्तकृत बनाइँदै आएका छन् । उनीहरूको पहिचानलाई पुरूष आधारित बनाइएको छ र पुरूषका यौन सुखको परि तृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुर्‍याएको छ । ज्ञान र शक्तिदेखि बञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य बस्तु झैँ उपभोग्य बन्न पुगे । पुँजीवादी र अझ उत्तरपुँजीवादी समाजमा पनि महिलाको शरीर कमोडिफिकेशन भएको छ । महिलाको शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य बस्तुको पर्यायका रूपमा लिइएको छ । (पाण्डेय, २०६८)

प्रस्तुत कथनानुसार पुरूषपितृसत्ताको आडमा सामन्ती पुँजीवादी आर्थिक संस्कृति विचारधारा निर्माण गर्छ र उसले पैसाका निम्ति मान्छे बेच्ने कामलाई अस्वाभाविक ठान्दैन् । पुरूषले महिला शरीरको प्रयोग पनि समाजमा संस्कृतिको रूपमा निर्माण गरेको छ । यसरी महिलाले आफ्नो शरीरको नियन्त्रण आफै गर्न पाइरहेको हुँदैनन् । यसै सन्दर्भमा शाहद्वारा लिखित 'गोराबाबु' कथाको अध्ययनमासमाजनिर्मित पितृसत्ताको आडमा गोराबाबुले गाउँको कुनै टोलको सुन्दर घरमा, घर भाडामा लिई बसेरएक आर्थिक विपन्नअबोध नेपाली किशोरी गुड्डीलाई केकसरी र केकति क्रमस :यौनदुराचार, यौनशोषण, बलत्कार जस्ता जघन्य अपराध गर्दा पनि पुरूषसत्ताको समाजले किन नजरअन्दाज गर्‍यो ? प्रतिरोध किन गरेन ? भन्ने सन्दर्भमा दृष्टान्तसहित यहाँ ब्याख्या विश्लेषण गरिएको छ ।

यस 'गोराबाबु' कथाका गोराबाबु मुख्य पात्र मध्येका एक हुन् । उनी पश्चिमा साम्राज्यवादी मुलुक अमेरिकाको उत्पादन, पुरूषप्रधान समाजका भोगवादी चिन्तक, लैङ्गिक विभेदको समाजबाट प्रशिक्षित बालयौन दुराचारी हुन् । गोराबाबुको बालयौन दुराचारीको कुत्सित नियत बमोजिम गाउँमा बस्न सुरू गरेदेखि नै गाउँका किशोरीहरूलाई भेलाजम्मा गरी चकलेट दिएर उनीहरूलाई आफ्नो सामाजिक पितृसत्ताको कुटिल ब्यवहारबाट सजिलै

अधिनस्थ बनाएका छन् । उसले गुड्डीलाई प्रारम्भ तहदेखिबाट नैउसका साथीहरूलाई भन्दा बढी चकलेट दिँदै आफ्नो षडयन्त्रको जालमा पार्न सुरू गरेको निम्न साक्ष्यबाट स्पष्ट देखिन्छ :

"यो चकलेट मिठो छ, तिमीहरू पनि चकलेट खाएर रमाइलो गर ।" गोराबाबुबाट चकलेट पाइसकेपछि हामीले एकअर्काका हातमा हेऱ्यौ । सबै जना मेरा हातमा ईर्ष्यालु नजरले हेरिरहेका थिए । मेरो मुठीभित्र चार ओटा चकलेट थिए भने अरूको भागमा मुस्किलले दुइटा परेका थिए । मैले गोराबाबुतिर कृतज्ञता भरिएका आँखाले हेरेकी थिएँ । गोराबाबुका ठूलठूला आँखाले मलाई नै ताकिरहेका थिए । मैले हेरेको देखेपछि उनी मुस्कुराए र मलाई आफू नजिक बोलाई मेरो पिठयुँमा थपथपाउँदै भने-"तिमीलाई म आज पहिलो पटक देख्दै छु । के हो नानी तिम्रो नाउँ ?" "गुड्डी ।""ओहो, कति सुन्दर नाम ! यो चकलेटभन्दा पनि मीठो, होइन त केटाकेटी हो ?" (पृ.३८)

प्रस्तुत कथनानुसार प्रभुत्वशाली पितृसत्तात्मक समाजको स्थापित कुटिल मानसिकता, बालयौनदुराचारी मानसिकता र भोगवादी चिन्तक गोराबाबुको कुटिल जालको पासोमा आर्थिक विपन्नताकी किशोरी गुड्डी परेकी छिन् । उसको ज्ञान र शक्तिको उपयोग गर्दैगुड्डीलाई अरूको भन्दा बढीचार ओटा चकलेट दिई कुटिल रूपमा समुहबाट एक्लो बनाईअधीनस्थ पारेको छ ।गुड्डीको तन भोग्नलाई गोराबाबुको आँखा आतुर देखिएका छन् । गोराबाबुले पितृसत्ताको आडमा गुड्डीकोविपन्नता र अचेत मानसिकतालाई पहिचान गरीसुनारले बिस्तारैसुनमाथि हतौडा हिर्काई आफूले चाहेको आकारको वस्तु निर्माण गरेजस्तै गुड्डीको कमजोर पक्षलाई पहिचान गरी प्रथम भेटमै पिठयुँमा थपथपाएर अधिनस्थ गरेको छ । गोराबाबुले उसको नाम चकलेटभन्दा मीठो र सुन्दर रहेको भनीउसको विभेदकारी समाजले निर्माण गरेको स्थापित मानकहरू उपयोग गरीगुड्डीको अचेत मानसिकतालाइ फुरूङ्ग पार्दैनियन्त्रण गरेको छ । गुड्डी यसबेला आफू पीडित भएको शोषित भएको र यौन उत्पीडनमा पर्न लागेको महसुस गर्न नपाउँदै अधिनस्थबन्न पुगेकी छिन् । त्यसैगरी तीन कक्षामा पढने गुड्डीलाई गोराबाबुले अङ्ग्रेजी सिकाइदिने भएका छन् । गुड्डी स्कुलको छुट्टीपछि अङ्ग्रेजी पढ्न गोराबाबुको निवासमा गएको र उसको पढाउने तरिका भिन्न रहेको कुरा गुड्डीले भनेको निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

गोराबाबुले अब मलाई अङ्ग्रेजी सिकाउन थालेका थिए । उनको पाठ पढाउने तरिका गजबको थियो-स्कुलमा मेरा शिक्षकहरूले पढाए भन्दा सर्वथा भिन्न । म गोराबाबुले पढाएको पाठ तुरून्त दिमागमा उतार्न सक्थे । उनी पाठ पढाउदै कहिले मलाई उचालेर आफ्नो काखमा राख्थे त कहिले आफू घोडा बनेर मलाई कम्मरमाथि चढ्न लगाउँथे । तत्पश्चात उनी आफूले भर्खर पढाएको पाठका बारेमा प्रश्नहरू सोध्न थाल्थे । (पृ.३९)

प्रस्तुत कथनानुसार गोराबाबुले गुड्डीलाई अङ्ग्रेजी पढाउन सुरू गरेका र उनको पढाउने तरिकामा कहिले काखमा राख्ने, कहिले घोडा बनेर

कम्मरमाथि चढाउने गर्थे । गोराबाबु साम्राज्यवादी मुलुकको स्वतन्त्र र स्वच्छन्दताको खुल्ला परिवेशलाई भोग गरिसकेकाप्रौढबालयौन दुराचारी हुन् । त्यसैले उनी गुड्डीलाई पितृसत्ताको आडमा निर्मित पुरूषकेन्द्री सामाजमा निर्मितविधि–विधानअनुसार आफ्नो यौनतृप्तीका लागिनिम्न वर्ग र निम्न चेतको उत्पादन किशोरीलाई केकसरी प्रयोगमा ल्याई आफ्नो माखेसाङ्लोमा पार्न सकिन्छ त्यसका लागिसबै उपायहरू अवलम्बन गर्ने क्रममा छ । त्यसैले गोराबाबु पढाउँदा गुड्डीलाई कहिले आफ्नो काखमा राख्दै, कहिले कम्मरमाथि चढाएर कोठामा घुमाउँदै अचेत रूपमै प्रेम गरेको बहानामा आफ्नो यौनकुण्ठालाई समन गर्दै गुड्डीको शरीरमा यौनभावको तरङ्ग सञ्चार गर्ने, विपरीत लिङ्गप्रति आकर्षित गर्ने दुष्कर्ममा लाग्दै गरेको छ ।

गोराबाबु बिस्तारै निम्न चेतनाकी किशोरीलाई धेरै प्रेम गर्ने र अङ्ग्रेजी पढाइदिने नाटक रचेर ऊमाथि आफ्नोसाम्राज्य लाद्ने क्रममा गुड्डी पढ्न आउँने समय पारी नुहाएर तौलियाले शरीर पुछ्ने बहानामा गुड्डीलाई सर्वाङ्ग नाङ्गो शरीर प्रर्दशन गरी गोराबाबुले नारी अस्मिताको मानमर्दनसँगै नैतिकता, आदर्श र मानवताको धज्जी उडाउँदै पितृसत्ताको आडमा ऊमाथि शारीरिक, मानसिक तथा लैङ्गिक शोषण गरी केन्द्रबाट धकेल्दै परिधिमा पुऱ्याउने कार्य गर्दै गरेको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

गोराबाबु तौलियाले आफ्नो शरीर पुछिरहेका थिए । सायद उनी भर्खर नुहाएर आएका थिए । उनको कोठामा सेम्पुको गन्ध फैलिएको थियो । उनी सर्वाङ्ग नाङ्गा थिए । पुरूषको सर्वाङ्ग नाङ्गो शरीर पहिलो पटक देखिरहेकी थिएँ म, मेरो शरीरभरि पसिनाको मूल फुटयो । एकातिर एक प्रकारको डर, त्रास, ग्लानि र हीनताले मेरो मनमस्तिष्क कुण्ठित भइरहेको थियो भने अर्कातिर पुरूषको नाङ्गो शरीरको दर्शनले मेरो कुमारी हृदयमा हलचल मच्चिएको थियो । मतिर हेर्दै नहेरी गोराबाबुले आफ्नो जिउमाथि तौलिया लपेटे र मलाई हप्काउँदै भने– "धत् लाटी ! नाङ्गो मान्छेलाई पनि हेर्छन् यसरी ?" (पृ.४४)

प्रस्तुत कथनानुसार पितृसत्ताको अहङ्कारमा गोराबाबुको गोरोछालाको पर्दाभित्रबाट कालो कर्तुतको कुत्सित नियत बिस्तारै प्रकटीकरण गर्दै छ । छोरी समानको बालिकालाई आफ्नो नाङ्गो शरीर प्रदर्शन गरेर गोराबाबुले आफ्नो यौनदुराचारी मानसिकताको तापक्रम विस्तारै बढाउँदै गएको छ । गोराबाबुको नाङ्गो शरीरको प्रदर्शनले यता अचेत बालिकाको नारी आर्दश, अस्मिताजस्ता सभ्यताका परिसूचकहरू उसको भोगवादी चिन्तनबाट कुल्चदै गएको छ भने उता हुन सक्ने सम्भावित दुर्घटना, षडयन्त्रकोडर, त्रास, ग्लानी र हीनताबोधले कुण्ठित बनाएको छ । अर्कोतर्फ पुरूषको सर्वाङ्ग नाङ्गो शरीर देखेर किशोरीको शरीरमा उत्पादन हुने यौनश्रावले विपरीत लिङ्गप्रति आकर्षित, उत्तेजित भएर उसको मनमस्तिष्कमा एक प्रकारको द्वन्द्व उत्पन्न भएको छ,कुमारी हृदयमा हलचल मच्चाएको छ । गोराबाबु अङ्ग्रेजी भाषा सिकाइदिने नाममा गुड्डीलाई प्रेम गरेको नाटक रच्दै, उसको दुराचारी र उत्पीडक

मानसिकताले जालझेल र प्रपञ्चमा पितृसत्ताको चरमदुरूपयोग गर्दैगुड्डीको शरीरमा यौनभावको तरङ्ग सञ्चार गर्ने, विपरीत लिङ्गप्रति आकर्षित गर्ने र बिस्तारै यौनशोषण र उत्पीडनमा पार्ने कुत्सित नियतको खेलमा मन्द विष दुधमा घोलेर उसलाईपिलाउँदै छ। गोराबाबुको आपराधिक मानसिकताको मान्यताका आधारमा निर्मित विमर्शात्मक संरचनाका कारण गुड्डीको शरीर बिक्रीको उपभोग्य बस्तुसरह ठानेको छ । त्यसैगरी पितृसत्ताको आडमा गोराबाबुको गुड्डीमाथि तहगतरूपमा यौनशोषण गर्ने क्रमको प्रहारमा चरमउत्कर्ष बलत्कार जस्तो जघन्य अपराध भएको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

गोराबाबुको चौडा र कठोर हात मेरो काँचो र कोमल शरीरमाथि चल्न थाल्यो । "हो, गोराबाबु म अम्रिका जाने । आमाले भन्नु भएको, म त तपाइँकी छोरी !"त्यसपछि गोराबाबु केही बोलेनन् तर उनको नाङ्गो शरीर मुन्तिर सर्वाङ्ग नाङ्गी भएर थिचिएँ र अन्तत : अथाह पीडाले चिच्चाएँ म।"गोराबाबु, म अम्रिका जान्नँ। मलाई छोड गोराबाबु ! म अम्रिका जान्नँ।" मेरो करूण चीत्कार अङ्ग्रेजी गीतको धुनमा दबेर रह्यो । त्यसपछि के भो मलाई थाहा छैन, सायद पूर्ण रूपमा बेहोस भएँ म। (पृ ४७)

प्रस्तुत कथनानुसार गुड्डीमाथि सुरू गरिएको गोराबाबुको तहगत यौनिक अभ्यास बलत्कार जस्तो जघन्य अपराधमा परिणत भई अन्त भएको छ। यहाँ गुड्डीलाई चकलेट खुवाउने देखि अम्रिका लैजाने जस्ता सपना देखाएर उसले तेह्र बर्षकी किशोरीलाई बलत्कार गरेको छ । यहाँ गोराबाबुले गुड्डीको शरीरलाई जीव वैज्ञानिक प्रक्रियाका रूपमा मात्र नहेरि उसको शरीरलाई पुरूषलाई सन्तुष्ट दिने उपभोग्य बस्तुको रूपमा देख्यो। गोराबाबुयस गाउँमा किन बस्दै छ ? यसको दैनिकी गतिविधि केकस्तो छ ? बालिकाहरूलाई चकलेट, खेलौना किन बाँड्दै छ ? गुड्डीलाई हरदिन आफ्नो कोठामा किन बोलाउँछ ? यी र यस्ता प्रश्नको उत्तर पितृसत्तात्मक सामाजिक संरचना कै कारण नखोजी समाज मौन बस्यो। उसको आपराधिक कृयाकलापलाई मान्यता दियो वा गोराबाबुको यौनशोषण र बलत्कारलाई सामान्यीकरण गरियो,यसमा पुरूषकेन्द्री सत्ताको मुख्य भूमिका रहेको छ ।

**लैङ्गिक विभेद : नारी नारीबाटै पीडित** : कुनै पनि समाज वा राष्टमा पुरूष वा नारीलाई लिङ्गका आधारमा गरिने असमान ब्यवहार नै लैङ्गिक विभेद हो ।लैङ्गिक विभेद पुरूषले महिलालाई, महिलाले पुरूषलाई, पुरूषले पुरूषलाई र महिलाले महिलालाई शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, सांस्कृतिक रूपमा गरिने थिचोमिचो, शोषण, उत्पीडनजस्ता अमानवीय कार्य गरी गरिने विभेद नैलैङ्गिक विभेद हो । गोराबाबु कथामा पुरूषसत्तालाई बल पुग्ने गरीवा केन्द्रमा टिकाइरहने गरी नारीले नारीलाई अर्थात किशोरी गुड्डीलाई आमालेगोराबाबुबाट यौनशोषण र उत्पीडित बन्न प्रोत्साहित र उत्प्रेरित गरेकोसन्दर्भलाई यहाँ व्याख्या विश्लेषण गरिएको छ। गोराबाबु कथाका अनुसार गुड्डी अङ्ग्रेजी सिकीमाग्न हरसाँझ उसको कोठमा जान्छिन् । गोराबाबुले अङ्ग्रेजी सिकाइदिने बहानामा आफ्नो

अभिजात संस्कृति र स्वच्छन्द स्वभाव अनुसार गुड्डीलाई यौनउत्पीडन गर्दा छोरीलाईगोराबाबुले धेरै माया गरेको भन्दै आमाले प्रोत्साहित गरेकोकुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

मैले घरमा आमालाई भनेँ–"गोराबाबुले मलाई आज धेरै माया गरे ।" आमाले उत्सुक आँखाले मतिर हेर्नुभयो । मैले त्यस हेराइबाट आमा सम्पूर्ण कुरा सुन्न चाहनुहुन्छ भन्ने अनुमान गरे । मेरो कुरा सुनेपछि आमाले पुकलित हुँदै भन्नुभयो–"अँ गोराबाबु तँलाई धेरै माया गर्छन् । तैले त्यस्तो काम नगरेस्, जसबाट गोराबाबुको चित्त दुखोस्, बुझिस ? (पृ.४०)

प्रस्तुत कथनानुसार गोराबाबुले गुड्डीमाथि गरेको अभद्र ब्यवहारलाई आमाले माया गरेको बुझि सुन्नलाई आतुर भएको देखिन्छ । छोरीका कुरा सुन्दा उनी गोराबाबुबाट यौनशोषणमा पर्दैछिन् भन्ने चिन्ता देखिदैँन् । गोराबाबुले आफ्नो यौनकुण्ठालाई समन गर्न गुड्डीको अङ्गप्रत्यङ्गमा चुम्बन गर्छ, आमा त्यसलाई माया गरेको भनि परिभाषीत गर्छिन् ।गोराबाबुले तँलाई जे जसरी उपभोग गर्छन् त्यसमा प्रतिरोध नगर्नु, उसलाई स्वतन्त्र छोडनु, प्रतिरोध गरी उसको चित्त नदुखाउनु भनेर आमाले अवोध बालिकाको मस्तिष्कलाई धोइपाखाली गर्दैछिन् ।यहाँ अविभावक रक्षक नभई भक्षक बनेको वा गोराबाबुबाट लुटिन वा यौनपीडित बन्न प्रोत्साहित गरी लैङ्गिक विभेदगरेकिछिन् ।

लैङ्गिक विभेदमा आधारित समाजमा पुरूष आफ्नो ज्ञान, शक्ति र सामर्थ्यलाई प्रयोग गरी नारीलाई दमन गर्छनै तर यहाँ छोरीलाई गोराबाबुले काखमा राखेको, म्वाइँ खाएको आदि सबै कुरा आमालाई बताउँदा पनि छोरी यौनहिंसामा पर्दै छिन् भन्ने हेक्का रत्तिभर नराखी छोरीलाई अम्रिको सपना देखाएर यौनशोषीत बन्न उत्प्रेरित गरेको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

मेरो नयाँ फ्रक देखेर आमा मभन्दा पनि बढी रमाउनुभयो र मलाई काखमा राखेर म्वाइँ खाँदै भन्नुभयो–"गोराबाबुले के भने तँलाई ?" मैले भने–"गोराबाबुले मलाई यो फ्रक दिए, काखमा राखेर ओठमा म्वाइँ पनि खाए ।" "हँ तँलाई त धेरै माया गर्न थाले नि गोराबाबुले ! के भरोसा, तँलाई पनि अम्रिका लिएर जान्छन् कि ? त्यहाँ जान पाइस भने त तेरो भाग्य नै खुल्छ, बुझिस् गुड्डी !" (पृ.४३)

प्रस्तुत कथनानुसार ज्ञान नै शक्तिको स्रोत हो भन्ने फुकोको अवधारणा अनुसारगुड्डी अनपढ, अशिक्षित भएकीले गोराबाबुको अगाडि उनि शक्तिहीन निरीह बनेकी छिन्। आर्थिक विपन्नताकै कारण गुड्डीले मैला र पुराना कपडा लगाएकी छिन् । विकास र चेतनाका दृष्टिले पछाडि परेकीगुड्डी गोराबाबुको षडयन्त्रको चङ्गुलमा फस्न पुगेकी छिन् । प्रौढगोराबाबुले उसको शरीरमाथि आधिपत्य जमाई अधिनस्थ पारेको छ । गुड्डीले गोराबाबुलाई आफ्नो बाबुसमान मानेकी छिन् तर उसले उसको पुँजीवादी र यौनआपराधिक सोच अनुसार उसको यौनकुण्ठालाई समन गर्ने उपभोग्य वस्तु सरह ठानेको छ । गुड्डीकी आमागोराबाबुले छोरीलाईकाखमा राखेको,म्वाइँ खाएको जस्ता घृणीत र यौनदुराचारका कथा सुन्न उसका आँखा हरपल उत्सुक र

जिज्ञासु छन् । यहाँ छोरी गोराबाबुबाट यौनशोषण परी भन्ने चिन्ता गुड्डीको आमाको शुन्य छ, अलवा गोराबाबुले दिएको नयाँ फ्रक देखेर रमाउनु र उसले गुड्डीलाई म्वाइँ खाएको सुन्दा तँलाई अम्रिका लान्छ भनेर गुड्डीलाईआमाले फुर्काई यौनशोषीत बन्न प्रोत्साहित गर्दै लैङ्गिक विभेद गरेकि छिन् ।

गोराबाबुको यौनशोषण र उत्पीडनमा निरन्तर मद्दत गर्न गुड्डीलाई प्रोत्साहन र उत्साह प्रदान गरी लैङ्गिक विभेदगरेकी छिन् । पुरूषकेन्द्री लैङ्गिक विभेदमा आधारित मूल्य र मान्यता स्थापित भएको सामाजिक संरचना र त्यस समाजबाट आर्जित गलत ज्ञानको सिकार गुड्डीकी आमा बनेकी छिन् । त्यसैले यहाँ हरदिन किशोरी गुड्डीलाई उनलेकुनैनकुनै रूपमा लैङ्गिक विभेद गरी शोषण र उत्पीडनमा पारिन्। यसरी सचेत रूपमै नारी नारीकै विरूद्ध हतियार बनी गोराबाबुलाई नै केन्द्रमा बसिरहन र शक्तिशाली बनिरहन सहज बातावरणको सिर्जना गरीगुड्डीलाई केन्द्रबाट धकेल्दै परिधिमा पुऱ्याउने कार्यमा सहयोगगरी लैङ्गिक विभेद गरेकिछिन् ।

यहाँ गुड्डीको आमाको ज्ञानको अभाव, निम्नवर्गीय सोचअनुसार गोराबाबु महानकोगोरो, हृष्टपुष्ट, अग्लो रआकर्षक शरीर, भौतिक सुखसुविधाको अगाडि आफ्नो लोग्ने ख्याउटे, पुड्को र तुच्छ देखिएको कुरा गुड्डीको आमाकोनिम्न भनाइको साक्ष्यबाट स्पष्ट हुन्छ :

घरमा पुगेपछि लाग्यो, आजको घटनाबारे आमालाई केही नभनूँ तर मैले आमाका आँखाहरूको सामना गर्न सकिनँ ।उनका उत्सुक र जिज्ञासु आँखाहरूले हरदिन मबाट केही न केही नयाँ कुरा खोजिरहेका हुन्थे । मैले मुख बिगार्दै आजको घटनाका बारेमा बेलीबिस्तार लगाएपछि आमा पनि रोमाञ्चित बन्नुभयो । आफ्ना उत्सुक आँखाहरूले मलाई नियाल्दै आमाले भन्नुभयो-"त्यति अग्लो र मोटो छ गोराबाबु ? ऊ अम्रिकन हो, तेरो बाबाझैँ ख्याउटे र पुड्को कहाँ हुन्थ्यो त !" (पृ.४५)

प्रस्तुत कथनानुसार छोरी गुड्डीले आफूमाथि गोराबाबुले गरेको चुम्बन, उसको नाङ्गो शरीरको दर्शन, यौनशोषणको कथा बालमस्तिष्कले भन्दै गर्दा आमा चहकिँदै रोमाञ्चित बन्दै आफ्नो ख्याउटे र पुडको पतिबाट नपाएको यौनसन्तुष्टि गोरो छाला, अग्लो र हृष्टपुष्ट जिउडालका गोराबाबुको यौनदुराचारको कथाबाट शमन गर्दै उसको दुष्कर्मलाई मान्यता प्रदान गरी यहाँ लैङ्गिक विभेद गरेकिछिन् । यसरी गुड्डीकी आमाले छोरीलाई गोराबाबुबाट यौनशोषित तथा उत्पीडित बनिरहनप्रोत्साहित र उत्प्रेरित गरीनारीले नारीलाई नै लैङ्गिक विभेद गरेकी छिन् ।यहाँ गुड्डीकी आमाको अचेतन, निम्नवर्गीयसोच, यौनकुण्ठाको स्थिति र कुसंस्कारको अगाडि गोराबाबुको पश्चिमा भौतिक सुखसुविधा, आर्थिक वैभव र अङ्ग्रेजी भाषा आकर्षक केन्द्र बनेको छ । गोराबाबुको गोरो छाला, अग्लो र हृष्टपुष्ट जिउडालका अगाडि आफ्नो पति ख्याउटे, पुड्को, मरन्च्याँसे र काम नलाग्ने भाँडो ठहरिएको छ ।

यस कथाले ग्रहण गरेको समाजमा लैङ्गिक विभेदमा आधारित मानकहरू

स्थापित छन् र त्यसका आधारमा समाजका मानिसहरूको ज्ञान अडेको छ् । समाजमा जस्तो प्रकारको ज्ञान स्थापित हुन्छ, त्यहाँका मानिसको व्यवहार पनि त्यस्तै हुन्छ । यहाँ गुड्डीकी आमाको ज्ञानको निर्माणको आधार पनि लैङ्गिक विभेदले ग्रस्त समाज नै हो, उनी यहाँ गलत ज्ञानको सिकार बनेकिछिन् । लैङ्गिक आधारमा नारीलाई विभेद गरिने समाजको स्थापित सामाजिक मानसिकताले उनको विवेकको अन्त्य गरेको छ् । गुड्डीका आमाको प्रतिरोधी चेतना परास्त भई गोराबाबुको प्रभुत्वस्वीकरणपछि देवत्वकरण गरी छोरीमाथि यौनशोषण गर्न छुट प्रदान गरी लैङ्गिक विभेद गरेकिछिन् ।

**निष्कर्ष** : कथाकार शाहको गोराबाबु कथा पुँजीवादी उपभोक्तावादी संस्कृतिको प्रतिनिधि पात्र गोराबाबुले गुड्डीको शरीरलाई उपभोग्य वस्तु ठानी स्वतन्त्र र स्वच्छन्द रूपमा उपभोग गरेको छ । यसमा पश्चिमा देशका मानिस प्रतिको आकषर्ण, अङ्ग्रेजी भाषा प्रतिको मोह, बालीका गुड्डीको निम्न वर्गीय सोच, गोराबाबुको गोरो छाला र हृष्टपुष्ट शरीर प्रति नारी आकषर्ण, पुरूषसत्ता, लैङ्गिक विभेद र सचेत रूपमै नारी नारीकै बिरूद्ध हतियारको रूपमा प्रयोगभई नारी नारीबाटैपीडित बनेको कथाकोनिष्कर्ष रहेको छ ।

**सन्दर्भग्रन्थ सूची :**


अधिकारी, ज्ञानु. *साइवर सिद्धान्त प्रयोग र अन्य समालोचना,* पुल्चोक ललितपुर : साझा प्रकाशन, २०७४ ।

गौतम, कृष्ण. *आधुनिक समालोचना : अनेक रूप अनेक पठन* (दोस्रो.संस्क.) ललितपुर : साझा प्रकाशन, २०५९ ।

पन्त, साधना 'प्रतिक्षा'. *लैङ्गिक समालोचना :* सिद्धान्त र प्रयोग, काठमाडौँ : कीर्ति प्रकाशन, २०७५ ।

पाण्डेय, ताराकान्त. 'साल्गीको बलाकृत आँसु कथाको साँस्कृतिक अध्ययन' *समष्टि* (अङ्क ८१ : १-११), २०६८ ।

पौडेल, विष्णुप्रसाद. *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान, २०६९ ।

बराल, कृष्णहरि. *संदृष्टि* काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

भट्टराई, रमेश. 'लैङ्गिक समालोचना', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम सम्पादान, रत्न बृहत् नेपाली समालोचना, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६८ ।

त्रिपाठी, सुधा. 'पाश्चात्य नारीवाद र त्यसको स्वरूप',रत्न *बृहत समालोचना,*काठमार्डौ : रत्नपुस्तक भण्डार, २०६८, पृ.२०९-२२३ ।

शाह, *सिपाहीकी स्वास्नी*(तेस्रो संस्क.) काठमाडौँ : समग्र प्रकाशन, २०६९ ।



**२०७९ सालको विजयादशमी, शुभ दीपावली, छठपर्व तथा नेपाल संवतको सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम**
**परिवार**


# अब उप्रान्त कथाकृतिको सेरोफेरो



• प्रतीक्षा रिजाल

कथा, कविता, नियात्रा, समालोचना, गजल, बालसाहित्य लगायत विधाहरूमा कलम चलाईरहेका स्रष्टा नवराज रिजाल नेपाली साहित्यमा सक्रिय नाम हो । लेखनमा सक्रियता भएकै कारण उनका झण्डै दुई दर्जन कृतिहरू प्रकाशित भएका हुन् । ती कृतिहरू मध्येबाट मैले उनको अब उप्रान्त नामक कृतिका बारेमा केही लेख्ने प्रयास गरेकी छु ।

अब उप्रान्त आख्यान विधाको उनको पछिल्लो कृति हो । यस कृतिभित्र प्रतिस्पर्धा, अप्राप्ती, अप्ठेरा, असन्तुष्टि, निराशा, कुष्ठा, संङ्घर्ष र अभावपूर्ण जिन्दगीका कथाहरू छन् । जीवनका विविध भोगाई, अनुभूति, असजिला, अप्ठेरा, जटिलता र समस्यालाई उनले विषयवस्तुका रूपमा चयन गरेका छन् । राजनीतिक, सामाजिक, बौद्धिक, आर्थिक र पारिवारिक क्षेत्रका विसङ्गति तथा विकृतिहरूले उनका कथाहरूमा स्थान पाएका छन् ।




असल डाक्टरले विरामीको सफल उपचार गर्न सकेझैँ जिम्मेवार लेखकले पनि मानिसको मनको चिरफार गर्न सक्छ । यहाँ देखिएका वेथिति विसङ्गतिका विपक्षमा जनमत तयार गरेर अगाडि बढ्न सक्छ । आजको हैन भोलिको शिष्ट, सभ्य अनि सुसंस्कृत समाजका निम्ति आधारहरू तयार गर्न सक्छ । साहित्यले मान्छेको मनको उपचार गर्ने हो, त्यहाँ रहेका कलुषित भावना हटाएर स्वस्थ चिन्तन तयार गर्ने हो ।

सत्र कथाहरू समेटिएको यस कृतिका समग्र कथाहरूमा हाम्रा भोगाई, अप्राप्ति, पीडा, असफलता, आलस्यता, कुण्ठा, सङ्घर्ष, निराशा, उत्साह, उमङ्ग र सकारात्मकता तथा नकारात्मकताका विविध पक्षहरू छन् । कथाले फरक फरक सन्देश दिएका छन् । जीवन खोतलेका छन्, विश्वास उमारेका छन्, विचार रोपेका छन्, चिन्तन फलाएका छन् र उत्साहको डोरी बाटेर विश्वासमा हिँड्न सिकाएका छन् ।

उनी आशावादी स्रष्टा हुन् । उनीभित्र प्रचुरमात्रामा जीवनलाई सकारात्मक सोचले अगाडि बढाउनु पर्ने दृष्टि देखिन्छ । नकारात्मकताले बढी प्रश्रय पाएका कारण जीवन चलायमान हुन नसकेको उनको ठोकुवा छ । हामी जे चाहन्छौँ त्यही बन्न सक्छौँ तर यसका लागि कर्म गर्नुपर्छ, विना कर्म केही हुँदैन उनी स्पष्ट दृष्टिकोण राख्छन् ।

उनको विचारमा जीवन न पहिल्यै बनिबनाउ वा सोचे जस्तो हुन्छ न त कल्पनाको आधारमा नै चल्छ । यस्तो कहिँ हुँदैन । बनाउनु पर्छ,

बनाउन परिश्रम र विचार रोप्नु पर्छ अनि सङ्घर्षलाई सधैँ निरन्तरता दिईरहनु पर्छ । सङ्घर्ष विना केही हुँदैन अर्थात् सफलता फेला पार्न सकिँदैन, यो ध्रुव सत्य हो । यही सत्य आत्मसात गरेर अघि बढे सुख र खुसी प्राप्त गर्न सकिन्छ ।

अप्ठेरा र असजिला जीवनका बाटा हुन्, यही बाटाहरूबाट हिँडे सफलता भेट्न सकिन्छ यसर्थ यी बाटाहरूबाट हिँड्न अस्वीकार नगरौँ प्रस्तुत सङ्ग्रहका कथाहरू यही सन्देश बोक्छन् । हो पनि डराउने वा बस्नेले कहिल्यै सफलता भेट्न सक्दैन । अझ यसो पनि भन्न सकिन्छ देख्न समेत् सक्दैन । यसर्थ अहिलेसम्म जजसले सफलता पाएका छन् वा देखेका ती सबैले सङ्घर्ष पछि त्यो कुरा भेटेका हुन् ।

सकारात्मकताभित्र सबै कुरा छ भन्ने दष्टिकोण राखेकाले कथाहरूले सकारात्मक सन्देश दिन्छन् भन्न निर्धक्क बनेर सकिन्छ । यसर्थ उनी सधैँ आशाका कुरा लेख्छन् । विश्वासका कुरा लेख्छन् । जीवनका उकाली ओरालीका कुरा लेख्छन् । मान्छेका होची अर्घेलीका कुरा लेख्छन् । जाँगरअनुसारको जीवन र सोचअनुसारको यथार्थ हुन्छ भन्ने सत्यको पक्षमा वकालत गर्न पनि कहिल्यै चुक्दैनन् ।

उनको अभिमत छ मान्छेहरू भन्छन् एकथोक र गर्छन् अर्कोथोक, त्यसैले ती दुखी बनेका हुन् । यदि भनाई र गराईमा एकरूपता भए कहिल्यै दुखी हुनु पर्दैन । यो सोचलाई अन्यथाको आँखाले हेरिरहनु पर्दैन । तर यसो हुन सकिरहेको छैन यसर्थ उनीहरू दुखको आहालमा पोडिरहन वाध्य बनेका हुन् उनको तर्क छ ।

उनका कथाका केही सन्दर्भहरूलाई यहाँ देखाउने प्रयत्न गरेको छु : 'पसलले एउटा सिङ्गो कल्पना फलाउँथ्यो । विश्वासको वृक्ष उमार्थ्यो । अनि विवेक चुम्ने प्रयत्न गराउँथ्यो । ऊ त्यसैको पछिपछि हिँडिरहेकी थिई । भेट्टाउन नसके पनि हिँड्न छाडेकी थिइन ।' (बस्ती : पृ,१३) ।

'प्रजातन्त्रको नाममा बेथिति फैलियो । पैसा उब्जाउने परनक्रमले काम पायो । अलिकति संवेदनशील मान्छे त दुख्छ दुख्छ । दुई मत छैन । तर तिनीहरूले दुखको साउँ ब्याज र स्याज पनि लिईसके । नाराको भरमा भाटा लिएर कुद्नेहरू पनि दोषी छैनन् । ड अझै बोल्ने मुडमा थियो ।' (सम्मोहन : पृ, २८) ।

'कथा यस्तो थियो– देशमा किसानको सङ्ख्या ठुला थियो । ती खेती सुरू भएपछि मल बिउको खोजी गर्थे । तिनीहरूले खोजी गरेपछि कुरा सरकारको कानसम्म बल्ल पुग्थ्यो । वर्षभरि सेलाएको उसको कान बेस्सरी तात्थ्यो । त्यसपछि हतारहतारमा आयात कताृको खोजी हुन्थ्यो ।' (आश्वस्त : पृ, ४४) ।

'आनन्द शङ्करको आँखा हात हातका झण्डातिर पर्छन्–अधिकार कर्मी, नारिक कर्मी, समाज सेवी, बुद्धिजीवि, देशभक्त, तरदेशको झण्डा बोक्नेहरू कथतै देख्दैन । कवाडिवाला र अगाडिको बाटो मनले सम्झिरहन्छ ।' (ताप :पृ,८७) ।

'म लोग्ने नै नभएको जिकिर गरी । सबै स्तब्ध भए । प्याक–प्याक्ति बने मुख । कसो गरौँ र कता जाउजस्तो लाग्यो । टाउको उठाएँ । मुखामुखमा रहेछन् सबै । ऊ बोली रहेकी थिई । रोक्ने क्षमता थिएन । विचार न सुनिसक्नु न त बुझिसक्नुका थिए । शौचालय पुगेर फर्कें ।' (घर : पृ, १०२) ।

सीमा क्षेत्रमा बस्छौँ । अनेकौँ अप्ठेरा असजिला छन् । पारिकाहरू निहुँ बनाएर दुख दिने बहाना खोज्छन् । बल्लबल्ल बच्यो । आउजाउमा दुख हुन्छ हेपाई सहनुपर्छ । फेरि यताकाहरू अनावश्यक शङ्का गर्छन् । कसोगर्नु बाबु ? अघिसम्मको हँसिलो अनुहार एकाएक अँध्यारो बन्यो ।' (चाचाजी : पृ, १६६) ।

अन्त्यमा , कैयौँको जीवनको यथार्थ बोकेको कथाले विचार, विमर्श, आस्था, अठोट, भोगाई, सफलता, सार्थकतालाई झल्काएको छ । साहित्यकार रिजालको यस पुस्तक पठनीय छ ।

– *स्वाभिमानबस्ती, बारा*


# नेपाली समाजको यथार्थ काव्यिक ऐना 'साँझको जुन' मा टहलिँदा



● प्रदीप सापकोटा

जापानीज साहित्यको लोकप्रिय र सर्वप्रचलित विधा हाइकु छैटौं शताब्दीदेखि नै प्रचलनमा आएको मानिन्छ । नेपालमा भने शङ्कर लामिछानेले थालनी गरेको मानिएको यो विधाले बिस्तारै नेपाली साहित्यमा स्थान बनाउँदै छ ।

थोरै शब्दमा वढी भाव प्रकट हुने विधा हो हाइकु । छन्दका छोटा कविता पनि भन्न सकिन्छ यसलाई । हाइकुमा संरचनात्मक सुगठन हुन्छ । यो लघुतम साहित्यिक विधा हो । कुनै पनि विषयको व्याख्या नगरी नै सरल र सङ्क्षेपमा कलात्मक ढङ्गले विषयवस्तु पस्कन सक्नु नै हाइकुको विशेषता हो । यसैगरी हाइकु सानो भईकन पनि बलशाली हुन्छ । पहिलो हरफमा पाँच अक्षर, दोस्रोमा सात अक्षर र अन्तिम हरफमा पाँच अक्षर गरी सत्र अक्षरमा हाइकु लेखिन्छ । हाइकुको यात्रामा वसन्तराज अज्ञातले हालै 'साँझको जून' (हाइकुसङ्ग्रह) ल्याएका छन् । विनम्र भावका वसन्त सृजनामा रमाउँछन् । हार्दिकता भाव प्रस्तुत गर्छन् । कम्प्यूटरमा सधैँ शब्दहरूसँग खेल्छन् । यसअघि विभिन्न गीतसङ्ग्रहसमेत प्रकाशित गरेका उनी दर्जन हाराहारी साहित्यिक पत्रिकाका सम्पादक भइ काम गरिसकेका छन् ।




'साँझको जून' भित्र विषयगत विविधताका हाइकुहरू समावेश भएका छन् । उनी माटो बोल्छन्, माटोकै सुगन्धमा खेल्छन् । प्रकृतिमा विचरण गर्छन् र रमाउँछन् । परम्परा र संस्कृतिको तारतम्यतामा प्रकृतिलाई अगाडि सार्छन् :

दसैँ तिहार  
अपूर्व भेटघाट  
ऋतु शरद्को !

उनी आफ्ना हाइकुमार्फत सुन्दर संसारको सपना देख्छन् । आदर्श समाजको निर्माणमा योगदान गर्छन् । देशप्रेमको भावनालाई तीव्र रूपमा पोख्छन् । देशको चिन्तालाई केन्द्रमा बोकेर यात्रा गर्छन् । जलस्रोतको धनी देश भएकोमा गर्व गर्छन् । प्रकृतिका पूजक उनी प्राकृतिक सौन्दर्यमा डुब्छन् । प्रकृतिमा पाइने खोला, उकाली ओराली, गुराँस, हिमाल, पहाड, तराईसँग बयली खेल्छन् । विभिन्न ऋतुहरूसँग रमाउँछन् । झरी, बादल र वर्षासँग नाता जोड्छन् । लहलह धानको बाला झुलेको देखेर उनी मुस्कुराउँछन् र भन्छन्

सुन फुलेछ । जीवनको आशावादिता उनको मनमुटुमै बसेको छ ।

ऋतु फेरियो

मौसम बदलियो
बाँकी छ आशा !
लाली गुराँस
फुल्दछ पाखाभरि
बस्छ आँखामा !

उनीमा राजनीतिको चेतना मुखरित भएर बसेको छ । शब्द शब्दमा स्वाभिमान बाँचेको छ । किमार्थ मन पर्दैन उनलाई स्वाभिमान दुखेको त्यसैले त विद्रोहको आगो ओकल्छन् । जनतामाथि झुटको खेती गर्ने, ढाँटका बहानबाजी गर्नेहरूमाथि पनि उनी खबरदारी गर्छन् । वर्तमान नेपाली राजनीतिको घिनौँदो हर्कतको विरूद्धमा उभिन्छन् वसन्तराज । देश र जनता ढँटुवाहरूलाई प्रहार गर्छन् शब्दरूपी बाणद्धारा । सामाजिक रूपमा रहेका विकृतिविरूद्ध चट्टान बनेर उभिन्छन् । इमानको पक्षमा सधैँ सतिशाल बनेर खडा हुन्छन् । तमासे बन्नेहरूको खिलाफमा बोल्छन् । छिमेकीहरूको मातृभूमिप्रतिको गिद्धेनजर उनलाई सह्य छैन । लुटको साम्राज्यको बर्खिलाप छन् । सत्तारोहण गर्दा जनतासँग गरेका वाचाहरू पूरा नगरेर गैरजिम्मेवार बन्नेहरूप्रति लक्षित छन् हाइकु । मन दुखेको छ । गर्नुपर्नेले निष्ठा र कर्तब्यबोध नगरेको कारण आम जनताले खेप्नु परेको दुःखसँग अभ्यस्त छन् । यसैले स्तब्ध बनेर मनको पीडा पोख्छन् ।

जनता चुस्छ
खरीजुका जसरी
शासक मन !
प्रजातन्त्र भो
माछो माछो भ्यागुतो
जनता हिस्स !
लिम्पियाधुरा
आँखा गाड्छ छिमेकी
नेपाली सीमा !
हरेक दिन
मिचिँदै छ सीमा
निद्रामा नेता !

वसन्तराजले आफ्ना हाइकुमार्फत मनका कुरा पोखेका छन् । जीवनका रङ् गहरूलाई आत्मसात् गर्न सक्षम कल्पनाका फूलबुट्टा र भावनाका उद्वेगभन्दा पनि पर यथार्थका त्रिवेणीले भरिएका छन् । बौद्धिकताको लेपन लगाइएका, कलात्मक र खँदिलो शब्दहरूको चयन गरिएका उनका हाइकुहरू गहकिला लाग्दछन् । आवश्यकतानुसारका बिम्बहरूको समुचित प्रयोगले हाइकुहरू सुन्दर बनेका छन् ।

वसन्तराज अध्ययनशील र चिन्तनशील व्यक्ति हुन् । समाजको समग्रताको अध्ययन गरी लेखिएका हाइकुमा यथार्थता प्रतिबिम्बित भएको पाइन्छ । हिसाबले बौद्धिक हाइकु छन् । क्लिष्ट शब्द बिल्कुलै छैनन् । सरल, सहज भाषाशैली आम पाठकले बुझ्न सक्छन् । समयका घाउहरूलाई उजागर गरेका छन् आफ्ना हाइकुमार्फत । कतै खुसी खोज्ने आग्रह छ त कतै जीवनप्रतिको आशावादिता । कतै मानवीय सम्बन्ध, प्रेम वात्सल्य त कतै आफ्नोपन पढ्न सकिन्छ । प्रकृतिप्रेमी हुन उनी धेरैजसो हाइकु यतैतिर छन् । कुनै कुनैले वर्तमान परिवेशको साँगोपाँगो चित्रण गरेको छ भने वर्तमान युगीन अव्यवस्था पनि औँल्याएको छ ।

उज्यालो छर्दै
उदायो रातो घाम
पलायो आशा !

वसन्तराजको 'साँझको जून' मा प्रयुक्त बिम्बात्मक रूप हेर्दा बडो कौशलपूर्ण र ग्राह्य देखिएका छन् । पाकेका काफलका गेडाजस्ता मीठा, रसिला र बान्की परेका हाइकुहरू शब्दहरूको सुन्दर संयोजनमा जोडिएका छन् । सुख-दुःख, प्रेम आदिको प्रतिच्छाया बनेका हाइकुहरू पनि प्रशस्तै छन् । अनुभव र अनुभूतिको समिश्रणयुक्त उच्छ्वास हाइकुहरूमा प्रकट भएका छन् । जीवनका आरोह-अवरोह र सुख-दुःखका कहानीहरू, विचारका सम्प्रेश्रणहरू के पो छैनन् र हाइकुमा ?

अमिल्दा व्यवहारहरूलाई सचेततापूर्वक औँल्याएका छन् । राष्ट्रघातको विपक्षमा विष ओकलेका छन् । प्रकृतिको सुन्दरतामा लठ्ठ परेका छन् । जीवनको महत्त्वलाई बुझेका छन् । राजनीतिको विकृतिलाई चित्रण गरेका छन् । माया, प्रेम, मानवीय संवेग, उत्तेजना, प्राकृतिक

# पृय हिमाल हाइकु कृतिभित्र हेमसागर पोखरेलको चिन्तनधारा



● बाबुराम पोखरेल

एशियाली साहित्यमा निकै प्रभावशाली रूपमा आफ्नो स्थान ओगट्न पुगेको हाइकुले वि.सं. २०१९ सालमा शंकर लामिछानेको कलमबाट नेपाली साहित्यमा प्रवेश पाएको देखिन्छ । ऋतु वा मौसमबोधक बिम्बलाई अनिवार्य तत्व मानिने हाइकुले प्राकृतिक बिम्बका माध्यमबाट जीवन र जगतलाई प्रकृतिसँग जोड्ने काम गर्दछ । यसरी हेर्दा प्रकृतिसँग जीवनको तादात्म्यको उल्लेख हो हाइकु । त्यसैकारण प्राकृतिक बिम्बले मानवजीवन र विश्वजगतलाई प्रत्याभूत गराउँछ । हाइकु रम्छ प्रकृतिमा, मिठास दिन्छ जीवन जगतको प्राकृतिक सामाञ्जस्यतामा । झिल्काले आलोकित गर्छ बौद्धिक मस्तिष्कमा । 'पृय हिमाल' एउटा सुन्दर प्राकृतिक बगैचा हो, जहाँ आनन्ददायी हाइकुफूलहरू ढकमक्क छन् । यही बगैँचामा कुनै बटुवा सुस्ताओस् र जीवनबोध गरोस् ।




'प्रियहिमाल'हेमसागर पोखरेलद्वारा रचित सुन्दर हाइकु सङ्ग्रह हो । यस कृतिमाजम्मा ३४१ वटा हाइकुहरू समावेश छन् । लेखकको कलम कविता, गीत, हाइकु, कथा, निबन्ध आदि विविध साहित्यिक विधाहरूमा चले पनि यो लेखकको वि.सं. २०६८ सालमा प्रकाशित पहिलो कृतिहो । खोटाङ खार्पामा वि.सं. २०२८ मा जन्मेर हाल विराटनगरलाई आफ्नो कर्मथलो बनाइरहेका साहित्यकार पोखरेल निजामति सेवामा कार्यरत रहेर पनि आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाइरहेका छन् ।

अब केही क्षण पृय हिमालभित्रका हाइकुहरूमा विचरण गरौँ । आजको विश्व विध्वंशउन्मुख भएकोमा सबैलाई चिन्ता छ । विज्ञानले ज्ञानलाई डढाउन थालेकोमा असन्तोष छ, रोस छ । ठिक यसै गरी एउटा हाइकु बोल्छ –

हुरीको गति
क्षेप्यास्त्रको विकास
फूल खरानी!

यहाँ हुरी र फूल प्राकृतिक बिम्बहरू हुन् भने क्षेप्यास्त्र कृत्रिम बिम्बहो । सुन्दर फूललाई खरानी पार्ने नासवान चेतको उपज क्षेप्यास्त्र विध्वंशकारी समाजको प्रतिबिम्ब हो । यहाँ सुन्दर जीवनलाई क्षणभरमा नष्ट गर्ने दुर्नियत छ, सुन्दर जवानीको विनासको लक्षण अंकुराएको छ । फूलजवानीको सङ्केत हो । यसलाई नष्ट गर्ने गति आजको हाम्रो समाजमा निकै द्रुत छ । त्यसैले

यहाँ वर्तमान जगत बोलेको छ ।

ग्रामीण बिम्बहरूको अधिकाधिक प्रयोगले पृय हिमाल निकै मनमोहक बनेको छ । यसले सहरी पाठकलाई कुतूहल सिर्जना गर्छ र थोरै भएपनि गाउँतर्फ फर्कन कुत्कुत्याउँछ । उकुच पल्टियो (नं. ३७), घुर्मैलो (नं. ३५), औडाहा (नं. २७), कोक्यायो (नं. २६), लेग्रा (नं. ४३),बहिरङ्ग चिठी (नं. ४६), कुञ्जो (नं. ५०), खील (नं. ५१), फेटा (नं. ५२), उग्लियो बाँस (नं. ६४), कोप्चेरो (नं. ६७), धादस (नं. ७४), फिपी (नं. ९०), अर्थुङ्गे (नं. १२४), खोइला (नं. २०६)सुर्किऐ (नं. १३८) यीशब्दहरू केहीउदाहरण मात्रहुन् । हाम्रो पूर्व समाजकापहिचानबोधकशब्द र शब्दावली समावेश हुनुले पृय हिमाल प्रसस्त मिठासपूर्ण बनेको छ ।

मौरी र अँरिगाल बीचको शत्रुता प्रकृतिमा निकै पुरानो हो । अँरिगाल माहुरीसँग आक्रामक बन्छ । विषालु आक्रमणबाट निकै त्रसित बन्ने परम्परा बोकेको छ परिश्रमी माहुरीले । विना परिश्रमको विषालु आक्रमण माहुरीको लागि सैह्य कदापि हुदैन ।

फक्रिँदो फूल
अँरिगालको दचक
बैँगियो मन ! (नं. १९२)

एकातर्फ यस हाइकुमा मौरीको परिश्रमलाई विषालु सुँड बोकेको अँरिगालले स्वाहा पार्ने र मोज गर्ने सामन्ती प्रवृत्तिलाई मेहनतकश मान्छेको लागि मर्माहत बन्नुपर्ने बाध्यताको उजागर भएको छ । यसै हाइकुले बोकेको अर्थ श्लेषअनुसार क्रुर अँरिगाल प्रेममा प्यास बोकेको निर्दयीको प्रतीक पनि हो भने फक्रिँदो फूलजव यौवनाजवानी हो । जो आत्मिक प्रेमविनाको क्रुर पञ्जाको दचक पाएपछि वेग हानेर भाग्नबाध्य छ । यो यौनिक तृष्णा परिपूर्ति गर्ने इच्छाको विरूद्धमा वेग हानेर सुरक्षित अवतरण गर्ने महिला क्रान्तिको सङ्केत पनि हो ।

धमिलो खोला
माझीको हानाथाप
रित्तो पेरूङ्गो ! (नं. २०१)

हाम्रा अभिभावकहरू यति सशङ्कित छन् आफ्ना बालबालिकाहरूको सुरक्षा कसरी गर्न सकिएला ? साना चिचिला चेलीहरूको कलिलो जवानी/मुनामाथि जङ्गली ढेडुले शैशैलाकतिबेला खेल्ने हुन् । यसरी मुनाहरू नलुछिउन्, पाउला नभाँचिउन्, रूखहरू ढुक्कसँग ठिङ्ग उभिएर रमाउन सकून्, शीतलता प्रदान गर्न सकून् कसले नभन्ला र ? सबैले भन्छन् । यो आदर्श चाहनाहो । हामीले सन्त्रासमा जिउन नपरोस् । नेपाली समाजले भोगेका कुनै पनि बलात्कारका घटनाहरू नदोहोरिउन् । प्रत्येक अभिभावकले आफ्ना बालबालिकाहरूको हरतरहले सुरक्षित भएको महशुस गर्न सकून् । हायकुकारको यो इच्छा पूर्ण होस् । एउटा सुरक्षित समाजमा हामी आनन्दसाथ रमणीय जीवन जिउन सकौँ, यो कामना पूरा होस् ।

साना चिचिला
ढेडुको शैशैलाले
निरस रूख ! (नं. २७४)

पोटिलो भाव, खँदिलो मर्म र व्याख्येय कथन बोकेर आएका हाइकुहरू अत्यन्त सुन्दर छन् । कविताको लघुत्तम रूपभित्र पर्ने हाइकुको संरचनाग तविधानमा बाँधिएर लेखिएका यी हाइकुहरूभित्र नेपाली समाज, देश, परिस्थिति, जीवनदर्शन, देशप्रेम, सुन्दर प्रेम, माया मोह, यौन, तृष्णा, आदर्श, नीतिचेत, सुधार, वितृष्णा, घृणा, द्वेश, आशक्ति, भ्रष्टाचार, ढाँटछल आदिविविध सकारात्मक तथा नकारात्मक पाटा र पक्षहरू समेटिएको छ । हाम्राचाहना र कामनाहरूको प्रतिनिधित्व गर्न सक्ने सफल कृति हो पृय हिमाल । यो कृति उच्चआकांक्षा र सुन्दर, स्निग्ध, सफेद, विश्वासमा दृढ, अटल हिमालजस्तै पाठकसामु पृय बनेको छ । हाइकुकारका अन्य साहित्यिक विधाका खुराक पनि पाठकले अध्ययन र मनन पर्ने अवसर पाऊन् सर्जकमा हार्दिक शुभकामना ।

*– बिराटनगर, मोरङ*

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## नापी विभाग

मिनभवन, काठमाडौँ

# सर्वसाधारणको जानकारीको लागि गरिएको सार्वजनिक सूचना

१. नेपालको नक्सा प्रकाशन गर्न नापी विभागबाट तयार गरिएको आधिकारिक नक्सा मात्र प्रयोग गर्नुपर्दछ । यो नक्सा नापी विभागको वेभसाइट www.dog.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

२. नेपालको प्रशासनिक सिमाना (वडा सम्म) को डाटा निःशुल्क रूपमा उपलब्ध छ । यो डाटा यस विभागको भौगोलिक सूचना पूर्वाधार महाशाखाको वेभसाइट www.ngiid.gov.np बाट Download समेत गर्न सकिन्छ ।

३. नापी विभागमा विभिन्न प्रकारका नक्सा तथा भौगोलिक सूचनाहरू उपलब्ध छन् । आफ्नो आवश्यकता अनुसार नक्सा तथा भौगोलिक सूचनाको लागि नापी विभागमा सम्पर्क राख्न सक्नुहुनेछ । फोनबाट जानकरी लिन चाहनु भएमा नापी विभागको फोन नं. ०१-४६२२७१३, ०१-४६२२३३८, ०१-४६२००९२ मा सम्पर्क गरेर नक्सा डाटाको बारेमा जानकरी लिन सक्नुहुनेछ ।

४. घर जग्गा खरिद गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्दछ ।
   - जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर सो कित्ता जग्गा निजको हक भोगमा छ छैन प्रष्ट हुनुपर्ने ।
   - उक्त कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठीक भए नभएको एकिन गर्ने ।
   - कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए नभएको बारेमा आफू प्रष्ट हुने ।
   - जग्गा र नक्सामा प्रष्टहरूमा बाटो छ छैन राम्ररी बुझ्ने ।
   - जग्गामा रहेको हकभोगको आकार प्रकार मिल्छ मिल्दैन एकिन गर्ने ।
   - जग्गा रैकर वा गुठी के हो प्रष्ट हुने ।
   - उक्त जग्गामा मोही भए नभएको फिल्डमा हेरी प्रष्ट हुने ।
   - लालपूर्जा जमीन र नक्साको क्षेत्रफल मिल्छ मिल्दैन एकिन गर्ने ।
   - उक्त कित्ताको चारैतर्फको सीमानामा विवाद भए नभएको जमिनमा नै गई साँध सँधियारहरूबाट बुझ्ने ।
   - नक्सा बमोजिम जमनिमा चारैतर्फ सिमाना एकिन गर्न रेखाङ्कन गराउने ।

५. नापी विभागसँग सम्बन्धित अन्य थप जानकारी आवश्यक भएमा यस विभागका सूचना अधिकारीको टेलिफोन नम्बर ०१-४६२०७३३ मा फोन गरी जानकारी लिन सक्नुहुनेछ ।

# जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# काठमाडौँ महानगरपालिकाको सूचना तथा जानकारीमूलक सन्देश

१. यस नगरपालिकामा बस्ने नगरवासीहरूले जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू ३५ दिनभित्र नै सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराउनु हुनको लागि सूचित गरिन्छ ।

२. नगरपालिकाद्वारा लागू गरिएको एकीकृत सम्पत्ति कर, करले होइन रहरले तिरौँ, नगर विकासमा आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।

३. यस नगरपालिकाबाट निर्धारण गरिएका मापदण्डहरू कार्यान्वयनमा सबैले सहयोग गरौँ :

- फोहोरमैला आफ्नै जग्गामा मात्र फाल्ने व्यवस्था गर्नु पर्नेछ ।
- अनिवार्य रूपमा शौचालय निर्माण गर्नुपर्नेछ र निकास नभएको ठाउँमा सेफ्टी ट्याङ्की निर्माण गर्नु पर्नेछ ।
- निर्माण कार्य गर्दा सार्वजनिक जग्गा, प्रति जग्गा, पानी घाट, कुलो बाटो आदिको साँध सीमाना मिची कसैलाई हानी नोक्सानी पुऱ्याउन पाइने छैन ।
- कसैको व्यक्तिगत जग्गा अतिक्रमण गरी हानी नोक्सानी पुऱ्याउन पाइने छैन ।
- मापदण्डभन्दा बाहिर गएर घर, पर्खाल, टहरा, भऱ्याङ्, सेफ्टी ट्याङ्की, इनार आदि कुनै पनि प्रकारका निर्माण कार्यहरू गर्न पाइने छैन ।

**यदि यसरी कसैले निर्माण गरिसकेका छन् भने त्यस्ता निर्माणहरुलाई क्रमशः हटाइँदै जाने व्यहोरा जानकारी गराइन्छ ।**

**काठमाडौँ महानगरपालिका**

**बागदरबार, काठमाडौँ**

बा.जि.प्र.का.द.नं. ५/२०५२

## "साना किसानको समृद्धि, कृषिको रुपान्तरण र उद्यमशिलताको विकास"

लघुवित्तको कार्यक्रममार्फत ग्रामीण समुदायमा उद्यमशिलताको विकास गर्दै समुदायका हरेक सदस्यलाई आर्थिक समृद्धिको बाटोमा अगाडि बढाउन साना किसान लघुवित्त वित्तीय संस्थालि. ले अग्रणी भूमिका खेलिरहेको छ । ७९ प्रतिशत महिला सदस्यहरूको सहभागिता रहेका साझेदार संस्थाहरू मार्फत यस संस्थाको अगुवाईमा स्वरोजगार एवं रोजगारीका अवसर अभिवृद्धि गर्ने कार्य भईरहेको छ । देशको समग्र गरिबी निवारण गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्य लिएको यस वित्तीय संस्थाले देशभरी एघार (११) वटा इलाका कार्यालय र केन्द्रीय कार्यालय मार्फत सेवा प्रवाह गरिरहेको छ ।

७६ जिल्लाका १ हजार ३ सय १५ वटा साना किसान कृषि सहकारी संस्थालि. र समान प्रकृतिका अन्य सहकारी संस्थाहरू मार्फत थोक कर्जाका साथै क्षमता विकास, प्रविधिको हस्तान्तरण, युवा उद्यमशिलताका लागि पैरवीलगायका सेवाहरूसमेत उपलब्ध गराउँदै आएको छ । यस लघुवित्तले नेपाल सरकार, अन्तर्राष्ट्रिय दातृ संघ/संस्थाहरूको सहकार्यमा समुदायमा आधारित सहकारी संस्थाहरू मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम संचालनमा समेत सहयोग पुऱ्याउँदै आएको छ ।

यस वित्तीयसंस्थाको वेभसाईट www.skbbl.com.np बाट थपजानकारी लिन सकिने छ ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं ।
फोनं. ०१-५३२०९१३/५९०९६१२/४१११८९५

**प्रशोधित दूध तथा दुग्ध पदार्थ सेवन गरौं, स्वस्थ रहौं**

**दूध तथा दुग्ध पदार्थ ढुवानी गर्ने सवारी साधनमा प्रतिक चिन्ह (लोगो) प्रयोग गरौ**

# राष्ट्रिय दुग्ध विकास बोर्ड
हरिहरभवन, ललितपुर
फो.नं. ०१- ५५२५४००

**२०७९ सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

# रसुवागढी हाइड्रोपावर कं.लि.
महाराजगञ्ज, काठमाडौं ।